

# विद्यालयलाई प्रभावकारी बनाउने उपाय

(विद्यालय सरोकारवालाका लागि हाते पुस्तिका)

vodafone

REACH OUT TO ASIA

actionaid

# विद्यालयलाई प्रभावकारी बनाउने उपाय

(विद्यालय सरोकारवालाका लागि हाते पुस्तिका)

प्रकाशक : **एक्सनएड अन्तर्राष्ट्रिय नेपाल, गुणस्तरीय शिक्षा परियोजना (ROTA Project)**
पोष्ट बक्स नं. ६२५७, काठमाडौं, नेपाल
फोन नं. ०१-४००२१७७
फ्याक्स् : ०१-४००२११८
इमेल : mail.nepal@actionaid.org

लेखन तथा सम्पादन : सरोज पोखरेल
लेखन सहयोगी : प्रेम चौधरी, विनोद तिमिल्सेना, रोशन ढकाल
भाषा सम्पादन : धातृ सुवेदी
तस्बिर : विनोद तिमिल्सेना
प्रकाशित प्रति : १००० प्रति
मिति : पौष २०७०

डिजाइन : कलर्स प्रिन्ट एण्ड प्रोडक्सन प्रा. लि., ०१-४२१९५३७
मुद्रण : सेवा प्रेस, टेकु, ०१-४२४३७५४

ISBN No. ९७८-९९३७-८४२९-७-६

**सर्वाधिकार : एक्सनएड अन्तर्राष्ट्रिय नेपाल**
यस पुस्तकमा समावेश भएका सामग्रीहरूको स्वामित्व र अधिकार एक्सनएड अन्तर्राष्ट्रिय नेपालमा सुरक्षित रहने छ तर सबैले गैरनाफामूलक तथा सकारात्मक सामाजिक रूपान्तरणसम्बन्धी काममा यसको प्रयोग गर्न सक्नेछन्। जोसुकै व्यक्ति वा संस्थाले माथि उल्लेख भएबमोजिम यसको प्रयोग वा सन्दर्भ उल्लेख गर्दा एक्सनएड अन्तर्राष्ट्रिय नेपालको नाम उल्लेख गरी त्यस्ता कागजात वा जानकारीको एकप्रति एक्सनएड अन्तर्राष्ट्रिय नेपाललाई उपलब्ध गराइ दिनहुन सम्बन्धित सबैलाई अनुरोध गरिन्छ।

# पुस्तिका बारे केही शब्द

एक्सनएड गरिबीको अन्त्य सम्भव छ भन्ने कुरामा विश्वास गर्दछ। गरिबी र सामाजिक अन्यायको अन्त्य तथा लोकतान्त्रिक सामाजिक रूपान्तरणको लागि आम नागरिक शिक्षा महत्वपूर्ण आधार हो। सन् १९८२ मा नेपालमा काम गर्न थालेदेखि नै एक्सनएडका कार्यक्रमहरूको एउटा मुख्य कार्यक्षेत्र शिक्षा रहँदै आएको छ। यो मुलुकको प्रौढ साक्षरता कार्यक्रम, प्राथमिक शिक्षाको विस्तार, बालमैत्री सिकाइको प्रवर्द्धन, विद्यालय व्यवस्थापनको सवलीकरण, हरित विद्यालयको नमूना, युवाका लागि रोजगारमुखी शिक्षा लगायत परिवेश सान्दर्भीक पाठ्यक्रम विकासको काममा समेत एक्सनएड संलग्न हुँदै आएको छ। एक्सनएड कुनैपनि तह वा प्रकारको शिक्षा परिवेश सान्दर्भिक तथा शिक्षार्थीको जीवन उपयोगी हुनुपर्ने मान्यता राख्दछ।

मानव सभ्यताको विकासक्रम आजको तहसम्म आइपुग्न शिक्षा र सिकाइप्रक्रियाको निर्विकल्प भूमिका छ। राष्ट्रिय विकासको आवश्यकतालाई पूरा गर्न, असल समाज र संस्कृति निर्माण गर्न, समाजमा लोकतान्त्रिक मूल्य र मान्यता कायम गर्न पनि शिक्षा महत्त्वपूर्ण हुन्छ। समाजमा जस्तो शिक्षा उस्तै योग्यता, क्षमता र संस्कारयुक्त नागरिक तयार हुनेगर्छन्। तसर्थ, मुलुकको सार्वजनिक शिक्षालाई प्रभावकारी बनाउन सकेमात्र समाज र राष्ट्रको प्रगति सम्भव छ।

हाल देशभरिका गाउँ विकास समिति र वडाहरूसम्म विद्यालय सञ्चालन भएका छन्। यी विद्यालयका कारण विद्यालय शिक्षामा सबै बालबालिकाको पहुँच स्थापना गर्ने अभियानमा ठूलो सफलता प्राप्त भएको छ। यति हुँदाहुँदै पनि विद्यालय उमेरका करिब पाँच प्रतिशत बालबालिका अझै विद्यालयभन्दा बाहिरै छन्। उनीहरूलाई विद्यालयमा भित्र्याउने र टिकाउने चुनौती कायमै छ। अर्कोतर्फ सार्वजनिक विद्यालयको प्रभावकारिता बढाउनु पनि त्यतिकै आवश्यक छ। सार्वजनिक विद्यालयमा गरिने शिक्षण सिकाइलाई स्तरीय बनाउन सकिएन भने राष्ट्रले अपेक्षा गरेको जनशक्ति उत्पादन गर्ने काम अझ बढी कठिन हुनेछ। यस सन्दर्भमा सार्वजनिक विद्यालयको सुदृढीकरण वर्तमान नेपाली शिक्षा क्षेत्रको एउटा प्रमुख मुद्दा हो।

विद्यालयहरूमा सहभागितामूलक योजना निर्माण गर्ने, शिक्षण सिकाइका अवधारणाहरूमा क्रमशः सुधारगरी बालमैत्री बनाउने, विद्यालयमा जवाफदेहिता र सुशासन प्रवर्द्धन गर्ने जस्ता अभ्यासबाट आजको अवस्थामा धेरै हदसम्म सुधार ल्याउन सकिन्छ। विविधतापूर्ण नेपाली समाजमा स्थानीय परिवेश सन्दर्भकै शिक्षण सिकाइ सामग्री बनाएर कुन काम कहिले, कसरी र कसले गर्ने भन्ने जस्ता कुराको जानकारी दिन सके शिक्षामा सुधार गर्ने अभियान प्रभावकारी हुनेछ। तिनै आवश्यकता पूरा गर्ने सिलसिलाको एउटा प्रयासकोरूपमा यो पुस्तिका तयार गरिएको हो। यस पुस्तिकामा कैलाली जिल्लाका ७५ वटा विद्यालयमा विक्रम संवत २०६८ सालदेखि एक्सनएड र साझेदार संस्था फाया नेपालको पहलमा सञ्चालन गरिएको गुणस्तरीय शिक्षा परियोजनाबाट प्राप्त अनुभवका आधारमा विद्यालयको प्रभावकारिता बढाउन सहयोग पुग्ने सामग्री समेटिएका छन्। मुख्यतः छ वटा विषयवस्तु समावेश गरेर यो पुस्तिका तयार गरिएको छ। यो पुस्तिका शिक्षक, अभिभावक, विद्यार्थी, विद्यालय व्यवस्थापन समिति लगायत सबै सरोकारवालाका लागि उपयोगी हुने कुरामा म पूर्ण विश्वस्त छु।
धन्यवाद।

**विमल कुमार फुयाँल**
राष्ट्रिय निर्देशक, एक्सनएड अन्तर्राष्ट्रिय नेपाल
पौष २०७०


# पुस्तकमा छोटकरी रूपमा प्रयोग भएका शब्दावली

| | | |
|---|---|---|
| **गैसस** | : | गैरसरकारी संस्था |
| **प्रअ** | : | प्रधानाध्यापक |
| **विसुयो** | : | विद्यालय सुधार योजना |
| **विव्यस** | : | विद्यालय व्यवस्थापन समिति |
| **शिअसं** | : | शिक्षक अभिभावक संघ |
| **सिसिएल** | : | (Child Centered Learning) बाल केन्द्रित सिकाइ |

# विषय सूची





**पृष्ठ १**
विद्यालय सुधार योजना



**पृष्ठ १३**
बाल केन्द्रित शिक्षण सिकाइ




**पृष्ठ २७**
विद्यालयमा बाल क्लब



**पृष्ठ ३७**
विद्यालय आचार संहिता



**पृष्ठ ४५**
विद्यालयमा सामाजिक परीक्षण



**पृष्ठ ५७**
सुरक्षित विद्यालय

# विद्यालय सुधार योजना





नेपाल सरकारको शिक्षा विभागले सबै विद्यालयलाई विद्यालय सुधार योजना तयार गरी त्यसै अनुसार काम गर्न निर्देशन गरेको छ। त्यसका लागि विभागले विद्यालय सुधार योजना निर्माण पुस्तिका प्रकाशन समेत गरेको छ। त्यस पुस्तिकामा विभागले विद्यालय सुधार योजनालाई 'आफ्नो विद्यालयलाई राम्रो विद्यालय बनाउने, राम्रो शिक्षण गर्ने र विद्यार्थीलाई गुणस्तरीय सिकाइ उपलब्ध गराउने जस्ता मुख्य पक्ष समेटिएको विद्यालयको संस्थागत योजना' भनेको छ। यो योजना विद्यालय सेवा क्षेत्रका सम्पूर्ण बालबालिका, विषेश गरी शिक्षाको अधिकार प्राप्त गर्नबाट वञ्चित हुनु परेका बालबालिकालाई विद्यालयमा ल्याउन, टिकाउन र स्तरीय सिकाइका साथ उत्तीर्ण गराउन गर्नु पर्ने कामहरू समावेश गरी तयार गरिने योजनाहरूको दस्तावेज हो।

विद्यालय सुधार योजना विद्यालय तथा समुदायको शैक्षिक, आर्थिक, भौतिक तथा सामाजिक पक्षहरूको अवस्था केलाएर आगामी पाँच वर्षमा चाहेको सुधारको अवस्थालाई परिकल्पना गरी तयार गरिन्छ। प्रत्येक वर्ष शिक्षक, विद्यार्थी र अभिभावक जस्ता विद्यालयका सरोकारवालाको संलग्नतामा सहभागितामूलक प्रगति समीक्षा र आवश्यकताका आधारमा योजना अद्यावधिक गरिन्छ। योजनामा उल्लेख गरिएका क्रियाकलापको प्राथमिकताका आधार निर्धारण गरेर योजना कार्यान्वयन र कार्यक्रमहरूको अनुगमन गर्दा मात्र निर्माण गरिएको र अद्यावधिक गरिएको विद्यालय सुधार योजनाको सार्थकता हुन्छ।

## विद्यालय सुधार योजनाको आवश्यकता

विद्यालय सुधार योजना मूलतः शिक्षण सिकाइमा सुधार ल्याउने लक्ष्यका साथ तयार गरिन्छ। यसको तयारी तथा कार्यान्वयन प्रक्रियाले विद्यालयको समग्र विकासमा सकारात्मक प्रभाव पार्छ। त्यस्ता केही सकारात्मक पक्ष यहाँ उल्लेख गरिएका छन् :

## विद्यालयको क्षमता अभिवृद्धि

सहभागितामूलक विधि अपनाएर विद्यालय सुधार योजना बनाइन्छ। यस प्रक्रियामा विद्यालयका प्रधानाध्यापक, शिक्षक, व्यवस्थापन समिति, अभिभावक, विद्यार्थी तथा अन्य सरोकारवालाले सक्रिय सहभागिता जनाउने भएकाले योजना बनाउँदा र कार्यान्वयन गर्दा उनीहरूको क्षमताको विकास हुन्छ। यस प्रक्रियाबाट विद्यालय तथा समुदायमा योजना बनाउने, कार्यान्वयन गर्ने, कार्यक्रम कार्यान्वयनको निरीक्षण तथा अनुगमन गर्ने र प्रतिफलको स्वमूल्याङ्कन गर्ने क्षमताको विकासमा मद्दत पुग्छ।

## पारदर्शिता र जवाफदेही प्रबर्द्धन

विद्यालय सुधार योजना संस्थागत योजना भएकाले यसको निर्माण तथा कार्यान्वयनमा अपनाइने प्रक्रियाले विद्यालयका स्रोत, साधन सङ्कलन र वितरण गर्ने आधारहरू खुला हुन्छन्। हरेक कार्यक्रम तथा स्रोत, साधनका बारेमा सरोकारवालालाई वास्तविक जानकारी प्राप्त हुन्छ। सहभागितामूलक अनुगमन योजनाले सूचना प्रणालीलाई सहज र प्रभावकारी बनाउन मद्दत गर्छ।

सहभागितामूलक वार्षिक समीक्षा र सामाजिक परीक्षणले औँलाएका विषयवस्तु समावेश गरेर विद्यालय सुधार योजना तयार गरिन्छ। रचनात्मक सुझावलाई योजना निर्माण प्रक्रियामा समावेश गर्ने विधि अपनाइने हुँदा विद्यालयमा जवाफदेहिता प्रबर्द्धन हुन्छ। यसबाट विद्यालय तथा समुदायमा विवादहरू व्यवस्थापन गर्न र सामुदायबाट सहयोग प्राप्त गर्न सजिलो हुन्छ।

## स्थानीय स्रोत र साधनको उपयोग

विद्यालय सुधार योजना प्रत्यक्षरूपमा सरोकारवालाहरू संलग्न हुने विद्यालय शिक्षाको सबैभन्दा महत्त्वपूर्ण र प्रारम्भिक योजना हो। यो योजनाले स्थानीय तहमा रहेका स्रोतको पहिचान र परिचालन गर्ने कुरा समेटेको हुन्छ। विद्यालयमा उपलब्ध सबैभन्दा महत्त्वपूर्ण स्रोत भनेकै शिक्षक र विद्यार्थी हुन्। स्थानीय स्रोतको प्रभावकारी परिचालनबाट विद्यालयले आफ्नो लक्ष्य प्राप्त गर्न सक्छ। यसबाहेक समुदायमा उपलब्ध मानवीय, भौतिक तथा आर्थिक स्रोतको पहिचान र परिचालनमा विद्यालय सुधार योजना निर्माण तथा कार्यान्वयन प्रक्रियाले सजिलो बनाउँछ।

## कार्यान्वयनमा प्रभावकारिता र दिगोपन

विद्यालय समुदायको स्वामित्वभाव अर्थात मेरो पनि हो भन्ने भावना नै परिवर्तनको दिगोपनको मुख्य आधार हो। हाम्रो देशमा योजना निर्माणमा भन्दा पनि कार्यान्वयनमा मुख्य समस्या देखिँदै आएको छ। यो भनेको जिम्मेवारी र जवाफदेहिताको अभावको अवस्था हो। योजना बनाउने विद्यालय परिवारले नै कार्यान्वयन गर्ने भएकाले अर्थात आफूले बनाएको योजना आफैँले कार्यान्वयन गर्नमिल्ने भएकाले विद्यालय सुधार योजना कार्यान्वयनमा प्रभावकारिता आउँछ। यसका साथै प्राप्त सकारात्मक परिणाम जगेर्ना गर्न विद्यालय समुदाय सक्रिय हुनेहुँदा परिवर्तनको दिगोपन सम्भव हुन्छ। योजनाबद्ध विकासको प्रक्रिया संस्थागत गर्न र नीति नियमका आधारमा विद्यालय सञ्चालन हुने परिपाटी संस्थागत गर्न मद्दत पुग्छ।

## विद्यालय सुधार योजनाले समेट्नु पर्ने विषय

मुख्यतः तल उल्लेखित नौ वटा विषय समेटेर विद्यालय सुधार योजनामा तयार गरिन्छ। यी बाहेक विद्यालयका स्थानीय अन्य आवश्यकतालाई समेत समावेश गर्न सकिन्छ।

- **प्रभावकारिता तथा शैक्षिक उपलब्धिमा सुधार** : यस अन्तर्गत बाल केन्द्रित शिक्षण सिकाइ, शिक्षकको उत्तरदायित्वमा सुधार तथा शिक्षण सिकाइमा पर्याप्त समयको उपयोग, अतिरिक्त क्रियाकलापमा विद्यार्थीको सहभागिता र उत्तीर्ण तथा टिकाउदरमा सुधार जस्ता कुरा समेटिन्छन्।
- **समावेशीकरण तथा पहुँच** : यस अन्तर्गत विद्यालय सेवा क्षेत्रका विद्यालय जाने उमेरका सम्पूर्ण बालबालिकाको तथ्याङ्क सङ्कलन गर्ने, अपाङ्गता भएका बालबालिकाको तथ्याङ्क र आवश्यकता पहिचान गर्ने, शिक्षामा सबैको समावेशी पहुँच स्थापना गर्ने, विद्यालयमा आयोजना हुने कार्यक्रम, महत्त्वपूर्ण निर्णय प्रक्रिया र अतिरिक्त क्रियाकलापमा सबै सरोकारवालालाई सहभागी गराउने जस्ता कुरा पर्छन्।
- **विद्यालयमा लैङ्गिक पक्ष** : यस अन्तर्गत विद्यालय व्यवस्थापन र अध्यापनमा महिलाको सहभागिता, महिला शिक्षकको उपलब्धता, लैङ्गिक सचेतनामूलक कार्यक्रम, विद्यालय कार्यक्रम तथा क्रियाकलापहरूमा महिलाको सहभागिता, छात्राले बीचैमा पढाइ छाड्ने अवस्था विश्लेषण र सुधारका पहलहरू, छात्रा छात्रवृत्ति जस्ता कुरामा ध्यान दिइन्छ।
- **योजना निर्माण, कार्यान्वयन, मूल्याङ्कन, व्यवस्थापन र सुधार प्रक्रियामा सहभागिता** : यस अन्तर्गत विद्यालय सुधार योजना निर्माण, कार्यान्वयन र मूल्याङ्कन प्रक्रियामा व्यवस्थापन समिति, स्रोतव्यक्ति, शिक्षक, अभिभावक त्यसमा पनि महिला अभिभावक, सीमान्तकृत समुदाय र बालबालिकाको सहभागिता जस्ता विषयलाई ख्याल गरिन्छ।



- **स्वास्थ्य, सुरक्षा र बचावटः** यस अन्तर्गत सुरक्षित विद्यालय वातावरण, शारीरिक दण्ड-सजाय निषेध, यौन दुर्व्यव्यहारको अन्त्य, बालबालिकाको नियमित स्वास्थ्य परीक्षण, विद्यालय सरसफाइ, शुद्ध खानेपानी तथा सफा शौचालयको व्यवस्था, सुरक्षित विद्यालय आवागमन र दिवाखाजा जस्ता कुरा पर्छन्।
- **विद्यालयको भौतिक अवस्थाः** यस अन्तर्गत सुरक्षित तथा पर्याप्त भौतिक पूर्वाधार, चमेनागृह, छात्रावास तथा शिक्षक आवास, भौतिक सम्पत्तिको संरक्षण, सम्बर्द्धन तथा मर्मत सम्भार, बाल तथा अपाङ्गता मैत्री पूर्वाधारको विकास जस्ता पक्षमा ध्यान पुऱ्याइन्छ।
- **शिक्षण सिकाइ प्रक्रियाः** योग्य र सक्षम प्रधानाध्यापक तथा शिक्षक, शैक्षिक सामग्रीको व्यवस्था, शिक्षण सिकाइमा शिक्षक, विद्यार्थी र अभिभावकबीच त्रिपक्षीय अन्तर्क्रिया, प्रभावकारी अनुगमन, मासिक, अर्द्धवार्षिक र वार्षिक शैक्षिक योजना निर्माण एवं कार्यान्वयन जस्ता महत्त्वपूर्ण कुरा यसमा पर्छन्। विद्यालयले पाठ्यक्रम, पाठ्यपुस्तक र शिक्षक निर्देशिका तथा सन्दर्भ सामग्रीको उपलब्धता, विद्यालय र समुदायबीच सम्बन्ध र समुदायको अनुगमनमा सहभागिता जस्ता कुरामा समेत ध्यान दिनुपर्छ। योजना बनाउँदा शिक्षाको गुणस्तर प्रबर्द्धन र सिर्जनात्मक तथा अनुसन्धानात्मक कार्यको नियमिततामा पनि ध्यान पुऱ्याउनु पर्छ।
- **मातृभाषामा शिक्षण सिकाइः** यस अन्तर्गत भाषाका हिसाबले विद्यालय सेवा क्षेत्रको नक्साङ्कन, बालबालिकाको आवश्यकता पहिचान, मातृभाषाका माध्यमबाट शिक्षण सिकाइका लागि शिक्षकको तयारी, मातृभाषासँग सम्बन्धित अतिरिक्त क्रियाकलाप तर्जुमा र सञ्चालन, बहुभाषिक शिक्षणको आवश्यकता जस्ता कुरामा ध्यान पुऱ्याइन्छ।
- **विद्यालय व्यवस्थापनः** यसमा विद्यायल व्यवस्थापन समिति गठनमा समावेशीकरण, समितिको बैठक सञ्चालनमा एजेण्डाको प्रस्तुति, शिक्षण सिकाइमा जोड, शैक्षिक नीति-नियम र कानूनको पालना तथा विद्यालय आचार संहिता जस्ता विषय पर्छन्। समग्र विद्यालयको कार्यक्रम तर्जुमा, कार्यान्वयन र अनुगमनमा विद्यालय व्यवस्थापन समितिको भूमिका अपरिहार्य हुन्छ। विद्यालयको प्रभावकारिता बढाउन समुदाय परिचालन र आचार संहिताको कार्यान्वयन आवश्यक हुन्छ।

## विद्यालय सुधार योजना निर्माण तथा कार्यान्वयनमा सहभागिता


विद्यालय सुधार योजना निर्माण र कार्यान्वयनको मुख्य जिम्मेवारी विद्यालय र समुदायको नै हो। योजना निर्माणको प्रक्रियामा जति बढी सक्रिय सहभागिता जुटाउन सक्यो त्यति नै योजना कार्यान्वयन सहज र प्रभावकारी हुन्छ। त्यसैले विद्यालय सुधार योजना निर्माण प्रक्रियामा निम्न पक्षहरूको सहभागितामा ध्यान पुऱ्याउनु पर्छ।

- विद्यालयका प्रधानाध्यापक र सम्पूर्ण शिक्षक,
- विद्यालय व्यवस्थापन समितिका सबै सदस्य र शिक्षक अभिभावक संघका सबै सदस्य,
- विद्यालयमा क्रियाशील बाल क्लबका प्रतिनिधि विद्यार्थी,
- विद्यालय तथा समुदायका आमा समूह, टोल शिक्षा समिति, युवा क्लब तथा समूहका प्रतिनिधि,
- स्थानीय निकायका प्रतिनिधि, सामाजिक अगुवाहरू,
- विद्यालय निरीक्षक, स्रोतव्यक्ति, सरकारी कार्यालय र अन्य विकास साझेदार संस्थाका प्रतिनिधि,
- स्थानीय शिक्षाप्रेमी र राजनीतिक दलका प्रतिनिधि,

## विद्यालय सुधार योजनाका लागि आवश्यक पर्ने जानकारी

राम्रो योजना बन्नु भनेको आधा काम सक्नु हो भन्ने गरिन्छ। राम्रो योजना बनाउन अवस्थाको यथार्थ चित्रण गरिनु पर्छ। त्यसका लागि जानकारी तथा तथ्याङ्कको आवश्यकता पर्दछ। वास्तविक आवश्यकतामा आधारित विद्यालय सुधार योजनाको कार्यान्वयनले मात्र विद्यालयमा परिवर्तन आउँछ। अवस्थाको यथार्थ चित्रण गर्नमा विभिन्न सहभागितात्मक विधि तथा औजार प्रयोग गर्न सकिन्छ। यस्ता केही विधि तथा औजारमध्ये केही उपयोगी विधि तल उल्लेख गरिएका छन् :


- समुदाय तथा विद्यालय जाने उमेरका बालबालिकाको अवस्था र आवश्यकताबारे जानकारी प्राप्त गर्न समुदायमा आधारित साक्षरता नक्शाङ्कन,
- विद्यालयको भित्री तथा बाहिरी अवस्था अवलोकन,
- विद्यालयको तथ्याङ्क, सिकाइ उपलब्धिसम्बन्धी तथ्याङ्कहरू, विद्यालयले तयार गरेका विभिन्न प्रगति प्रतिवेदनहरूको विश्लेषण,
- छलफल तथा बैठक पुस्तिकाहरू (शिक्षक मासिक बैठक पुस्तिकासहित)को अध्ययन तथा विश्लेषण,
- विद्यालयको अवस्थाको सहभागितामूलक स्वमूल्याङ्कनबाट प्राप्त जानकारीको विश्लेषण,
- समूह छलफल (विव्यस/शिअश/शिक्षक/विद्यार्थी/अभिभावक), विद्यार्थीका धारणा र बाल क्लबका योजना विश्लेषण, आदि।




## विद्यालय सुधार योजना बनाउने चरण

विद्यालय सुधार योजनाको प्रभावकारिता त्यसको निर्माण प्रक्रियासँग जोडिएको हुन्छ। सरोकारवालाको जति बढी सक्रिय सहभागिता जुटाउन सक्यो त्यति नै कार्यान्वयन गर्न सजिलो र नतिजा उन्मुख हुन सकिन्छ। अतः योजना निर्माणका हरेक चरणमा विद्यालय व्यवस्थापन समितिले विभिन्न सरोकारवालाको सक्रिय सहभागिता जुटाउन मुख्य ध्यान दिनुपर्छ। शिक्षा विभागले उपलब्ध गराएको ढाँचामा विद्यालय सुधार योजना बनाइनुपर्छ। विद्यालय सुधार योजना तयार वा अद्यावधिक गर्दा निम्न लिखित चरण पूरा गर्नुपर्छ :

**पहिलो चरण** : विद्यालय व्यवस्थापन समिति (विव्यस) को बैठकमा विद्यालय सुधार योजना (विसुयो)को सहभागितामूलक समीक्षाका लागि निर्णयसहित तयारी : यस चरणमा विव्यस को बैठकमा एजेण्डा बनाएर विसुयो को वार्षिक समीक्षा गर्नुपर्छ। समीक्षा गर्दा शिक्षण सिकाइलाई केन्द्रमा राखेर छलफल चलाउनु पर्छ। विद्यालय व्यवस्थापन समितिको छलफलपछि सहभागितामूलक समीक्षाका लागि सरोकारवालाको भेला बोलाउनेसम्बन्धी निर्णय गर्ने, समीक्षा भेलाको सूचना, व्यवस्थापन र प्रस्तुतिको तयारी गर्न जिम्मेवारी बाँडफाँट गर्ने काम गर्नुपर्छ। यदि पहिले विद्यालय सुधार योजना बनाइएको छैन भने योजना निर्माण गर्ने सन्दर्भमा छलफल गर्नुपर्छ।




**दोस्रो चरण : सरोकारवालाको भेला आयोजना, उपलब्धिका मुख्य सूचकका आधारमा समीक्षा** : यो चरणमा सरोकारवालाको विस्तारित बैठक वा भेला आयोजना गरेर वर्षभरिका प्रगतिको समीक्षा गर्नुपर्छ। विद्यालय सुधार योजनाको कुन पक्षमा काम प्रभावकारी हुनसक्यो, कुनमा सकेन, विद्यार्थीको सिकाइ तथा व्यक्तित्व विकासका लागि थप के काम तथा क्रियाकलाप गर्नुपर्ला, बाल मैत्री विद्यालय निर्माण गर्न थप के काम गर्नुपर्ला, विद्यालयको भौतिक तथा वातावरणीय अवस्थामा कस्तो सुधार आवश्यक छ, सुरक्षित विद्यालय बनाउन के कस्ता कुरामा ध्यान पुऱ्याउनु पर्ला भन्ने जस्ता विषयको समीक्षा गर्न यस्तो भेला उपयोगी बन्नसक्छ।

सरोकारवालाको भेलाका साथै समीक्षाका लागि अभिभावक र विद्यार्थीको समूह छलफलको विधि प्रयोग गर्दा अझ बढी प्रभावकारी हुन्छ। शिक्षक बैठकलाई पनि शिक्षकका धारणा बुझ्ने र विभिन्न विकल्प पत्ता लगाउने माध्यमका रूपमा प्रयोग गर्दा उपयुक्त हुन्छ।

**तेस्रो चरण : सरोकारवालाको भेलाबाट सफलता र आवश्यकतासम्बन्धी समीक्षा र विसुयो निर्माण वा अद्यावधिक गर्न उपसमिति गठन** : तेस्रो चरण दोस्रो चरणसँगै जोडिएर आउँछ। यस चरणमा सरोकारवालाको विस्तारित बैठक वा भेलाद्वारा वार्षिक समीक्षाको निचोडलाई अनुमोदन गर्ने र समीक्षाका निष्कर्षलाई ध्यानमा राखेर आवश्यकताको प्राथमिकीकरण गर्दै विद्यालय सुधार योजनाको खेस्रा तयार गरेर पुनः भेलामा पेश गर्न उपसमिति गठन गर्नुपर्छ। यो उपसमितिमा विव्यस, शिक्षक, अभिभावक, विद्यार्थी, विद्यालयका स्रोत व्यक्ति र निरीक्षक वा अन्य आवश्यक ठानिएका व्यक्ति रहन सक्छन्।

**चौथो चरण : उपसमितिद्वारा विभिन्न चरणमा तयारी बैठक आयोजना र खेस्रा (ड्राफ्ट) योजना तयार** : सरोकारवालाको विस्तारित बैठक वा भेलाले निर्माण गरेको उपसमितिले विभिन्न पक्षसँग परामर्श गर्दै विसुयो को अद्यावधिक खेस्रा योजना तयार गर्नुपर्छ। यो उपसमितिले आवश्यकता अनुसार तयारी बैठक आयोजना गर्नुपर्छ। योजना तयार गर्दा शिक्षा विभागले प्रकाशन (जारी) गरेको विद्यालय सुधार योजना सहयोगी पुस्तिका- २०६९ को सहयोग लिनुपर्छ।

**पाँचौँ चरण : पुनः भेला आयोजना गरेर त्यसमा खेस्रा योजना प्रस्तुत गरी सुझाव सङ्कलन र त्यस्ता सुझावलाई समावेश गरेर योजना अनुमोदन** : यो चरण सरोकारवालाको सहभागिताका हिसाबले महत्त्वपूर्ण छ। विसुयो को खेस्रा तयार भएपछि विव्यस ले पुनः सरोकारवालाको भेला आयोजना गर्छ। त्यस भेलामा उपसमितिले तयार गरेको योजनाका महत्त्वपूर्ण पक्षको प्रस्तुति र त्यसमा व्यापक छलफल गराउनु पर्छ। भेलामा अभिभावक, आमा समूह, विद्यार्थी, शिक्षक, शिक्षाप्रेमी तथा समाजसेवीबाट छुट्टा छुट्टै सुझाव सङ्कलन गर्दा सबैका चासो सङ्कलन गर्न सजिलो हुन्छ। सहभागीबाट आएका सुझाव समावेश गरी योजनाको अन्तिम खेस्रा तयार गरेर भेलाबाट अनुमोदन गराउनु पर्छ।

**छैठौँ चरण : भेलाबाट अनुमोदित अन्तिम खेस्रा योजना विव्यस मा प्रस्तुत र समितिको निर्णयपछि जारी तथा प्रकाशन** : यो विसुयो लाई अन्तिम रूप दिने र पारित गर्ने चरण हो। विसुयो निर्माणको दायित्व विव्यस मा रहने भएकाले विव्यसले भेलाबाट अनुमोदित अन्तिम खेस्राका आधारमा समितिको बैठकमा छलफल गर्नुपर्छ। छलफललाई प्रभावकारी बनाउन आवश्यकता अनुसार विसुयो निर्माण उपसमितिका सदस्यलाई बैठकमा आमन्त्रण गर्दा राम्रो हुन्छ। विव्यस ले योजनालाई अन्तिम रूप दिँदै बैठकमा निर्णय गरेर विसुयो जारी गर्नुपर्छ। निर्णयपछि त्यस्तो योजना प्रकाशन गरेर जिल्ला शिक्षा कार्यालय, स्रोत केन्द्र, गाउँ/नगर शिक्षा समिति, गाविस/नगरपालिका र अन्य सरोकारवालालाई पठाउनु पर्छ।

## विद्यालय सुधार योजना कार्यान्वयन र अनुगमन

कुनै पनि योजनाको सफलता त्यसको कार्यान्वयनको स्तरमा भर पर्छ। त्यसैले विसुयो कार्यान्वयनमा पनि आवश्यक तयारी र योजना बनाउनु पर्ने हुन्छ। यसका साथै योजना अनुसार काम भएको छ वा छैन भन्ने कुराको अनुगमन पनि गरिनै पर्छ। विसुयो को कार्यान्वयनमा तल लेखिएका विधि र तरिका उपयोगी हुन्छन् :

**क) विद्यालयको वार्षिक पात्रो (क्यालेण्डर) निर्माण तथा कार्यान्वयन**

विद्यालय सुधार योजनामा उल्लेखित कार्यक्रम तथा क्रियाकलापलाई विद्यालयको वार्षिक पात्रो (क्यालेण्डर) बनाएर समायोजन गर्नुपर्छ। यसबाट कुन कार्यक्रमलाई कुन नियमित क्रियाकलापसँग जोड्ने भन्ने कुराको निर्क्योल गर्न सजिलो हुन्छ।

**ख) जिम्मेवारी बाँडफाँट**

हरेक कार्यक्रमका लागि जिम्मेवार व्यक्ति तथा सहयोगीहरूको पहिचान र सहभागितामूलक कामको जिम्मा लिने अवस्था सिर्जना गरिनु पर्छ। जिम्मेवारी तोक्दा व्यक्तिको रुचि र क्षमतालाई ध्यान दिनु आवश्यक हुन्छ। यसोगर्दा सबैपक्षको सहयोग र सक्रियता जुटाउन सकिन्छ। जिम्मेवारी बाँडफाँटको नमुना तल उल्लेख गरिएको छ :

| गर्नु पर्ने कार्यक्रम | मुख्य जिम्मेवार व्यक्ति | सहयोगी |
|---|---|---|
| • विद्यार्थी भर्ना, नियमितता<br>• पठन-पाठन सुधार<br>• अतिरिक्त क्रियाकलाप<br>• सरसफाइ<br>• निर्माण तथा मर्मत<br>• सम्बन्ध विस्तार र समुदाय परिचालन<br>• स्रोत-साधान पहिचान र व्यवस्थापन | | |

**ग) मासिक समीक्षा र प्रोत्साहन**

योजना कार्यान्वयनको वार्षिक समीक्षा गरेरमात्र पुग्दैन। मासिकरूपमा योजना गरिएका काममा के कस्तो प्रगति भयो र अझ बढी प्रभावकारी बनाउन के गर्नुपर्ला भन्ने जस्ता विषयमा गरिने मासिक समीक्षाले योजना अनुगमनलाई मद्दत पुऱ्याउँछ। मासिक समीक्षामा सकेसम्म सबै स्थानीय सरोकारवालाको सहभागितामा ध्यान दिनुपर्छ। मासिक समीक्षामा विभिन्न कार्यक्रमको जिम्मेवारी पाएका व्यक्तिले प्रगति विवरण पेश गर्ने र सुझाव सङ्कलन गर्नुपर्छ। विद्यालय व्यवस्थापन समितिले कार्यक्रम सञ्चालन र त्यसको गुणस्तरमा योगदान गर्ने व्यक्तिहरूको प्रशंसा गर्न बिर्सनु हुँदैन। उदाहरणका लागि निरन्तर विद्यार्थी मूल्याङ्कनको प्रक्रिया अपनाउने र शिक्षण सिकाइमा उच्च सिकाइ उपलब्धि हासिल गर्ने शिक्षकको प्रशंसाले उनको कार्य सम्पादनको स्तर बढाउन सघाउँछ।

## राम्रो अभ्यासबाट सिकौं

**क) छोटो समयमै आएको परिवर्तनसम्बन्धी सफलताको कथा अध्ययन गरी दिइएका प्रश्नबारे छलफल गर्नुहोस्।**

### कैलालीको कनरा स्कुल

कैलाली जिल्ला, खैलाड गाविसमाको कुँडीमा रहेको कनरा निम्नमाध्यमिक विद्यालय २०४५ सालमा स्थापना भएको हो। सुरुमा यस विद्यालयमा प्राथमिक तह सञ्चालन भएको थियो। कुँडीमा मिश्रित समुदाय बसोवास

गर्ने भए पनि थारू समुदायको बाहुल्य छ। यतिबेला यस विद्यालयमा कक्षा ८ सम्म सञ्चालन भइरहेको छ। विद्यालयका प्रधानाध्यापक, विद्यालय व्यवस्थापन समिति र शिक्षक अभिभावक संघलाई २ वर्ष अगाडि गुणस्तरीय शिक्षा परियोजनाबाट विद्यालय सुधार योजना निर्माणका लागि अनुशिक्षण दिइयो। त्यसपछि उनीहरूले विद्यार्थी, अभिभावक र अन्य सरोकारवालाबीच विद्यालय सुधारका अवधारणाबारे अन्तर्क्रिया गरे। त्यसक्रममा विद्यालयलाई सुधारसहित सुदृढ गर्नु पर्ने पक्षबारे मसिनोसँग छलफल भयो। विद्यालय सुधार योजना बनाउन विद्यालय व्यवस्थापन समितिका अध्यक्षको संयोजकत्वमा महिलाको प्रतिनिधित्व सुनिश्चित गर्दै विद्यार्थी र अभिभावकलाई समावेश गरी ७ सदस्यीय विद्यालय सुधार योजना निर्माण समितिको गठन भयो।

योजना निर्माण समितिले विद्यालय सुधार योजना बनाउँदा अघिल्लो वर्षको विद्यालयको उपलब्धिका आधारमा आउँदा ५ वर्षका लागि भौतिक तथा गुणात्मक शैक्षिक सुधारका लक्ष्य र क्रियाकलाप निर्धारण गऱ्यो। ती लक्ष्य पूरा गर्ने काममा जिम्मेवारी र जवाफदेहिता तोकियो। योजना गरिएका काम पूरा भए वा भएनन् भनेर विद्यालय व्यवस्थापन समिति र शिक्षक अभिभावक संघका सदस्यले अभियानकै रूपमा अनुगमन गरी समीक्षा गरे। यसले गर्दा बनेको योजना प्रभावकारीरूपमा कार्यान्वयन भयो, जसले गर्दा विद्यालयमा सकारात्मक परिवर्तनहरू देखापर्न थाले।

विद्यालयमा शिक्षक, विद्यार्थी, अभिभावक, विद्यालय व्यवस्थापन समितिले पालन गर्नु पर्ने आचार संहिता सहभागितामूलक तरिकाले तयार गरी विद्यालयभित्र देखिने गरी राखियो। विद्यालय सेवा क्षेत्रका उमेर पुगेर पनि विद्यालय भर्ना नभएका १३ बालबालिकामध्ये ४ जनालाई विद्यालयमा भर्ना गरियो। अभिभावक सचेतीकरण अभियानले भर्ना तथा विद्यार्थीहरूको नियमितता गराउन सजिलो भयो भने सरसफाइ तथा वृक्षरोपण कार्यक्रममा समेत अभिभावकको सक्रियता बढ्यो। निर्देशिका अनुसार सामाजिक परीक्षण गर्न थालियो। सामाजिक परीक्षणका क्रममा औँल्याइएका कतिपय विषयलाई सम्बोधन गर्न विद्यालय सुधार योजनामा समावेश गरी अद्यावधिक गरियो।

पहिले पहिले ढिलोमात्र पाइने पाठ्यपुस्तक समयमै विद्यार्थीलाई उपलब्ध गराइयो। शिक्षकहरूको औषत उपस्थिति २०५ बाट बढेर २२५ दिन पुग्यो भने कक्षा सञ्चालन १५४ दिनबाट बढेर १८३ दिन पुग्यो। त्यसैगरी विद्यार्थीको औषत उपस्थिति १३५ दिनबाट बढेर १६९ दिन पुग्यो। शिक्षकको मासिक बैठक नियमित हुनथाल्यो र शिक्षण सिकाइको कुरा बैठकमा छलफलको विषय बन्नथाल्यो। विद्यार्थीसँगै शिक्षकहरूले पनि पालैपालो विद्यालय सरसफाइमा सहभागिता जनाउन थाले।

कक्षा १ देखि ३ सम्म बाल केन्द्रित सिकाइ प्रक्रियाद्वारा पठन पाठन गर्न थालियो। प्राथमिक तहमा कक्षागतरूपमा आमा समूह बने। उनीहरूले मासिकरूपमा विद्यार्थी र पढाइबारे छलफल गर्न थाले। स्थानीय शैक्षिक सामग्रीहरूको निर्माण र प्रयोग गर्न थालियो। विद्यार्थी सधैँ सफा सुग्घर भई शैक्षिक सामग्रीका साथ खाजा लिएर विद्यालय आउन थाले।

विद्यालयमा विद्यार्थीका रुचि अनुसार खेलकुद, चित्रकला, सांस्कृतिक, वातावरण र साहित्यिक गरी ५ वटा बाल क्लब गठन भए र साप्ताहिकरूपमा अतिरिक्त क्रियाकलाप हुनथाले। सबैभन्दा महत्त्वपूर्ण कुरा त विद्यार्थीको औषत सिकाइ उपलब्धि ३० बाट बढेर ४१ प्रतिशत पुग्यो।

यतिबेला विद्यालयप्रति समुदायको चासो र सक्रियता बढेको छ। गाविस र गैसस को समन्वय तथा साझेदारीमा विद्यालयको पर्खाल, २ वटा पक्की कक्षा कोठा, खानेपानीका लागि चापाकल (नल्का) बनाइनुका साथै शैक्षिक सामग्रीको व्यवस्था गरियो। विद्यालयमा विपत् व्यवस्थापन समिति गठन गरी विभिन्न कार्यदल बनाएर काम हुनथाल्यो। विद्यालयको विपत् व्यवस्थापन योजनालाई विद्यालय सुधार योजनाको अनुसूचीमा राखेर वार्षिकरूपमा अद्यावधिक गर्न थालियो। वार्षिकरूपमा विपत् पूर्वतयारी सम्बन्धी जानकारी दिई सुरक्षा सामग्रीको प्रयोग तथा नमूना अभ्यासहरू गरी विद्यालय तथा समुदायलाई जानकार गराउने कामले निरन्तरता पाइरहेको छ।

१. माथिको विद्यालयमा सुधारका के के प्रक्रिया अपनाएको पाउनु भयो ?
२. विद्यालयमा के कस्ता परिवर्तन भएका रहेछन् ?
३. तपाईँको विद्यालयमा देखापरेका समस्याको सूची बनाउनुहोस् र समाधानका लागि थाल्नु पर्ने मुख्य काम र प्रक्रियाको विवरण तयार गर्नुहोस्। (विद्यालयको सुधार योजना तयार गर्दा तपाईँहरूले छलफल गरेका विषयवस्तु परे कि परेनन् भन्ने ध्यान दिनुहोस्।)

ख) राम्रो उपलब्धि हासिल गरिरहेका केही विद्यालयले विद्यालय सुधार योजना निर्माण प्रक्रिया तथा कार्यान्वयनबाट प्राप्त गरेका परिवर्तन तल उल्लेख गरिएका छन्। उल्लेखित सूचकहरूका आधारमा आफ्नो विद्यालयको अवस्था आँकलन र योजनामा समावेश गर्नु पर्ने कुरा निर्क्योल गर्नुहोस् :

| गरेको काम | आएको परिवर्तन | तपाईँको विद्यालयमा गरेको भए चिन्ह √ लगाउनुहोस् | नगरेको तर गर्न सकिने र गर्नु पर्ने भए चिन्ह √ लगाउनुहोस् |
|---|---|---|---|
| • विद्यालय सुधार योजना निर्माणसम्बन्धी तालिममा आफ्नो विद्यालयको प्रतिनिधि पठाएको,<br>• सरोकारवालाको भेलाबाट विसुयो का आधारमा गत वर्षका राम्रा पक्ष तथा सुधार गर्नु पर्ने पक्षको समीक्षा गरिएको,<br>• सुधार योजना निर्माणका लागि आयोजित भेलामा उपस्थित सबै टोल, जाति, क्षेत्रका अभिभावक र शिक्षक तथा विद्यार्थी समावेश भएको विसुयो निर्माण समिति छनौट गरेको,<br>• विद्यालय तथा समुदायको शैक्षिक, आर्थिक तथा सामाजिक पक्षको विश्लेषण गरी गर्नु पर्ने कामको प्राथमिकता निर्धारण गरिएको। घरधुरी सर्वेक्षण गरी विद्यालय सेवा क्षेत्रको नक्सा तयार गरिएको र घर नम्बर पनि राखिएको,<br>• आमा भेला आयोजना गरी समुदायमा आधारित शैक्षिक सूचना व्यवस्थापन प्रणाली तथा विद्यालयद्वारा स्वमूल्याङ्कन गरिएको,<br>• स्रोत व्यक्ति, सरकारी तथा गैर सरकारी सहयोगी निकायसँग समन्वय गरी प्राविधिक सहयोग लिएको, | • विसुयो निर्माणका लागि विद्यालय परिवारभित्र जनशक्तिको विकास भएको,<br>• राम्रो काम गर्नेको सम्मान भएको र विसुयो अद्यावधिक गर्न सबैको सहभागिता जुटेको,<br>• सुधार योजना निर्माण गर्दा हुने फाइदाका बारेमा अभिभावकहरूलाई जानकारी भएको,<br>• विद्यालयका योजना तथा कार्यक्रमबारे जानकारी राख्नेको संख्या बढेको,<br>• सेवा क्षेत्रको आवश्यक तथ्याङ्क सङ्कलन गरिएको,<br>• विद्यालयमा गर्नु पर्ने कामको प्राथमिकता निर्धारण गर्न सजिलो भएको,<br>• विद्यालय सेवा क्षेत्रको नक्साङ्कनका अधारमा आगामी वर्षमा भर्ना गर्ने र बीचमा पढाइ छाडेका विद्यार्थी पत्ता लगाउन सजिलो भएको, | | |

| गरेको काम | आएको परिवर्तन | तपाईँको विद्यालयमा गरेको भए चिन्ह ✓ लगाउनुहोस् | नगरेको तर गर्न सकिने र गर्नु पर्ने भए चिन्ह ✓ लगाउनुहोस् |
|---|---|---|---|
| • विसुयो बनाएपछि कार्यक्रमको जानकारी सबै सरोकारवालालाई गराइएको र रुचि, क्षमता अनुसार विव्यस, शिअसं, शिक्षक, विद्यार्थी र अभिभावकबीच कामको जिम्मेवारी बाँडफाँट गरिएको,<br>• योजना कार्यान्वयनका लागि विद्यार्थी भर्ना, पठन-पाठन, अतिरिक्त क्रियाकलाप, सरसफाइ, निर्माण तथा मर्मत, समन्वय तथा सम्बन्ध विकास जस्ता समिति गठन गरी अनुगमन व्यवस्था लागू गरिएको,<br>• स्थानीय साधन, स्रोत पहिचान गरी साधन, स्रोत जुटाउने गरिएको,<br>• वर्षभरि गरिने विद्यालयका मुख्य क्रियाकलापहरू ठूलो बोर्डमा लेखेर सार्वजनिक गर्ने गरिएको,<br>• विद्यालय अनुगमनका लागि अभिभावक तथा सरोकारवालाहरू विद्यालयमा आउने गरेको र आफ्ना सुझावहरू पुस्तिकामा लेख्ने व्यवस्था गरिएको,<br>• प्राथमिक उपचार बाकसको व्यवस्थापन, विद्यालयको अवस्थिति अनुसार विपत् उद्धार सामग्रीको व्यवस्थापन र प्रयोगमा निरन्तरता दिएको,<br>• विपत् उत्थानशील तथा सुरक्षित विद्यालय निर्माणका लागि विसुयो मा कार्यक्रम समावेश गरेर विसुयोको अनुसूचीमा विपत् व्यवस्थापन योजना समावेश गरिएको,<br>• सामाजिक परीक्षणले औँल्याएका विषयवस्तुहरू विसुयो निर्माण गर्दा समावेश गरिएको | • समन्वय प्रभावकारी भएर सहयोग जुटेको,<br>• विद्यालय आचार संहिता पालन भएर शैक्षिक वातावरणमा सुधार भएको,<br>• विद्यार्थी तथा शिक्षक नियमितामा सुधार भएको,<br>• प्राथमिक कक्षाहरूमा बाल केन्द्रित सिकाइ र निरन्तर मूल्याङ्कन प्रणाली लागू भएको, विद्यालयको औषत सिकाइ उपलब्धिमा सुधार भएको,<br>• विद्यार्थीको बसाइ व्यवस्था, विद्यालयको भौतिक अवस्था, सफा खानेपानी तथा चर्पी व्यवस्थापन भई विद्यालयको आकर्षण बढेको,<br>• सरोकारवालाहरूबीच सहयोग, सम्बन्ध र विश्वास बढेको, स्थानीय समाजसेवीहरूबाट विद्यालयमा विभिन्न अक्षयकोष स्थापना भएको,<br>• विद्यालयमा आइपर्ने साना दुर्घटना व्यवस्थापन गर्न विद्यालय आफैँ सक्षम भएको, अप्ठ्यारो परिस्थितिमा तुरुन्त नजिकको स्वास्थ्य केन्द्र पुऱ्याउन सफल भएको,<br>• विद्यालयले विपत् जोखिम न्यूनीकरण योजना कार्यान्वयन गरेर संकटासन्नताको अवस्था घटाइएको, | | |

विद्यालय सेवा क्षेत्रका सबै बालबालिकाको गुणस्तरीय शिक्षाको अधिकार सुनिश्चित गर्न विद्यालयले आफ्नो प्रभावकारिता बढाउनु पर्छ। त्यसका लागि विद्यालय परिवारले शैक्षिक, भौतिक, व्यवस्थापकीय लगायत सबै पक्ष समेटेर योजना तथा कार्यक्रम बनाउनु पर्छ। बनाइएको योजनाको प्रभावकारी कार्यान्वयन गर्नसके हाम्रो विद्यालय-राम्रो विद्यालय बनाउन सकिन्छ।

# बाल केन्द्रित शिक्षण सिकाइ





**बा**लबालिकाको उमेर, क्षमता, आवश्यकता, रुचि तथा उनीहरूको सामाजिक परिवेशलाई ध्यानमा राखेर गरिने शिक्षण सिकाइ प्रक्रियालाई बाल केन्द्रित सिकाइ भनिन्छ। शिक्षण सिकाइ क्रियाकलाप गर्दा बालबालिकाको सक्रिय सहभागितामा ध्यान दिइने भएकाले यसलाई क्रियाकलापमा आधारित विधि पनि भनिन्छ। यतिबेला कतिपय विद्यालयले शिक्षण सिकाइमा अपनाउने गरेको परियोजना कार्य पनि यही अवधारणाको उपज हो। बाल केन्द्रित शिक्षण सिकाइको अवधारणाले विद्यार्थीलाई 'एक्टिभ प्रोसेसर' (Active processor) को रूपमा लिन्छ। यस अवधारणामा शिक्षकले विद्यार्थीको आवश्यकता पहिचान गरी उनीहरूको बहुमुखी ज्ञान तथा प्रतिभाको विकासका लागि सिकाइमा सहयोग पुऱ्याउनु पर्ने धारणा राख्छ।

बाल केन्द्रित सिकाइ अन्तर्गत समूहगत छलफल, समूहकार्य, समूहबीच समन्वय र सकारात्मक प्रतिस्पर्धाका साथै परियोजनाकार्य र व्यावहारिक जीवनको अनुभवसँग प्राप्त सूचनाको अन्तर्क्रिया गरिने विधिहरू प्रचलनमा रहेका पाइन्छन्। यस अवधारणाले शिक्षण सिकाइ प्रक्रियामा दण्ड एवं भयरहित वातावरणको सुनिश्चिततामा जोड दिन्छ। यस अवधारणाका प्रवर्तक अमेरिकी शिक्षाविद् जोन डेबे हुन्। पछि यस अवधारणामा लेभ भिगोत्स्की र मारिया मन्टेश्वरीलगायतले महत्त्वपूर्ण योगदान गरे।

## बाल मैत्री विद्यालय र बाल केन्द्रित सिकाइको अवधारणा

प्रत्येक बालबालिकालाई सुरक्षित, संवेगात्मकरूपमा रमाइलो, मनोवैज्ञानिकरूपमा उच्च मनोबल अनुभूति गराउने वातावरण भएका, भयरहीत र गुणात्मक सिकाइ तथा अभिभावकको संलग्नता प्रबर्द्धन गरिएका विद्यालय बाल मैत्री विद्यालय हुन्। बालबालिका अनुकूलको सिकाइ वातावरण तयार गर्ने क्रममा विद्यालयले अपनाउनु पर्ने सजगता, योजनामा समावेश गर्नु पर्ने विषयवस्तु, कार्यक्रम कार्यान्वयनमा हुनु पर्ने स्थानीय समुदायको सहभागिता तथा स्वामित्व प्रबर्द्धनद्वारा विद्यालयलाई बाल मैत्री बनाउन सकिन्छ। नेपाल सरकारले २०६७ सालमा गुणस्तरीय शिक्षाका लागि बाल मैत्री विद्यालय राष्ट्रिय प्रारूप जारी गरेको छ।

बाल केन्द्रित शिक्षण सिकाइको अवधारणाको व्यावहारिक कार्यान्वयनका लागि बाल मैत्री विद्यालय प्रारूपको अवधारणा आएको हो। शिक्षण सिकाइको प्रक्रियाभित्रको चुरो कुरो विद्यार्थीको सिकाइ नै हो। विद्यालयको सार्थकता विद्यार्थीको सिकाइको स्तरमा अडेको हुन्छ। बाल केन्द्रित सिकाइ अवधारणा अवलम्बनले विद्यालयलाई आफ्नो उद्देश्यमा बढी प्रभावकारी बनाउन मद्दत गर्दछ र बाल मैत्री विद्यालय निर्माणले बाल केन्द्रित शिक्षण सिकाइको अभ्यासमा सघाउँछ।

## बाल केन्द्रित सिकाइको आवश्यकता

विद्यालयमा गरिने शिक्षण सिकाइको लक्ष्य भनेको विद्यार्थीलाई उच्चतम सिकाइ उपलब्धि हासिल गर्ने वातावरण प्रदान गर्नु हो। यसका लागि विद्यालय पाठ्यक्रमले तोकेको मापदण्ड अनुसार विद्यार्थीको सिकाइ उपलब्धि हासिल हुन सक्नुपर्छ। हाल हाम्रो अभ्यासमा रहेको शिक्षण सिकाइको तरिका शिक्षक केन्द्रित छ। त्यसैले एकातर्फ ज्ञान निर्माणमा विद्यार्थीको स्वामित्व न्यून छ भने अर्कोतर्फ विद्यार्थीको सिकाइप्रति शिक्षकको जवाफदेहिता बढी छ। अर्थात् यो परम्परागत तरिकामा सिकाइ भनेको शिक्षकले प्रदान गर्ने विषयमात्र बनेर रहेको छ। यस परिवेशमा बाल केन्द्रित सिकाइको अवधारणाको महत्त्वलाई निम्न बुँदाहरूमा उल्लेख गर्न सकिन्छ।

- **सिकाइ प्रक्रियामा विद्यार्थीको उत्प्रेरणा बढाउन** : विद्यार्थीको सक्रियताविना सिकाइ सम्भव हुँदैन। दण्ड र डरले विद्यार्थी शान्त त रहलान् तर सिकाइ हुनसक्दैन। अतः आजको गुणात्मक शिक्षण सिकाइको चुनौती भनेको विद्यार्थीलाई सिकाइका लागि उत्प्रेरित र सक्रिय बनाउनु रहेको छ। बाल केन्द्रित सिकाइको अवधारणाले विद्यार्थीलाई सिकाइ प्रक्रियामा क्रियाशील बनाउने विधिहरूको प्रयोगमा जोड दिन्छ। यसबाट विद्यार्थीले सिकाइ क्रियाकलापमा सहभागी हुने उत्प्रेरणा प्राप्त गर्छन्। भयरहीत वातावरणको सुनिश्चितताले विद्यार्थीलाई बढी सक्रिय र अनुशासित बनाउन सहयोग गर्छ।

- **विद्यार्थीबीच जोडी तथा समूह सञ्चार प्रबर्द्धन गर्न** : बालबालिकाले शिक्षकको तुलनामा आफ्ना साथीबाट बढी सिक्छन्। सिकाइका क्रियाकलापमा विद्यार्थीबीच छलफल गर्ने वातावरण प्रबर्द्धन गर्न सकिए बालबालिकाको सिकाइलाई बढी प्रभावकारी बनाउन सकिन्छ। बाल केन्द्रित सिकाइको अवधारणाले सिकाइ प्रक्रियामा विद्यार्थीबीच जोडी-छलफल, समूह कार्य र आपसी सञ्चारलाई महत्त्व दिन्छ। शिक्षण सिकाइ क्रियाकलापमा शिक्षक र विद्यार्थीमाझ मात्र होइन विद्यार्थी-विद्यार्थीबीच पनि यस्तो सञ्चारको व्यवस्थापन गर्नसके शिक्षकको सानो मिहिनेतबाट पनि विद्यार्थीलाई बढी फाइदा पुग्छ।

- **शिक्षक-विद्यार्थीसम्बन्ध सुधार गर्न** : बाल केन्द्रित सिकाइ अवधारणाको मर्म शिक्षक र विद्यार्थीबीचको सम्बन्ध सुधार गर्नु पनि हो। शिक्षक र विद्यार्थीबीचको सम्बन्ध जति बढी प्रगाढ हुन्छ, त्यति नै सिकाइमा सकारात्मक प्रभाव परेको हुन्छ। हाम्रो समाजमा डरलाई आदर ठान्ने गलत मान्यता पनि रहेको छ। वास्तवमा जुन शिक्षकसँग विद्यार्थीले सजिलै भेटेर कुरा गर्न र प्रश्न सोध्न सक्छन्, उनीलाई माया र आदर पनि बढी गर्छन्। गुणस्तरीय शिक्षण सिकाइका लागि शिक्षक-विद्यार्थीसम्बन्ध खुला, सहज हुनुपर्छ। एउटा असल शिक्षकले आफ्ना विद्यार्थीबाट पनि धेरै कुरा सिक्न सक्छन्। सिकाइ एकतर्फीमात्र कहिल्यै हुँदैन।

- **आफ्नो सिकाइमा आफैँलाई जिम्मेवार बनाउन :** सिकाइ जहिले पनि व्यक्तिगत हुन्छ । त्यसैले एउटै पाठ्यक्रम पढिरहेका र एउटै कक्षा कोठामा रहेका विद्यार्थीको सिकाइ भिन्न भिन्न पाइन्छ । किनभने, हरेक विद्यार्थीले प्राप्त सूचना तथा सन्देशलाई आफ्नो अनुभवसँग जोड्दै आफ्नो ज्ञानको विकास गर्छन् । बाल केन्द्रित सिकाइको अवधारणाले ज्ञान आर्जन र विकासमा विद्यार्थीलाई जिम्मेवार बन्न सिकाउँछ । ज्ञानलाई व्यवहारसँग जोड्न उत्प्रेरित गर्छ । सामान्यतया किताबमा पढेका कुरा व्यवहारमा उतार्ने गरिएको साह्रै कम पाइन्छ । सिकेका कुरा व्यवहारमा उतारिएको हुन्थ्यो भने आँगन र चर्पी सफा राख्नु पर्छ भनेर पढाउने विद्यालयका परिसर र शौचालय फोहरले भरिने अवस्था रहँदैनथ्यो । बाल केन्द्रित सिकाइको अवधारणाले चाहिँ सिकेका कुरालाई व्यवहारमै उतार्न सिकाउँछ । त्यसैले पनि सिकेका कुरा व्यवहारमा उतार्न सिकाउने बालकेन्द्रित सिकाइको महत्त्व झन् बढेको छ ।

## विद्यालयमा बाल केन्द्रित सिकाइको प्रभावकारी कार्यान्वयन गर्ने तरिका

सिकाइले विद्यार्थीमा तत्कालीन र दीर्घकालीनरूपमा सकारात्मक प्रभाव पारेको हुनपर्छ । प्रभावकारी सिकाइ हुनका लागि सिकाइप्रति विद्यार्थीमा उत्प्रेरणा जागेको, शिक्षकमा विद्यार्थीको आवश्यकता पूरा गर्न सक्ने उच्चस्तरीय क्षमता तथा दक्षता भएको, विद्यालयमा बाल मैत्री वातावरण सिर्जना गरिएको हुनुपर्छ । बाल केन्द्रित शिक्षण सिकाइको अवधारणालाई प्रभावकारी कार्यान्वयन गर्न एउटा पक्ष वा समूहमात्र नभई विद्यालयका सरोकारवाला सबैले सहयोग गर्नुपर्छ । त्यसका लागि निम्न प्रक्रिया अपनाउन सकिन्छ :

- प्रधानाध्यापक, शिक्षक तथा विद्यालय व्यवस्थापन समितिको प्रतिवद्धता
- कक्षाकोठा व्यवस्थापन
- तालिम प्राप्त शिक्षकको व्यवस्था
- सिकाइ सामग्रीको व्यवस्था र प्रयोग
- सहसिकाइ तथा अतिरिक्त क्रियाकलाप सञ्चालन
- अनुगमन तथा कार्यगत अनुसन्धान
- अभिभावकको सहयोग तथा संलग्नता
- निरन्तर विद्यार्थी मूल्याङ्कन
- घुम्ती बैठक सञ्चालन

**क. प्रधानाध्यापक, शिक्षक तथा विद्यालय व्यवस्थापन समितिको प्रतिबद्धता**

बाल केन्द्रित शिक्षण सिकाइ अवधारणाको आवश्यकतालाई आत्मसात गर्दै शिक्षाको स्तर सुधार्न यसको अभ्यासप्रति मन, वचन र कर्मले प्रतिबद्ध नभई परिवर्तन सम्भव हुँदैन । त्यसैले बाल केन्द्रित सिकाइका विधिलाई अभ्यासमा ल्याउन सर्वप्रथम प्रधानाध्यापक, शिक्षक र विद्यालय व्यवस्थापन समितिको प्रतिबद्धता आवश्यक हुन्छ । बाल केन्द्रित सिकाइका विधिलाई अभ्यासमा ल्याउन विद्यालयले शिक्षक, व्यवस्थापन समिति र शिक्षक अभिभावक संघको विस्तारित बैठक गरेर छलफल चलाउने गर्नुपर्छ । ती छलफलमा बाल केन्द्रित सिकाइको महत्त्व र आवश्यकताका साथै पूर्वाधार तथा सेवा र शिक्षकको क्षमता विकास जस्ता विषयमा आवश्यक निर्णय लिन सकिन्छ । विद्यालयका मुख्य सरोकारवालाबीचको छलफलबाट बाल केन्द्रित सिकाइको अवधारणालाई कार्यान्वयनमा ल्याउन योजना बनाउने र विद्यालयको प्रतिबद्धता सार्वजनिक गर्ने काम सहज हुन्छ । विद्यालयको अस्तित्व उसले प्रदान गर्ने शिक्षण सिकाइको स्तरमा निर्भर गर्ने भएकाले विद्यालयमा हुने सरोकारवालाबीचको छलफलमा शिक्षण सिकाइको विषयले नै बढी प्राथमिकता पाउनु पर्छ ।

**ख. कक्षा कोठा व्यवस्थापन**

प्राथमिक तहका बालबालिका बढी संवेदनशील हुन्छन् । उनीहरूलाई बढी स्याहार चाहिन्छ । त्यसैले विद्यालयका सबैभन्दा स्वस्थ, राम्रा र बालबालिकाको संख्याका आधारमा क्रियाकलापसमेत गर्न प्राथमिक कक्षा (मुख्यतः कक्षा एक, दुई र तीन) का लागि फराकिला कोठा छुट्याइनु पर्छ । साना बालबालिकालाई बस्ने व्यवस्था गर्दा भुइँमा कार्पेट र चकटी राखिनु पर्छ । विद्यालयले साना नानीहरूले समूहकार्य गर्न टेबलको व्यवस्था गर्दा राम्रो हुन्छ । कक्षा कोठाहरू झ्याल, ढोका बन्द गर्न र ताल्चा लगाउन मिल्ने हुनुपर्छ । कक्षाका भित्तामा कक्षाको तह अनुसार शिक्षण सिकाइमा मद्दत पुग्नेगरी भाषा तथा गणितसम्बन्धी भित्तेलेखन (वाल पेन्टिङ्ग) गर्ने, कक्षाको वरिपरि विद्यार्थीको पहुँच हुनेगरी सकेसम्म सेतोपाटी वा कालोपाटी राखेर कक्षा कोठालाई आकर्षक बनाउनुपर्छ । प्राथमिक तह सिकाइका लागि जग बसाल्ने बेला भएकाले यो समयमा बालबालिकाको सिकाइमा ध्यान दिन सकिएन भने पछि ठूलो कक्षामा अपेक्षित सिकाइ उपलब्धि प्राप्त गर्न सकिँदैन भन्ने कुरामा हेक्का राख्नुपर्छ ।

कक्षाको समय तालिका, जब चार्ट, विषयगत सिकाइ उपलब्धिका सूचक विवरण, सरसफाइ र रुजु चार्ट, ऐना/काँइयो, सहायक पाठ्य सामग्री तथा सन्दर्भ सामग्रीको व्यवस्थापन विद्यालयको सहयोगमा हुनुपर्छ । कक्षा कोठाका चार भिन्न कुनामा गणित, सामाजिक, भाषा तथा विज्ञान कुना बनाएर सामग्रीहरू मिलाउन सकिन्छ । प्राथमिक तहका कक्षामा विद्यार्थी तथा शिक्षकले बनाएका सामग्री डोरी टाँगेर सजाउने व्यवस्था मिलाउँदा सिकाइ प्रक्रिया बढी प्रभावकारी हुन्छ । कक्षा कोठाको सजावट, आवश्यक सरसफाइ, मर्मत-सम्भार तथा सुरक्षाको व्यवस्था मिलाइनु पर्छ । यस काममा विद्यार्थीको सहभागिता अनिवार्य गरिनु पर्छ ।

**ग. तालिम प्राप्त शिक्षकको व्यवस्था**

शिक्षण सिकाइमा शिक्षकको भूमिका प्रमुख रहन्छ । त्यसैले शिक्षक सक्षम हुनु अनिवार्य हुन्छ । हाम्रा सार्वजनिक विद्यालयका अधिकांश शिक्षक तालिम प्राप्त छन् तर पनि उनीहरूले पाएका तालिम कक्षा कोठामा रूपान्तरण हुन सकिरहेको छैन । त्यसैले विद्यालयले विद्यार्थीबीच वा कक्षा कोठामा पुग्नसक्ने गरी शिक्षकलाई तालिमको व्यवस्था मिलाउनु पर्छ । कक्षा कोठा र विद्यार्थीलाई केन्द्रमा राखेर कक्षामा

रूपान्तरण हुनसक्ने शिक्षक तालिमले मात्र चाहेको जस्तो परिवर्तन आउनसक्छ। विद्यालयको योजनालाई स्रोतकेन्द्र तहमा छलफल गरेर तालिमको व्यवस्था मिलाउन सकिन्छ। प्राथमिक तहका शिक्षकका लागि बाल केन्द्रित सिकाइ प्रक्रियामा १० दिने तालिमको व्यवस्था गर्दा प्रभावकारी हुन्छ।

तालिममा बाल केन्द्रित सिकाइ प्रक्रियाबारे सैद्धान्तिक बुझाइ, क्रियाकलापमा आधारित सिकाइ अभ्यास, बालमैत्री सिकाइ सामग्री निर्माण र प्रयोग तथा प्रदर्शन विधि, कक्षा कोठाको संरचना र व्यवस्थापन, कक्षाका प्रारम्भिक र नियमित क्रियाकलाप सञ्चालन तरिका, विद्यालयको शैक्षिक क्यालेण्डर, विषयगत तथा कक्षागत सिकाइ उपलब्धि विश्लेषण, सिकाइ उपलब्धिमा आधारित मासिक र दैनिक योजना निर्माण, बाल केन्द्रित सिकाइ प्रक्रियामा सघाउने खालका गीत तथा खेलको अभ्यास र निरन्तर विद्यार्थी मूल्याङ्कन जस्ता विषय समावेश हुन्छन्। यी क्रियाकलापको अभ्यास तालिममा गरिने भएकाले कक्षा कोठामा रूपान्तरण हुने सम्भावना बढी हुन्छ। फेरि पनि तालिममा सिकेका कुरा कक्षामा प्रयोग हुन्छन् कि हुँदैनन् भन्ने कुराको मुख्य निर्धारक भनेको शिक्षकको प्रतिबद्धता नै हो। तालिमले शिक्षकलाई प्रतिबद्ध हुन प्रेरित गर्नसक्छ।

**घ. सिकाइ सामग्रीको व्यवस्था र प्रयोग**

सिकाइ सामग्रीले सिकाइलाई सरल र दिगो बनाउन सघाउँछ। त्यसैले बाल केन्द्रित सिकाइ प्रक्रियामा सिकाइ सामग्री सङ्कलन, व्यवस्थापन र प्रयोग विधिबारे शिक्षक जानकार हुनु आवश्यक हुन्छ। शिक्षकले शिक्षण सिकाइ सामग्री विद्यालय र वरिपरिको वातावरणबाट सङ्कलन र प्रयोग गर्न सक्छन्। मुख्य तीन किसिमका सामग्रीको व्यवस्था र प्रयोग गर्दा सिकाइ प्रक्रियालाई प्रभावकारी बनाउन सकिन्छ।

- **तयारी सिकाइ सामग्री** : कतिपय कक्षा र विषयगत सिकाइ सामग्री तयारी अवस्थामा बजारबाट प्राप्त गर्न सकिन्छ। प्राथमिक तहमा प्रयोगमा आउनसक्ने सामग्रीमा अक्षर र शब्दपत्तिहरू, अंक गोटीहरू, क्वाड्रि पजल, हरेक दिन मिलाउन मिल्ने नेपाली क्यालेण्डर, लजिक क्युब, शब्दचित्र ब्लक, टानग्राम आदि हुन्छन्। यस्ता सिकाइ सामग्रीको प्रयोगले सिकाइलाई बढी सहभागितामूलक र क्रियाकलापमा आधारित बनाउन मद्दत मिल्छ।
- **कक्षामा निर्मित सामग्री** : प्रभावकारी सिकाइका लागि कक्षामा बनाइएका सामग्री बढी महत्त्वपूर्ण मानिन्छन्। यस्ता सामग्री शिक्षक र विद्यार्थी दुवै मिलेर कक्षा कोठामै बनाउने गर्छन्। विद्यार्थीले बनाएका सामग्री वयस्क व्यक्तिका लागि कम आकर्षक देखिए पनि सिकाइका हिसाबले निकै प्रभावकारी हुने कुरा सिद्ध भएको छ। यस प्रक्रियामा बालबालिकाले सिकाइ सामग्री बनाउँदै गर्दा सिक्छन् र त्यसको प्रयोगबाट सिकाइलाई दिगो बनाउँछन्। विद्यार्थीको कक्षा र विषय अनुसार सिकाइ सामग्री निर्माणमा शिक्षकले अगुवाइ गर्नुपर्छ। वास्तवमा शिक्षकको सिर्जनशीलताको परीक्षा उनले बनाउने वा बनाउन लगाउने सिकाइ सामग्रीका आधारमा लिन सकिन्छ। प्राथमिक तहका विद्यार्थीले अक्षर, अङ्क र शब्दपत्ति, चित्रकथा, शब्दार्थ, घरपरिवार तथा समाजका चित्र जस्ता सामग्री तयार गर्न सक्छन्। यस्ता सामग्री निर्माण र प्रयोगले बालबालिकाले सिकाइमा स्वामित्वबोध गर्छन्।
- **मसलन्द सामग्री** : शिक्षण सिकाइलाई प्रभावकारी बनाउन सिकाइ सामग्रीका साथै मसलन्द सामग्रीको पनि आवश्यकता पर्छ। मसलन्द सामग्रीले थप सिकाइ सामग्री बनाउन र सिकाइका

क्रियाकलापमा प्रयोग गर्न मद्दत गर्छ। त्यसैले विद्यालयले बाल केन्द्रित सिकाइको अवधारणा लागू गर्दा मसलन्द सामग्रीको पनि योजना गर्नुपर्छ। सामान्यतया कक्षा कोठामा चार्ट पेपर, कैँची, मेटाकार्ड, टेप, ग्लुस्टिक, स्केल, मार्कर पेन, साइन पेन, गत्ता कागज, स्ट्याप्लर, पञ्चिङ्, धागो, पेन्सिल, इरेजर, ए फोर साइजको कागज, फेबिकोल, डायस गोटी, जिओ बोर्ड आदि सामग्री उपलब्ध हुनुपर्छ। सिन्का, ढुंगा, ऐना, काँइयो, रुमाल जस्ता सामग्री पनि शिक्षण सिकाइका लागि आवश्यक पर्छन्।

**ङ. सह–सिकाइ तथा अतिरिक्त क्रियाकलाप सञ्चालन**

शिक्षण सिकाइलाई प्रभावकारी बनाउन सह-सिकाइ तथा अतिरिक्त क्रियाकलापको भूमिका महत्त्वपूर्ण मानिन्छ। प्रत्येक बालबालिकामा केही न केही प्रतिभा लुकेको हुन्छ। शिक्षकले उमेर, क्षमता र रुचिलाई विचार गरेर सबै बालबालिकालाई विभिन्न क्रियाकलापमा सहभागी हुने अवसर दिनु पर्छ। प्राथमिक तहका बालबालिकालाई हिज्जे प्रतियोगिता, चित्र कोर्ने, रङ्ग भर्ने, गीत गाउने, कविता पाठ गर्ने, रोल प्ले गर्ने र हाजिरी जवाफ जस्ता क्रियालापमा संलग्न गराउन सकिन्छ। कक्षा कोठाबाहिर भ्रमण गराउने, खेलकुदमा सहभागी गराउने जस्ता क्रियाकलापले विद्यार्थीमा अन्तर्क्रिया, आपसी सहयोग, नेतृत्व विकासलगायत विभिन्न कला तथा सिपको विकास गर्न सघाउँछ। शिक्षकले विद्यालयमा भएका सिकाइ तथा खेल सामग्री सबै विद्यार्थीले प्रयोग गर्न पाउने व्यवस्था मिलाउनु पर्छ।

**च. अनुगमन तथा कार्यगत अनुसन्धान**

बाल केन्द्रित सिकाइ प्रक्रियाको प्रभावकारिताका लागि अर्को महत्त्वपूर्ण पक्ष भनेको अनुगमन तथा कार्यगत अनुसन्धान हो। अनुगमनको उद्देश्य शिक्षण सिकाइ क्रियाकलापमा आइपरेका समस्या हटाउन शिक्षकलाई सहयोग पुर्‍याउनु हो। शिक्षकलाई सहयोगी हुने यस्ता अनुगमनका लागि नमुना क्रियाकलापहरू सञ्चालन, शिक्षण सिकाइ क्रियाकलापमा सहयोग, अन्य शिक्षक र प्रधानाध्यापकसँग अन्तर्क्रिया, विद्यार्थीसँग अन्तर्क्रिया, विद्यालय व्यवस्थापन समिति र अभिभावकसँग अन्तर्क्रिया जस्ता काम गरिन्छ। यस्ता कामबाट शिक्षकमा आत्मविश्वास बढ्नुका साथै अन्य शिक्षक एवं विद्यालय प्रशासनको सहयोगको सुनिश्चिता र अभिभावकको संलग्नतामा सकारात्मक प्रभाव पर्छ। मासिक तथा दैनिक पाठ योजना अनुसार प्राप्त गर्नु पर्ने सिकाइ उपलब्धि विद्यार्थीले हासिल गरिरहेका छन् कि छैनन्, यस प्रक्रियामा कस्ता राम्रा पक्ष र अप्ठ्यारा अनुभव भइरहेका छन् भन्ने जस्ता कुराको पहिचान र छलफलबाट सिकाइ उपलब्धिलाई उच्च बनाउन सकिन्छ।

बाल केन्द्रित सिकाइ प्रक्रियाको प्रभावकारितामा कार्यगत अनुसन्धानको पनि महत्त्वपूर्ण स्थान हुन्छ। कार्यगत अनुसन्धान भनेको काम गरेका आधारमा सिक्दैजाने अभ्यास हो। शिक्षकले शिक्षण सिकाइको कुन विधि र तरिका कुन विषयको शिक्षण सिकाइमा बढी प्रभावकारी हुँदोरहेछ भन्ने कुरा यही कार्यगत अनुसान्धानका माध्यमबाट पत्ता लगाउँछन्। यो ज्ञान अन्य शिक्षकका लागि पनि काम लाग्छ।

बाल केन्द्रित सिकाइको अवधारणाले शिक्षक अनुसन्धानकर्ता पनि हुन् भन्ने कुरामा विश्वास गर्छ। यसका लागि शिक्षकले अनुभव गरेका शिक्षण सिकाइमा आइपरेका समस्याको पहिचान र समाधानका उपाय खोज्न प्रेरित र सहयोगको आवश्यकता पर्छ। योजना कार्यान्वयन तथा अभिलेखीकरण र बाल

केन्द्रित सिकाइ प्रक्रियामा संलग्न शिक्षकबीच समीक्षात्मक अन्तर्क्रिया बैठक आदिका माध्यमले यस प्रक्रियाका व्यावहारिक सफलताका उपायहरू पत्ता लगाउन र विस्तार गर्न सकिन्छ।

### छ. अभिभावकको सहयोग तथा संलग्नता

विद्यार्थीले उच्च सिकाइ उपलब्धि प्राप्त गर्ने कुरा अभिभावकको सहयोगविना सम्भव हुँदैन। त्यसैले विद्यालयले अभिभावकहरूसँगको अन्तर्क्रिया र संलग्नतालाई महत्त्व दिनु पर्छ। अभिभावकको संलग्नताले बालबालिकाको सिकाइ प्रक्रियामा सकारात्मक भूमिका खेल्छ। प्राथमिक तहमा भर्नापछि विद्यार्थीका साथै अभिभावकलाई कक्षा कोठामा स्वागत गर्ने, मासिकरूपमा आमा भेला गर्ने र अभिभावकको भूमिका तथा सहयोग सुनिश्चित गर्ने आदि कामलाई विद्यालय योजनामा समावेश गरेर अभिभावकको संलग्नतालाई बढाउन सकिन्छ।

विद्यालय तथा कक्षा कोठामा अभिभावकको संलग्नता सुनिश्चित गर्न मासिक तथा आवधिक बैठकका साथै अभिभावकद्वारा कक्षा अवलोकन, शैक्षिक प्रदर्शनी जस्ता गतिविधि पनि विद्यालय योजनामा समावेश गरेर सञ्चालन गर्नु पर्ने हुन्छ। अभिभावकको संलग्नताले घरमा पनि सिकाइ वातावरण सिर्जना गर्ने मात्र नभई बालबालिका र अभिभावकमा समेत स्वास्थ्य र सरसफाइ जस्ता कुरामा सकारात्मक प्रभाव पार्न सहयोग पुग्छ।

### ज. निरन्तर विद्यार्थी मूल्याङ्कन

आवधिक मूल्याङ्कन प्रक्रियाको साटो आधारभूत तहका कक्षामा निरन्तर विद्यार्थी मूल्याङ्कन प्रक्रिया अपनाउने कुरा विद्यालय क्षेत्र सुधार योजनामा उल्लेख गरिएको छ। यसलाई अहिलेसम्म पूर्णतः व्यवहारमा ल्याउन भने सकिएको छैन। बाल केन्द्रित सिकाइ प्रक्रियामा निरन्तर विद्यार्थी मूल्याङ्कन विधि अपनाइन्छ। यसका लागि विद्यार्थीको व्यक्तिगत विवरण (प्रोफाइल) तथा अभिलेखको व्यवस्था गरिन्छ। हरेक विषयको सिकाइ उपलब्धिका आधारमा विद्यार्थीको सिकाइस्तरलाई शिक्षकले निरन्तर मूल्याङ्कन गर्दै अभिलेख राख्ने गरिन्छ। मूल्याङ्कनको यस विधिले विद्यार्थीको समग्र सिकाइको स्तर पत्ता लगाउन र तत्काल गर्नु पर्ने आवश्यक सुधारका लागि विद्यार्थीको स्तर अनुसारको सिकाइ योजना तयार पार्न सघाउँछ।

नेपाल सरकारले आधारभूत शिक्षा अन्तर्गत कक्षा एकदेखि सातसम्म निरन्तर मूल्याङ्कन प्रणाली लागू गर्न निर्देशिका जारी गरेको छ। यस प्रणालीको उद्देश्य शिक्षण सिकाइ गर्दा पाठको सुरु, बीच र अन्त्यका साथै प्रत्येक एकाइ अभ्यासहरू पूरा भएपछि उनीहरूले के कति सिकिरहेका छन्, सबै विद्यार्थीमा सिकाइ उपलब्धि पूरा भयो कि भएन भन्ने कुरा मापन गर्नु र अझ सुधारका उपाय खोज्नु हो।

### निरन्तर मूल्याङ्कनका फाइदा

- सिकाइको वास्तविक अवस्था पत्ता लगाई शिक्षण विधि तथा तरिकामा सुधार गर्न सजिलो हुन्छ।
- विद्यार्थीको सिकाइमा शिक्षक, विद्यार्थी वा अभिभावक कसको कमी छ भन्ने कुरा समयमै थाहा पाई सुधार गर्ने उपाय पत्ता लगाउन सजिलो हुन्छ।
- प्रत्येक विद्यार्थीको नियमितता, सिकाइ उपलब्धि मापन गर्न र कक्षोन्नति गर्न मद्दत मिल्छ।

### निरन्तर विद्यार्थी मूल्याङ्कन विधि

- प्रत्येक विद्यार्थीको व्यक्तिगत फाइल बनाएर नियमित प्रगति विवरण तयार गरेर त्यसमा विद्यार्थीको स्वास्थ्य तथा शारीरिक अवस्था र आनीबानी तथा व्यवहारमा आएको परिवर्तन उल्लेख गर्ने,
- उनीहरूको सिकाइ र व्यवहार परिवर्तनका लागि शिक्षकबाट भएका प्रयत्न र सुझावका साथै विद्यार्थीद्वारा निर्मित सामग्री सङ्कलन गरेर अनुगमन तथा मूल्याङ्कन गर्ने,
- सहयोग तथा सुधार गर्नु पर्ने कुराहरू भए तुरुन्त कार्यान्वयन गर्ने। जस्तै ः

- पाठको अन्त्यमा शिक्षकले विद्यार्थीको सिकाइका आधारमा शिक्षा कार्यालयले उपलब्ध गराएको CAS फारम अनुसार बढी जानेको भए तीन वटा (√√√), त्यो भन्दा कम भए दुई वटा (√√) र कमजोर भए एउटा रेजा (√) लगाउने।
- अर्को पाठ पढाउँदा एउटा रेजा (√) पाउनेलाई सिकाइमा बढी जोड दिने।
- पछाडिका पाठ पढाउँदा अगाडिका पाठमा भएका कुरा सिकेमा, पहिले गरेको मूल्याङ्कन परिवर्तन गरी रेजा थप्ने।

- निरन्तर विद्यार्थी मूल्याङ्कनको तरिका अपनाउँदा कुनै जटिलता आइपरे प्रधानाध्यापकसँग छलफल गर्नुपर्छ। शिक्षकलाई सिकाइ मूल्याङ्कनमा सघाउने मुख्य दायित्व प्रधानाध्यापकको हो। प्रधानाध्यापकलाई पनि कुनै सन्देह भएमा स्रोतव्यक्ति वा विद्यालय निरीक्षकको सहयोग लिएर आफ्ना शिक्षकलाई सहयोग गर्नुपर्छ।

### झ. घुम्ती बैठक सञ्चालन

सिकाइ तथा अनुभव आदान प्रदान गर्न पायक पर्ने विद्यालयहरूको समूह बनाएर विद्यालयहरूबीच घुम्ती बैठक गर्दा आपसका राम्रा अभ्यासहरूको विस्तार सम्भव हुन्छ। यस्ता बैठकमा प्रधानाध्यापक, विद्यालय व्यवस्थापन समितिका प्रतिनिधि तथा कक्षा शिक्षकहरूको उपस्थिति गराउने र भ्रमण गरिएको विद्यालयको व्यवस्थापन, पठनपाठन, सरसफाइ, कक्षा सजावट जस्ता कार्य अवलोकन गर्नु उपयुक्त हुन्छ। घुम्ती बैठकमा सवल पक्ष तथा सुधार्न सकिने क्षेत्रहरूबारे सकारात्मक ढङ्गले छलफल गर्ने अभ्यासबाट उन्नत सिकाइयुक्त विद्यालय बनाउन सकिन्छ। यस्ता बैठक सञ्चालन गर्न विद्यालयहरूले पालैपालो जिम्मा लिएर आवश्यक व्यवस्था मिलाउन सक्छन्। यसका लागि प्रतिबद्धताको खाँचो पर्दछ।

## राम्रा अभ्यासबाट सिकौं

क) बाल केन्द्रित सिकाइ अवधारणाको प्रयोगबाट छोटो समयमा विद्यालयमा आएको परिवर्तनको कथा अध्ययन गरी दिइएका प्रश्नबारे छलफल गर्नुहोस् ।

### बाल विद्या मन्दिरमा सिसिएलले ल्याएको परिवर्तन

दुई वर्ष अगाडिसम्म शिक्षकसँग डराएर बोल्न नसक्ने विद्यार्थी अहिले शिक्षक एकछिन कक्षाबाहिर बस्नु हुँदैन 'कक्षामा जाऊँ सर' भनेर बोलाउन पुग्छन् । कोही कक्षाका भित्तामा कोरिएका चित्र, अक्षर तथा अङ्कहरू देखाउँदै पढ्न थाल्छन् । कोही गोटीहरू मिलाएर शब्द बनाउन थाल्छन् । कक्षा कोठा आकर्षक र विद्यार्थी सफा छन् ।

यो दृश्य कैलाली जिल्लाको भजनी गाविसमा पर्ने ठेंगरपुरमा सञ्चालित बाल विद्या मन्दिर प्राथमिक विद्यालयको हो । यस विद्यालयमा बाल केन्द्रित शिक्षण सिकाइ अनुसार पढाउन थालिएपछि बालबालिकामा यस्तो परिवर्तन आएको हो ।

बालमैत्री तरिकाले खेलीखेली, नाचीनाची, गीत गाएर, कथा सुनेर, समूह कार्य गरेर, दृश्यात्मक वस्तुहरूको प्रयोग गरेर पढ्न पाएपछि बालबालिकाको व्यक्तित्व विकासका साथै सिकाइ उपलब्धि पनि बढेको छ । गाउँकै सरकारी विद्यालयमा पढाइ राम्रो हुनथालेपछि अघिल्लो वर्षसम्म निजी विद्यालय (बोर्डिङ स्कुल) मा भर्ना गर्ने अभिभावकले आफ्ना छोराछोरीलाई यस्ता सरकारी विद्यालयमा भर्ना गर्न थालेका छन् । बालमैत्री तरिकाबाट राम्रो पढाइने र निःशुल्क भएकाले उनीहरूले बोर्डिङ स्कुल छाडेका हुन् ।

नजिकैको निजी विद्यालयबाट आएका कक्षा २ मा पढ्ने ७ वर्षे मोहनराज बुढाको भनाई यस्तो छ, "सरले खेलाएर रमाइलोसँग पढाउनु हुन्छ । बोर्डिङमा पढ्न पैसा लाग्छ, यहाँ लाग्दैन ।"

बोर्डिङ छाडेर आएकी २ कक्षाकी दिव्यश्वरी जोशी भन्छिन्- "सरले कथा भनेर, चित्र देखाएर, गीत गाएर, नाचेर, खेलेर रमाइलोसँग पढाउनु हुन्छ । मलाई स्कुल जान मन लाग्छ ।"

विद्यालयमा आएको परिवर्तनबाट विद्यालय व्यवस्थापन समितिका अध्यक्ष राजु थारू खुशी हुनुहुन्छ । उहाँका अनुसार बाल केन्द्रित शिक्षण सिकाइबाट पढाइ हुनथालेपछि विद्यार्थीको बानी, व्यवहार र सिकाइमा निकै परिवर्तन आएको छ । उनीहरूको बोलिचाली, पढाइ लेखाइ पहिलेभन्दा राम्रो भएर शैक्षिक गुणस्तर बढेको छ । त्यसैले अरू विद्यालयका विद्यार्थीसमेत त्यस विद्यालयमा आउन थालेका हुन् ।

विद्यालयका प्रधानाध्यापक दया चौधरी भन्नुहुन्छ- “यस वर्ष (२०६९) मात्र बोर्डिङबाट ३३ जना विद्यार्थी हाम्रो विद्यालयमा आएका छन्। हामी यहाँ बाल केन्द्रित शिक्षण सिकाइ (सिसिएल) पद्धति अनुसार पढाउँछौँ। विद्यालयका कक्षा कोठा पनि रङ्गीचङ्गी र आकर्षक बनाएका छौँ। हाम्रो विद्यालयको पढाइको स्तरमा निकै सुधार भएकाले समाजमा हाम्रो विद्यालयको इज्जत बढेको छ। यसले गर्दा हामी शिक्षकलाई पनि सन्तुष्टि मिलेको छ।”

उहाँले अघिल्लो वर्ष १६४ जना विद्यार्थी रहेकोमा अहिले २३५ जना पुगेको, गत वर्ष तीन विद्यार्थी गाउँबाट अन्यत्र गएका बाहेक अरू सबै नियमित विद्यालय आइरहेको जानकारी दिनुभयो।

विद्यालयको योजना अनुसार कक्षा कोठा, शिक्षण सिकाइ सामग्री व्यवस्थाका साथै कक्षा १ देखि ३ सम्मका शिक्षकलाई बाल केन्द्रित शिक्षण सिकाइ तालिम उपलब्ध गराइएको छ।

सिसिएल अवधारणा अनुसार पठनपाठन गर्न विद्यालय व्यवस्थापन समितिले अभिभावकको संलग्नतामा निर्णय गरी आफ्नो प्रतिबद्धता सार्वजनिक गरेको छ। पाँच वर्ष अघिमात्र समुदायको पहलमा खुलेको विद्यालय भएकाले आर्थिक स्रोत निकै कमजोर थियो। विभिन्न सरकारी तथा गैरसरकारी संस्थासँग समन्वय गरेर सहयोग जुटाइएको छ। जुटेको स्रोतबाट कक्षा कोठा निर्माण, शिक्षकहरूलाई सिसिएल तालिम, शिक्षण सिकाइ सामग्रीको व्यवस्था गरी कक्षा १ देखि ३ सम्म सिसिएल अवधारणा अनुसार पठनपाठन भइरहेको छ।

शिक्षक, प्रधानाध्यापक, विद्यार्थी, विद्यालय व्यवस्थापन समिति र अभिभावकको निरन्तरको मिहिनेत र प्रतिबद्धताले विद्यालयको अवस्थामा परिवर्तन गर्न महत्त्वपूर्ण भूमिका निर्वाह गरेको छ।

आफ्नो समूहमा तलका प्रश्नका आधारमा छलफल गर्नुहोस्।

१. माथिको विद्यालयमा बाल केन्द्रित शिक्षण सिकाइ गर्न के कस्ता क्रियाकलाप भएका पाउनु भयो ?
२. माथिको विद्यालयमा विद्यार्थी रमाएर सिकाइमा केन्द्रित हुनुका कारण के के होलान् ?
३. तपाईंको विद्यालयमा बाल केन्द्रित सिकाइ गर्न के के गरिरहनु भएको छ र अरू के गर्नुपर्ला भन्ने विषयमा समूहमा छलफल गर्नुहोस्।

ख) राम्रो उपलब्धि हासिल गरिरहेका केही विद्यालयले शिक्षण सिकाइमा गरेका बाल केन्द्रित सिकाइ अवधारणाको कार्यान्वयनबाट भएका परिवर्तन निम्नानुसार छन्। यी सूचकका आधारमा आफ्नो विद्यालयको अवस्था आँकलन र योजनामा समावेश गर्नु पर्ने कुरा निक्र्योल गर्नुहोस्।

| गरेको काम | आएको परिवर्तन | तपाईंको विद्यालयमा गरेको भए चिन्ह √ लगाउनुहोस् | नगरेको तर गर्न सकिने र गर्नु पर्ने भए चिन्ह √ लगाउनुहोस् |
|---|---|---|---|
| • विव्यसमा बाल केन्द्रित सिकाइको अवधारणालाई प्रयोगमा ल्याउनेबारे निर्णयगरी अभिभावकको भेला बोलाई सार्वजनिक गरेको,<br>• सानो कक्षाका लागि फराकिला, राम्रा, झ्याल ढोका लगाउन मिल्ने फ्लोरिङ्ग गरिएको र वरिपरि बालबालिकाले भेट्नसक्ने गरी कालोपाटी राखिएका कक्षा कोठाको व्यवस्था गरेको,<br>• बाल केन्द्रित शिक्षण सिकाइको अवधारणासम्बन्धी तालिममा कम्तीमा प्राथमिक तहका शिक्षकलाई सहभागी गराइएको,<br>• कक्षा कोठामा व्यवस्था गरिएका सामग्रीको सजावट र सफासुग्घर राख्न जबचार्ट बनाएर कार्यान्वयन गरिएको,<br>• शिक्षक र विद्यार्थीको सहभागितामा विद्यालयमा नियमित सरसफाइको व्यवस्थापन गरिएको,<br>• कक्षाभित्र भित्तेलेखन, जबचार्ट, आचार संहिता, फोहर फाल्ने भाँडो, शैक्षिक सामग्रीको बाकस, ऐना, काँइयोको उचित व्यवस्थापन गरिएको,<br>• जुत्ता, चप्पल बाहिर राख्ने व्यवस्था गरिएको,<br>• विद्यार्थीको उमेर अनुसार खेल सामग्रीको व्यवस्था र प्रयोग गरिएको,<br>• शिक्षण सिकाइ प्रक्रियामा सह-सिकाइ तथा अतिरिक्त क्रियाकलापहरूको योजना गरिएको,<br>• शिक्षक, विद्यार्थी तथा अभिभावकबीच पठनपाठनको सुधारबारे नियमित अन्तर्क्रिया हुनेगरेको,<br>• सिकाइ क्रियाकलाप गराउँदा सानो सानो समूहमा राखेर सबैले अवसर पाउने व्यवस्था गरिएको,<br>• निरन्तर मूल्याङ्कनका आधारमा विद्यार्थीको सिकाइको अवस्था पत्ता लगाई सुधार गरिएको,<br>• विव्यस र शिअसं ले बेलाबेलामा अवलोकन गरी कक्षा व्यवस्थापन र बाल केन्द्रित सिकाइमा थप मद्दत पुऱ्याएको,<br>• शिक्षकको मासिक बैठकमा शिक्षण सिकाइको अवस्था र सुधारका विषयलाई एजेण्डा बनाएर छलफल गरिएको, | • विद्यालयमा बाल केन्द्रित शिक्षण सिकाइको अवधारणा लागू गर्न यो जना निर्माण भएको,<br>• कक्षा कोठाहरू आकर्षक भएका,<br>• विद्यार्थी विद्यालय आउन रमाएका र विद्यार्थीको औसत उपस्थिति दर बढे को,<br>• सबै विद्यार्थी सिकाइ क्रियाकलापमा सक्रियरूपमा संलग्न हुनेगरेका,<br>• अभिभावकको सहयोग र संलग्नता बढेको,<br>• विद्यार्थीमा व्यक्तिगत तथा विद्यालय सरसफाइ, लाइनमा हिड्ने, शिक्षकसँग छलफल गर्ने, पालो पर्खने जस्ता बानीको विकास भएको,<br>• विद्यार्थीको औसत सिकाइ उपलब्धिमा गुणात्मक सुधार आएको, | | |

| गरेको काम | आएको परिवर्तन | तपाईँको विद्यालयमा गरेको भए चिन्ह √ लगाउनुहोस् | नगरेको तर गर्न सकिने र गर्नु पर्ने भए चिन्ह √ लगाउनुहोस् |
|---|---|---|---|
| • शिक्षकहरूबीच शिक्षण सिकाइका विधि र तरिकाबारे छलफल हुनेगरेको,<br>• वार्षिक तथा मासिक योजना बनाएर कक्षा कोठामा राख्ने र त्यसको प्रयोग गर्ने गरेको,<br>• शिक्षकले मासिक कार्ययोजनालाई समीक्षागरी शिक्षण सिकाइको योजना र शिक्षण क्रियाकलापमा सुधार गरेको,<br>• कक्षा शिक्षक अनुपस्थित भएको दिन अन्य शिक्षकबाट पठनपाठनको व्यवस्था मिलाउने गरेको,<br>• विद्यालयलाई भय र दण्डरहित बनाउन कडाइका साथ आचार संहिता पालन गरेको,<br>• आमा समूहको नियमित बैठक बसी बालबालिकाको प्रगतिबारे समीक्षा र आवश्यक सहयोग गरेको,<br>• शिक्षकको सक्रियतामा स्थानीयस्तरमा उपलब्ध हुने शिक्षण सिकाइ सामग्री जुटाएर प्रयोग गरेको। | | | |

विद्यालय समुदायले विद्यालयको शिक्षण सिकाइको स्तरोन्नतिका विभिन्न तरिका पत्ता लगाउन सक्छ। विद्यालयको प्रभावकारिता बढाउन मुख्य सुधार गर्नु पर्ने क्षेत्र भनेको शिक्षण सिकाइ नै हो तर शिक्षण सिकाइबारे विद्यालय समुदायमा ज्यादै कम छलफल हुने गरेको पाइन्छ। सिकाइ प्रक्रिया गतिशील हुने भएकाले यसका लागि नयाँ विकल्प र अभ्यासहरू अपनाउनु पर्ने हुन्छ। यस सन्दर्भमा बालकेन्द्रित शिक्षण सिकाइ एउटा प्रभावकारी विकल्प हो। यस अवधारणाको प्रयोग विद्यालयका सबै कक्षामा गर्न सकिन्छ।


सगरमाथा बाल क्लब
गुणस्तरीय शिक्षाको लागि नाटक प्रदर्शनी

# विद्यालयमा बाल क्लब






**बा**ल क्लब भनेको बालबालिकाले आफ्नो रुचि अनुसार गतिविधि गर्ने थलो हो। बालबालिकामा भिन्न भिन्न रुचि हुन्छन्। बाल क्लबका माध्यमले उनीहरूलाई रुचि अनुसार एक ठाउँमा आउने, छलफल गर्ने र क्रियाकलापहरू गर्ने अवसर प्राप्त हुन्छ। यसले बालसहभागिता बढाउन र बालबालिकालाई सामाजिक गतिविधिहरूमा ठाउँ दिन पनि मद्दत गर्छ।

पहिले पहिले बालबालिकाले केही जानेका हुँदैनन्, त्यसैले उनीहरूका लागि वयस्क व्यक्ति तथा अभिभावकले सम्पूर्ण निर्णय गरिदिनु पर्छ भन्ने मान्यता थियो। यतिबेला बालबालिकाका सरोकारका विषयमा निर्णय गर्दा उनीहरूको सहभागितालाई महत्त्वपूर्ण ठान्न थालिएको छ। यो भनेको बालबालिकाको सहभागिताको अधिकारलाई सम्मान गर्न खोजिएको हो।

विद्यालय शिक्षामा दिन प्रतिदिन बाल क्लबको महत्त्व बढिरहेको छ। जुन विद्यालयमा सक्रिय बाल क्लब छन्, ती विद्यालयका विद्यार्थीको सिकाइको स्तर पनि राम्रो रहेको पाइन्छ। विद्यालयमा गरिने सह-सिकाइ र अतिरिक्त क्रियाकलाप सञ्चालन गर्न, विद्यार्थीको रुचि अनुसार दक्षता बढाउन, आपसमा मिलेर काम गर्न, सहयोगको भावना विकास गर्न, नेतृत्व गर्न र सिर्जनात्मक तथा अनुसन्धानात्मक काम गर्न बाल क्लबको भूमिका महत्त्वपूर्ण रहन्छ। त्यसैले हरेक सफल विद्यालयले बाल क्लब निर्माण र विकासका लागि योजनाबद्ध तरिकाले प्राथमिकताका साथ काम गरेको पाइन्छ। बाल क्लबहरू बालबालिकाको आत्मविश्वास बढाउन, आफ्नो अधिकार र कर्तव्यका बारेमा जानकारी सङ्कलन गर्न र आफ्नो बारे आफैँ निर्णय लिनसक्ने बनाउन पनि सहायक सिद्ध भएका छन्।

## विद्यालयमा बाल क्लबको आवश्यकता

बाल क्लब विद्यालयमा विद्यार्थीको सहभागिता बढाउन र बालबालिकाको क्षेत्र (Children's Space) लाई फराकिलो बनाउने महत्त्वपूर्ण माध्यम हो। यसबाहेक तलका बुँदाहरूमा विद्यालयमा बाल क्लबको

आवश्यकता तथा महत्त्वबारे उल्लेख गरिएको छ। यसको अध्ययनबाट विद्यार्थी किन बाल क्लबमा संलग्न हुने भन्ने प्रश्नको उत्तर पनि प्राप्त हुनेछ।

**सिप विकास गर्न** : बाल क्लबका माध्यमबाट बालबालिकाले आफ्नो रुचि अनुसारका कला तथा सिप विकास गर्ने अवसर पाउँछन्। विभिन्न क्रियाकलापमा सहभागी हुने र नयाँ सिपहरू सिक्ने अवसर पाउँदा बालबालिकामा 'म पनि केही गर्न सक्छु' भन्ने आत्मविश्वास बढ्छ। यो आत्मविश्वासले नै उनीहरूलाई जीवनमा सफल बन्न सघाउँछ।

**साथी बनाउन** : बाल क्लबले विद्यार्थीलाई आफ्नो चाहनासँग मिल्ने साथी बनाउने साझाथलो उपलब्ध गराउँछ। बाल क्लबमा सामेल हुँदा बालबालिकाले आफ्नो रुचि मिल्ने साथी पाउँदा सजिलो अनुभव गर्छन्। त्यतिबेला बनेका कतिपय साथी जीवनभरि साथीका रूपमा रहिरहन्छन्।

**बाहिर निस्केर केही गर्न** : कक्षाभित्रको सिकाइले मात्र बालबालिकालाई पुग्दैन। उन्नत सिकाइका लागि कक्षा कोठाबाहिरका क्रियाकलापमा पनि उनीहरू सामेल हुनुपर्छ। कक्षा कोठाबाहिर गरिने क्रियाकलाप शिक्षकको सहयोगमा विद्यार्थी आफैँ मिलेर गर्नसक्छन्। यस काममा पनि बाल क्लबको आवश्यकता पर्दछ। यतिबेला विद्यालयको कक्षा सकिएपछि घरमा गएर टेलिभिजन हेरेर बस्ने, भिडियो गेम खेल्नेक्रम सहरदेखि गाउँघरसम्म बढिरहेको छ। यस्तो बानीले बालबालिकाको शारीरिक र मानसिक विकासमा अवरोध पुऱ्याइरहेको हुन्छ। यस्तो परिवेशमा बाल क्लबको सक्रियताले उनीहरूलाई कोठाबाट बाहिर निस्कन र खेलकुदलगायतका सिर्जनात्मक काममा लाग्न अवसर प्रदान गर्दछ।

**तनावबाट बाहिर आउन** : अध्ययन र सिकाइ क्रियाकलापले बालबालिकाको मस्तिष्कमा तनाव सिर्जना गरिरहेको हुन्छ। यस्तो तनावबाट बाहिर आउन बाल क्लब र यसका गतिविधिले मद्दत गर्दछन्। आफ्नो इच्छा र रुचि अनुसार बालबालिकाले विभिन्न क्रियाकलापमा सहभागी हुने अवसर पाउँछन्। किशोरावस्थाका बालबालिकालाई तनावबाट बाहिर आउन सिर्जनात्मक अवसर प्रदान गरिएन भने उनीहरू लागू पदार्थ सेवन जस्ता दुर्व्यसनमा फस्ने खतरा हुन्छ।

**समूहमा काम गर्ने तरिका सिक्न** : आजको युगमा मिलेर काम गर्नुको विकल्प छैन। बाल क्लबका माध्यमबाट बालबालिकाले सामूहिक लक्ष्यका लागि समूहमा मिलेर काम गर्ने तरिका सिक्न पाउँछन्। जित्नका लागि खेल खेलिरहेका होऊन वा समुदायको भलाइका लागि केही क्रियाकलाप गरिरहेका होऊन्, उनीहरूले मिलेर काम गर्ने तरिका सिकिरहेका हुन्छन्।

**नेतृत्व सिप र जिम्मेवारी लिन** : बाल क्लबका माध्यमबाट विद्यार्थीले आफ्नो क्लबले गर्ने कामहरूको निर्णय लिन, योजना बनाउन र त्यसको कार्यान्वयनका लागि जिम्मेवारी बाँडफाँट गरी काम गर्न सिक्छन्। यस प्रक्रियाले उनीहरूमा आत्मनिर्भर र जवाफदेही बन्न सिकाइरहेको हुन्छ।


**विद्यालय र समुदायको हितमा काम गर्न** : बालबालिकाले विद्यालयको शैक्षिक तथा सरसफाइ आदि वातावरण सुधारका काम, आचार संहिताको कार्यान्वयन, विद्यालयका गतिविधिमा संलग्नता जस्ता

क्षेत्रमा आवश्यकता अनुसार नेतृत्वदायी र सहयोगी भूमिका निर्वाह गर्न सक्छन्। यसका साथै बाल क्लबको नेतृत्वमा समुदाय-सचेतना कार्यक्रम पनि सञ्चालन गर्न सक्छन्, जसले उनीहरूमा सामाजिक जिम्मेवारीको भावना बढाउन सघाउनुका साथै उनीहरूको व्यक्तित्व विकासमा समेत मद्दत पुऱ्याउँछ।

## बाल क्लब गठन र सञ्चालन प्रक्रिया

विद्यार्थीको रुचि र आवश्यकता अनुसार विद्यालयमा बाल क्लब गठन र सञ्चालन गरिन्छन्। बाल क्लबलले उनीहरूको ज्ञान, सिप र दक्षता बढाउनका साथै शारीरिक तथा मानसिक विकासमा समेत महत्त्वपूर्ण भूमिका निर्वाह गर्नसक्छ।

बाल क्लब गठन र यसको सञ्चालन प्रक्रिया यस्तै हुनुपर्छ भन्ने हुँदैन। त्यो कुरा सम्बन्धित विद्यालयमा यस अघि भएका अभ्यासमा पनि भर पर्छ। यहाँ एउटा विद्यालयमा बाल क्लब गठन र त्यसको सञ्चालनका लागि अपनाउनु पर्ने चरणका आधारमा गर्नु पर्ने काम उल्लेख गरिएको छ।




**पहिलो चरण : विद्यालयमा बाल क्लबको आवश्यकतामा छलफल**

बाल क्लब गठन र सञ्चालनका लागि गर्नु पर्ने पहिलो काम भनेको बाल क्लबको आवश्यकताका बारेमा छलफल हो। शैक्षिक सत्रको सुरुमा शिक्षकको मासिक बैठकको अवसर पारेर यस्तो छलफल कार्यक्रम गर्ने योजना बनाउँदा राम्रो हुन्छ। छलफलका लागि माथि विद्यालय बाल क्लबको आवश्यकता भन्ने शीर्षकमा उल्लेख गरिएका कुरालाई सन्दर्भको रूपमा प्रयोग गर्न सकिन्छ। विद्यालयले बाल

क्लबको आवश्यकताका बारेमा वक्तृत्वकला, निबन्ध जस्ता विधाको प्रतियोगिता आयोजना गर्दा अझ प्रभावकारी हुन्छ। यदि शिक्षक तथा विद्यालय प्रशासनले ध्यान नदिइरहेको अवस्था छ भने विद्यार्थीले शिक्षक तथा प्रधानाध्यापकसँग छलफल गरेर बाल क्लब गठन प्रक्रिया अघि बढाउनु पर्दछ।

**दोस्रो चरण : विद्यार्थीको रुचि र उनीहरू संलग्न हुनचाहेको क्षेत्र पहिचान**
दोस्रो चरण बालबालिकाको सहभागिताका हिसाबले महत्त्वपूर्ण छ। यस चरण अन्तर्गत बालबालिकाको रुचि र उनीहरू संलग्न हुनचाहेको क्षेत्र पहिचान गरिन्छ। यसबाट विद्यालयमा कतिवटा क्लब गठन गर्ने र कसरी सञ्चालन गर्ने भन्ने निर्णय लिन सजिलो हुन्छ।

बालबालिका भिन्न भिन्न रुचि भएका हुन्छन्। आफ्नो रुचि अनुसारका क्रियाकलापमा सहभागी हुने अवसर पाए भने उनीहरूको ज्ञान, सिप र आत्मविश्वास बढ्छ। त्यसैले बाल क्लब गठन गर्नुभन्दा पहिले बालबालिकाका रुचि पहिचान गर्नु पर्ने हुन्छ। यसका लागि कक्षा शिक्षकहरूबाट कक्षागत छलफल सञ्चालन गर्दा उपयुक्त हुन्छ। कक्षागत छलफलका आधारमा सङ्कलन भएका विद्यार्थीका रुचिका क्षेत्रलाई एक ठाउँमा जम्मा गरेर कतिवटा बाल क्लब गठन गर्ने भन्ने निर्णय गर्न सकिन्छ। माध्यमिक तहका विद्यालयले छलफलको प्रक्रियामा उपल्लो कक्षाका छात्र–छात्रालाई नेतृत्वदायी भूमिका दिन पनि सक्छन्। यसो गर्दा बालबालिकाको सक्रिय सहभागिता बढ्छ।

सामान्यतया विद्यालयका बालबालिकामा विभिन्न खेल खेल्ने, संगीत सिक्ने, नाटकलगायत सांस्कृतिक कार्यक्रमहरू गर्ने, चित्र बनाउने, छलफल तथा बहसमा भाग लिने, हाजिरी जवाफ प्रतियोगितामा भाग लिने, वातावरण संरक्षणमा सहभागी हुने जस्ता रुचि पाइन्छन्। उमेरका आधारमा पनि रुचिमा भिन्नता पाइन्छ। त्यसैले प्राथमिक तहका बालबालिकाका रुचिलाई पनि छलफलमा ध्यान दिइनु पर्छ, जसले गर्दा उनीहरूका रुचि अनुसार पनि क्लब गठन हुन सकून्।

**तेस्रो चरण : पहिचान गरेका क्षेत्र अनुसार बाल क्लब गठनको निर्णय र गठन**
यस अन्तर्गत विद्यार्थीका रुचि अनुसार कस्ता र कतिवटा बाल क्लब गठन गर्ने भन्ने निर्णय गर्ने र ती बाल क्लब गठन गर्ने काम पर्छन्। शिक्षकहरूले सङ्कलन गरिएका रुचि र आवश्यकताका क्षेत्रका आधारमा विद्यालयमा कस्ता र कतिवटा बाल क्लब गठन गर्ने भन्ने छलफल गरेर प्रस्ताव तयार गर्नुपर्छ। त्यस्तो प्रस्तावलाई पुनः विद्यार्थीमाझ छलफल चलाएर अन्तिम निर्णय लिनुपर्छ। निर्णयपछि सबै कक्षाका विद्यार्थीलाई विद्यालयमा गठन गरिने क्लबबारे सूचित गर्नुपर्छ।

त्यसपछि क्लब निर्माणको मिति तय गर्ने र त्यसको तयारी गर्ने काममा विद्यार्थीलाई सहभागी गराई सम्पन्न गर्नुपर्छ। विद्यालयमा गठन हुने बाल क्लबमा एकजना विद्यार्थी उनको रुचि अनुसार विभिन्न क्बलमा सहभागी हुन पनि सक्छन् तर नेतृत्व भने एउटा क्लबमा मात्र गर्न पाउने नियम बनाउँदा धेरै बालबालिकाले नेतृत्व गर्न पाउने अवसर पउँछन्।

बाल क्लब गठन गर्दा सम्बन्धित क्षेत्रमा रुचि भएका विद्यार्थीको भेला आयोजना गर्नु पर्दछ। जस्तै : पेन्टिङ्ग क्लब बनाउने निर्णय भएको छ भने क्लब बनाउँदा पेन्टिङ्गमा रुचि भएका सबै विद्यार्थीलाई खबर

गरेर भेला आयोजना गर्नुपर्छ। यस्ता क्लब शिक्षक र विद्यार्थीबीच छलफल गरेर एउटै दिन वा भिन्न भिन्न दिनमा गठन गर्न सकिन्छ। बाल क्लबमा आवश्यकता अनुसार पद र कार्यविभाजन गर्न सकिन्छ। सामान्यतया अध्यक्ष, उपाध्यक्ष, सचिव, कोषाध्यक्ष र सदस्यहरू रहेको क्लब निर्माण गरेको पाइन्छ।

**चौथो चरण : हरेक बाल क्लबका लागि सहयोगी शिक्षक चयन र वार्षिक कार्ययोजना निर्माण**
यो कार्ययोजना बनाउने चरण हो। यस चरणमा विद्यालयले हरेक बाल क्लबका लागि एक एक जना सहयोगी शिक्षक उपलब्ध गराउने र क्लबहरूको वार्षिक योजना निर्माण गर्ने काम गरिन्छ।

शिक्षकको बैठकबाट कुन क्लबका लागि कुन शिक्षकलाई सहयोगी शिक्षकको जिम्मेवारी दिने भन्ने निर्णय लिइनुपर्दछ। यसक्रममा शिक्षकको रुचिलाई मुख्य आधार बनाउँदा राम्रो हुन्छ। शिक्षकको बैठकबाट गरिएको जिम्मेवारी बाँडफाँटलाई विव्यस को बैठकमा छलफल गरेर निर्णय गर्ने र शिक्षक अभिभावक समितिको बैठकमा जानकारी गराउँदा भविष्यमा विद्यार्थीका क्रियाकलापमा अभिभावकको सहयोग प्राप्त गर्न सजिलो हुन्छ।

सहयोगी शिक्षक तोकिएपछि सम्बन्धित शिक्षकले आफूले सहयोग गर्ने बाल क्लबको बैठक बोलाउन लगाउनु पर्छ। सबै क्लबका बैठक एकै दिनमा वा भिन्न भिन्न दिनमा आयोजना गर्न सकिन्छ। यस्ता बैठकमा शिक्षकले मुख्यरूपमा निम्न दुई पक्षमा ध्यान पुऱ्याउनु पर्छ।

**क्लबको बैठक सञ्चालन तरिकाबारे जानकारी** : बैठकमा सहयोगी शिक्षकले बैठक बस्ने नियम, प्रस्ताव पेश गर्ने र सबैलाई सहभागी गराई छलफल गर्ने तरिका, निर्णय लिने र निर्णय पुस्तिकामा लेख्ने तरिका जस्ता कुरा सिकाउन बिर्सनु हुँदैन। बैठक सञ्चालन र व्यवस्थापनका बारेमा जानकारी पाएपछि उनीहरू क्रमशः आफैँ छलफल चलाउने र निर्णय लिनसक्ने हुन्छन्।

**योजना निर्माण** : बैठक सञ्चालनबारे प्रशिक्षित गरेपछि वार्षिक योजना निर्माणमा सहयोग गर्नुपर्छ। यस प्रक्रियामा विद्यार्थी कस्ता कस्ता गतिविधि गर्न चाहन्छन्, त्यसको आयोजना कुन महिना र मितिमा गर्दा उपयुक्त हुन्छ, कुन क्रियाकलाप गर्न कसको सहयोग आवश्यक पर्छ, क्रियाकलापको मुख्य जिम्मेवारी कसले लिने भन्ने जस्ता विषय खुलाई योजना बनाउँदा राम्रो हुन्छ। कतिपय कार्यक्रम विद्यालयका बाल क्लबहरूले संयुक्तरूपमा योजना तयार गरेर आयोजना गर्न सक्छन्। यस्ता संयुक्त कार्यक्रमको योजना बनाउँदा पनि शिक्षहरूले सुझाव दिनु पर्ने हुन्छ। एउटा बाल क्लबले गर्ने कार्यक्रमहरूको योजनाको खाका नमूनाका रूपमा तल दिइएको छ।

| क्रियाकलापहरू | महिना, गते | सहयोग लिनु पर्ने व्यक्तिहरू | तयारीका लागि आवश्यक कुराहरू | मुख्य जिम्मेवार व्यक्तिहरू |
|---|---|---|---|---|
| | | | | |
| | | | | |

वार्षिक योजना क्रियाकलापको सूची बनाएर मोटामोटीरूपमा तयार गरिए पनि क्लबको मासिक बैठकमा त्यसको विस्तृत योजना बनाउँदा कार्यान्वयनमा कमी कमजोरी रहने सम्भावना कम हुन्छ। विद्यालयले बाल क्लबले बनाएका योजना सफल पार्न गर्नु पर्ने सहयोगसम्बन्धी विषय विद्यालय सुधार योजनामा सामेल गरिनु पर्छ। यसबाट बाल क्लबले प्रतियोगिताका लागि चाहिने पुरस्कारलगायतका सहयोग विद्यालयबाट प्राप्त गर्न सक्छन्।

**पाँचौँ चरण : कार्यक्रम कार्यान्वय, मूल्याङ्कन र नयाँ योजनामा समायोजन**

वार्षिक तथा मासिकरूपमा योजना तयार गरे अनुसार कार्यक्रम कार्यान्वयनको नेतृत्व सहयोगी शिक्षकसँगको परामर्श र सहयोगमा बाल क्लबले लिनुपर्छ। प्राथमिक विद्यालयमा भने यसको नेतृत्व सहयोगी शिक्षकले गर्नुपर्छ। हरेक कार्यक्रम सम्पन्न गरिसकेपछि क्लबका सबै सदस्य जम्मा भएर कार्यक्रमको सफलता र सुधार गर्नु पर्ने पक्षहरूबारे समीक्षा गर्नुपर्छ। यसोगर्दा भविष्यमा गरिने कार्यक्रमहरू अझ बढी प्रभावकारी बनाउने तरिका थाहा हुन्छ। समीक्षा गर्दा सहयोगी शिक्षक, अन्य शिक्षक तथा विद्यार्थी र प्रधानाध्यापकको पनि प्रतिक्रिया सुनिनु पर्छ।

वार्षिकरूपमा गरिएका योजना र क्लबले गरेका कार्यक्रमको समीक्षा शैक्षिक सत्रको अन्त्यमा गर्दा राम्रो हुन्छ। यो समीक्षाले आ–आफूले निर्वाह गरेको जिम्मेवारीमा गर्व महसुस गराउने र राम्रो काम गर्ने प्रेरणा दिनुका साथै आगामी वर्ष गर्नु पर्ने कार्यक्रमका बारेमा सल्लाह प्राप्त गर्न सकिन्छ। सहयोगी शिक्षकले राम्रो योगदान गर्ने विद्यार्थीको प्रशंसा गर्न र हौसला दिन चुक्नुहुँदैन। वार्षिक समीक्षाले वर्षभरि गरिएका कामको मूल्याङ्कन गर्न र आगामी वर्षमा गर्नु पर्ने कार्यक्रमहरूको सूची तयार गर्न मद्दत गर्दछ।

## बाल क्लब सञ्चालन गर्दा ध्यान दिनु पर्ने कुरा

विद्यालयमा बाल क्लब सञ्चालन गर्दा निम्न कुरामा ध्यान पुऱ्याउनु पर्छ :

- **समान अवसरको प्रत्याभूति (ग्यारेण्टि)** : विद्यालयमा विभिन्न आर्थिक, सामजिक, सांस्कृतिक र शारीरिक अवस्थाका बालबालिका हुन्छन्। त्यसैले बाल क्लबमा यी सबैखाले बालबालिकाको सहभागिता र क्रियाकलापमा सबैले समान अवसर पाउने वातावरण निश्चित गरिनु पर्छ। छात्राका साथै अपाङ्गता भएका बालबालिकाको सहभागितामा विशेष ध्यान दिनु आवश्यक हुन्छ। त्यसैगरी उमेरका आधारमा प्राथमिक तहका बालबालिकाले पनि अबसर पाएका हुँदैनन्। उनीहरूका रुचि अनुसारका क्लब निर्माण गरेर प्रतियोगिता तथा क्रियाकलापहरू सञ्चालन गरिदिनु पर्छ। साना कक्षाका विद्यार्थी (बालबालिका) का लागि ठूलो कक्षाका विद्यार्थीले कार्यक्रम सञ्चालन गरिदिँदा प्रभावकारी हुन्छ।

- **विद्यालयको शैक्षिक योजनासँग तालमेल** : बाल क्लबका गतिविधिलाई विद्यालयको वार्षिक शैक्षिक योजनासँग तालमेल मिलाइएको हुनुपर्छ। यसले गर्दा विद्यालयको शिक्षण सिकाइ योजनामा सहयोग पुग्छ। त्यसैले बाल क्लबका योजनालाई विद्यालयको वार्षिक शैक्षिक क्यालेण्डरमा समावेश गरिनु पर्छ र विद्यालय सुधार योजनामा पनि उल्लेख गरिनु पर्छ। यसो गर्दा बाल क्लबलाई सबै पक्षको सहयोग उपलब्ध हुनसक्छ।

- **अन्य बाल क्लबसँग तालमेल** : विद्यालयमा विद्यार्थीको रुचि र आवश्यकता अनुसार विभिन्न बाल क्लब हुनसक्ने भएकाले उनीहरूबीच आवश्यक तालमेल र समन्वय हुनु आवश्यक हुन्छ। कतिपय कार्यक्रम उनीहरूले संयुक्तरूपमा आयोजना गर्न सक्छन् भने कतिपय अवस्थामा एउटा क्लबको कार्यक्रमलाई अरूले सहयोग गर्नु पर्ने हुन्छ। यसका साथै एउटा विद्यालयको बाल क्लबले नजिकका विद्यालयहरूसँग मिलेर पनि कार्यक्रम आयोजना गर्न सक्छन्।

- **कार्यक्रममा अभिभावकको संलग्नता** : बाल क्लबहरूले गर्ने कार्यक्रममा अभिभावकको संलग्नतालाई पनि ध्यान पुऱ्याउँदा राम्रो हुन्छ। यसबाट अभिभावकले आफ्ना नानीहरूले गरेको प्रगति जान्ने र खुसी हुने, विद्यालयका क्रियाकलापमा सहभागी हुने र बालबालिकाका काममा सहयोग गर्ने अवसर पाउँछन्। यसबाट बाल क्लबलाई विद्यालय समुदायको सहयोग जुटाउन र समर्थन प्राप्त गर्न सजिलो हुन्छ।

## राम्रा अभ्यासबाट सिकौं

क) बाल क्लब गठन र क्लबको सक्रियतापछि छोटै समयमा विद्यालयमा भएको परिवर्तनको कथा अध्ययनगरी दिइएका प्रश्नबारे छलफल गर्नुहोस्।

### बाल क्लबले लियो नेतृत्व

बालबालिकामा आएको परिवर्तन देख्दा कैलाली जिल्ला, जोशीपुरको श्री राष्ट्रिय माध्यमिक विद्यालयका प्रधानाध्यापक लालकुमार झा दङ्ग देखिनु हुन्छ। दुई वर्ष अगाडि (२०६८ सालमा) विद्यालयमा गठन भएको बाल क्लबले दङ्गै पार्ने गरी सकारात्मक गतिविधि गरिरहेको छ। प्रधानाध्यापक झा भन्नुहुन्छ- "उनीहरू (विद्यार्थी) आफैं कार्यक्रम गर्छन्। विद्यालयका हरेक कार्यक्रममा उनीहरूलाई सहभागी गराएर छलफल गर्छौं।"

कैलालीका ७५ वटा विद्यालयमा गुणस्तरीय शिक्षा कार्यक्रम लागू भएको छ। त्यस अन्तर्गत शिक्षासम्बन्धी विभिन्न कार्यक्रम हुँदै आएका छन्। यसक्रममा बाल क्लब नभएका विद्यालयमा बाल क्लब गठन गरिएका छन्। त्यस्ता बाल क्लबले विद्यालय तथा समुदायमा सकारात्मक परिवर्तनका लागि काम गरिरहेका छन्। बाल क्लब गठन तथा पुनर्गठनपछि उनीहरूले विद्यालयमा हुने हरेक कार्यक्रममा चासो लिन थाले। विद्यालयमा नियमित हुने अतिरिक्त क्रियाकलापको त पूरै नेतृत्व नै उनीहरूले गर्न थाले।

अहिले विद्यार्थीको सक्रियता र सहभागिता बढेको प्रधानाध्यापक झाको मूल्याङ्कन छ। उहाँ भन्नुहुन्छ- "विद्यालयका कार्यक्रममा विद्यार्थी सक्रिय भएर नेतृत्व नै गर्न थालेका छन्। उनीहरूले मासिकरूपमा भित्ते पत्रिका पनि निकाल्न थालेछन्। विद्यालयमा भएका समस्या एवं भोगाइलाई उनीहरूले समाचार बनाउने गरेका छन्। भित्ते पत्रिकालाई उनीहरूले आफ्ना रचना सार्वजनिक गर्ने माध्यम पनि बनाएका छन्। यसबाट बालबालिकाको व्यक्तित्व विकासलाई टेवा पुगेको छ।"



बाल क्लबमा आबद्ध विद्यार्थीका लागि गुणस्तरीय शिक्षा परियोजनाले सडक नाटकसम्बन्धी तालिम दियो। तालिम पाएका उनीहरूले विद्यालयका समस्या तथा विद्यार्थी, शिक्षकका नराम्रा बानी व्यवहार नाटकमार्फत प्रस्तुत गर्न थालेपछि विद्यालयमा सुधारहरू हुन थालेका छन्। विद्यार्थी तथा शिक्षक नियमित हुने गरेका छन्।

विद्यालयमा भएका समस्या र विकृतिबारे सडक नाटक देखाएपछि विद्यालय प्रशासनदेखि धेरै कुरामा सुधार आएको अनुभव जोशीपुरको श्री राष्ट्रिय माध्यमिक विद्यालयमा रहेको बाल क्लबका अध्यक्ष रूपेश चौधरीको छ। विद्यालयमा मात्रै होइन आफ्नो बस्ती र समुदायमा भएका समस्या र विकृतिबारे पनि बाल क्लबले सडक नाटक देखाउँदै आएको छ। विद्यालय भर्ना, बाढी तथा विपत्बाट सुरक्षित रहने, सरसफाइ, छोरीलाई पढ्न पठाउने जस्ता विषयमा गाउँमा सचेतना गर्न बाल क्लबले अगुवाइ नै गरेको छ।

१. तपाईंको विद्यालयमा बाल क्लब गठन भएको छ कि छैन ?
२. बाल क्लबले के कस्ता काम गर्ने गरेको छ ?
३. विद्यालयलाई राम्रो बनाउन तथा समुदायलाई सचेत बनाउन बाल क्लबको भूमिका अरू के हुनसक्छन् होला ?

ख) राम्रो उपलब्धि हासिल गरिरहेका केही विद्यालयले अवलम्बन गरेका बाल क्लब गठन प्रक्रिया र सञ्चालनबाट आएका परिवर्तन निम्नानुसारका छन् । ती सूचकका आधारमा आफ्नो विद्यालयको अवस्था आँकलन र योजनामा समावेश गर्नु पर्ने कुरा निर्क्योल गर्नुहोस् ।

| गरेको काम | आएको परिवर्तन | तपाईँको विद्यालयमा गरेको भए चिन्ह √ लगाउनुहोस् | नगरेको तर गर्न सकिने र गर्नु पर्ने भए चिन्ह √ लगाउनुहोस् |
|---|---|---|---|
| • विद्यालयले शैक्षिक सत्रको सुरुमा बाल भेला गरी विद्यार्थीका रुचि अनुसार बाल क्लबहरू गठन गरेको,<br>• बिभिन्न बाल क्लबलाई सहयोग गर्न सहयोगी शिक्षकलाई जिम्मेवारी तोकिएको,<br>• बाल क्लबहरूले आ–आफ्नो क्लबको बैठकबाट वार्षिक तथा मासिक योजना बनाएका,<br>• बाल क्लबले सञ्चालन गर्ने कार्यक्रमहरूमा छात्रा, अपाङ्गता भएका विद्यार्थी र साना विद्यार्थीको सहभागितामा विशेष ध्यान दिई सहभागी गराउने गरिएको,<br>• विद्यालयले योजना गरेका अतिरिक्त क्रियाकलापहरू बाल क्लबहरूले जिम्मा लिई सञ्चालन गर्ने गरेका,<br>• विद्यालयको वार्षिक शैक्षिक क्यालेण्डरमा बाल क्लबका कार्यक्रम समावेश गरिएको, विद्यालय सुधार योजनामा बाल क्लबको गठन र सञ्चालनबारे उल्लेख गरिएको,<br>• बाल क्लबका कार्यक्रमहरूमा शिक्षक र अभिभावकलाई पनि सहभागी गराउने गरिएको,<br>• बाल क्लबहरूले विद्यार्थी एवं शिक्षकहरूको सहभागितामा वार्षिकरूपमा आफूले गरेका कार्यक्रमको समीक्षा गर्ने गरेका,<br>• विद्यालय तथा समुदायमा भएका पुस्तकालय सञ्चालन गर्ने गरिएको,<br>• बाढी/पहिरो, भूकम्प, आगजनी जस्ता जोखिमबाट बच्ने तथा न्यूनीकरणका लागि नमूना अभ्यास गर्ने गरिएको । | • विद्यार्थीको नेतृत्व-सिप, सहयोगी भावना, आचार संहिता पालना गर्ने बानीको विकास भएको,<br>• विद्यालय परिसर र कक्षा कोठा सरसफइमा सुधार आएको,<br>• विद्यालयमा बाल क्लब र शिक्षक मिलेर प्राथमिक उपचार सेवा प्रदान गरिएको,<br>• विद्यालयमा मासिकरूपमा भित्ते पत्रिका प्रकाशन हुने गरेको,<br>• विद्यालयमा साप्ताहिकरूपमा अतिरिक्त क्रियाकलापले निरन्तरता पाएको, सबै तहका विद्यार्थीले अवसर पाएको,<br>• विद्यालय नजिकको समुदायमा सडक नाटकलगायतका सचेतनामूलक कार्यक्रम सञ्चालन गरी शिक्षा, सरसफाइ, प्राकृतिक विपत् जस्ता कुरामा सचेतना बढेको । | | |

बालबालिकामा सानैदेखि गरेर सिक्ने चाहना र क्षमता हुन्छ । सानैदेखि गरेर सिकेका बालबालिका भविष्यमा सफल हुने सम्भावना बढी रहन्छ । बालबालिकाका रुचि र आवश्यकता भिन्ना भिन्नै हुन्छन् । उनीहरूका रुचिभित्र उनीहरूको सफलता लुकेको हुन्छ । विद्यालयमा गठन गरी सञ्चालन गरिने बाल क्लबले उनीहरूका रुचि र आवश्यकता अनुसार सक्रिय हुने र सिक्ने वातावरण प्रदान गर्छन् । विद्यालयले बाल क्लब गठन र सञ्चालनलाई आफ्नो वार्षिक शैक्षिक कार्यक्रममा प्राथमिकताका साथ समावेश गरेर लागू गर्दा बालबालिकाको शारीरिकका साथै बौद्धिक विकासमा समेत सकारात्मक प्रभाव पर्छ ।

# विद्यालय
## आचार संहिता






कुनै पनि संस्था वा निकायको आफ्नै मूल्य र मान्यता हुन्छ। संस्थागत मूल्य, मान्यता र जवाफदेहिता अनुसार संस्था सञ्चालन गर्न लिखित वा अलिखित प्रतिबद्धताहरू गरिएका हुन्छन्। यस्ता प्रतिबद्धतालाई आचार संहिता भन्ने गरिन्छ। आचार संहिताले संस्थाका सदस्यलाई आ-आफ्नो भूमिका प्रभावकारी बनाउनका साथै गरिएका कामप्रति जवाफदेही हुन मार्ग निर्देशन गर्दछ। सामान्यतया जसले पालना गर्नु पर्ने हो उनीहरूकै सहभागितामा आचार संहिता निर्माण गरिन्छ। सहभागितामूलक अनुगमनमार्फत् आचार संहिता लागू भएको सुनिश्चित गरिन्छ। आचार संहिता नैतिकरूपबाट बाध्यकारी हुन्छ।

विद्यालयको पठनपाठन प्रभावकारी बनाउन, व्यवस्थित गर्न र विद्यालयका गतिविधिमा अनुशासन कायम गर्न आचार संहिता लागू गरिन्छ। अभिभावकले आफ्ना बालबालिकालाई सुरक्षित वातावरणमा, राम्ररी पढेर असल आनिबानी विकास गरून् भन्ने अपेक्षा साथ विद्यालय पठाएका हुन्छन्। आचार संहिताले विद्यालयका सरोकारवालालाई बालबालिकालाई विद्यालयले उचित वातावरण दिन र बालबालिकाको संरक्षण र विकासका लागि दिशा निर्देश गर्दछ। विद्यालय आचार संहिता विद्यालयका नियमहरू मार्फत् पनि लागू गरिएका हुन्छन्।

प्रभावकारी शिक्षाका लागि शिक्षक, विद्यार्थी र अभिभावकबीचको अन्तर्क्रिया र उनीहरूको संलग्नता अपरिहार्य हुन्छ। यी तीनै पक्षका आ-आफ्ना नैतिक जिम्मेवारी हुन्छन्, जसको पालनाबाट विद्यालयमा राम्रो शैक्षिक वातावरण बन्छ। त्यसैले शिक्षक, विद्यार्थी, विद्यालय व्यवस्थापन समिति र अभिभावकले पालना गर्नु पर्ने आचार संहिता छुट्टाछुट्टैरूपमा तयार गरेर विद्यालयमा सबैले देख्नेगरी राखेर तिनको पालना गरिन्छ।

आचार संहिताले विद्यालयका सरोकारवालालाई जिम्मेवारीबोध गराउँदै विद्यालय सञ्चालनका लागि सक्रिय सहभागिता बढाउन सहयोग गर्दछ। विद्यालय आचार संहितामा समेटिने विषयवस्तु वर्तमान सामाजिक परिवेश, सांस्कृतिक अवस्था र प्रविधिको प्रयोगको अवस्था अनुसार विद्यालय परिवेशको सापेक्षतामा निर्धारण गरिन्छन्।


विद्यालय आचार संहिताको उद्देश्य विद्यार्थी, शिक्षक, विद्यालय व्यवस्थापन समिति तथा अभिभावकका अधिकार र जिम्मेवारीलाई प्रष्ट पार्दै विद्यालयका नियम कार्यान्वयनका लागि वातावरण तयार गर्नु हो ।

## विद्यालय आचार संहिता निर्माण प्रक्रिया

शिक्षक, विद्यार्थी र अभिभावक विद्यालयका मुख्य सरोकारवाला हुन्। विद्यालय आचार संहिता उनीहरूले नै पालना गर्नु पर्ने भएकाले विद्यालय तथा सामाजिक परिवेशका आधारमा सहभागितामूलक तरिकाबाट तयार गरिनुपर्छ।

आचार संहिता निर्माणको मुख्य स्रोत भनेको सम्बन्धित सरोकारवालाहरूको कर्तव्य, जिम्मेवारी र अधिकार नै हो, जुन कुरा ऐन, नियम र विद्यालय परिवारले अपेक्षा गरेका भूमिकाका आधारमा तय गरिन्छ। जसले पालना गर्नु पर्ने हो, उसैको सहभागितामा आचार संहिता निर्माण गरियो भने मात्र त्यसको कार्यान्वयन प्रभावकारी हुन्छ। शिक्षा नियमावली- २०५९ ( छैठौं संशोधन- २०६७) को परिच्छेद २२ को नियम १३३ मा शिक्षक तथा विद्यार्थीले पालना गर्नु पर्ने आचार संहिताको व्यवस्था गरिएको छ। यो व्यवस्थाबाहेक विद्यालयको पठन-पाठनलाई प्रभावकारी बनाउन विद्यालय परिवारले आवश्यक ठानेका विषयवस्तुलाई निमयका रूपमा आचार संहितामा उल्लेख गर्नुपर्छ।

सहभागितामूलक आचार संहिता निर्माण तथा प्रभावकारी कार्यान्वयनका लागि निम्न चरण तथा प्रक्रिया अवलम्बन गरिनु पर्छ :



**पहिलो चरण : विद्यालय आचार संहिता निर्माणका लागि भेला तथा बैठकको तयारी**
यस चरण अन्तर्गत विद्यालयमा आचार संहिताको आवश्यकताका बारेमा विमर्श गर्ने, आचार संहिता निर्माणको प्रक्रिया एवं विधिबारे निर्णय लिने र बैठक तथा भेला आयोजना गर्ने कुराहरू पर्छन् ।

विद्यालय आचार संहिताको आवश्यकताका बारेमा शिक्षक, विद्यार्थी र अभिभावकबीच छुट्टाछुट्टै छलफल आयोजना गर्नुपर्छ । शिक्षकबीचको छलफल शिक्षक बैठकमा, विद्यार्थीबीचको छलफल बाल क्लबको बैठक तथा भेलामा र अभिभावकबीचको छलफल विव्यस र शिअसं को संयुक्त बैठकमा गर्दा उपयुक्त हुन्छ । समग्र विद्यालयको शैक्षिक तथा वातावरणीय परिवेशका आधारमा यस्ता छलफल गरिनुपर्छ । कुन कुन क्षेत्रमा कस्ता नियम बनाउँदा विद्यालयलाई बढी प्रभावकारी बनाउन सकिएला भन्नेबारेमा छलफल केन्द्रित हुनुपर्छ । छलफलको सुरुवात विव्यस ले गर्दा राम्रो हुन्छ । बाल क्लबमा हुने विद्यार्थीबीचको छलफलमा शिक्षक तथा प्रधानाध्यापकले सहयोग गर्नुपर्छ । यस्ता प्रारम्भिक छलफलले आचार संहिताको आवश्यकताप्रति सचेत गराउन र त्यसमा सबै पक्षको सहभागिता सुनिश्चित गर्न मद्दत गर्छन् ।

प्रारम्भिक छलफलपछि आ-आफूले पालना गर्ने नियम आफैँ बनाउने प्रक्रियालाई सहजीकरण गर्न अलग अलग भेला तथा बैठक आयोजना गर्न मिति तोक्ने र आवश्यक तयारी गर्नु पर्ने हुन्छ । तयारीका क्रममा सबैलाई सूचना गर्ने, आवश्यक स्टेशनरी तथा कागजको व्यवस्था गर्ने र भेला गर्ने स्थानको छनौट गर्ने जस्ता काम गर्नुपर्छ ।

**दोस्रो चरण : भेला तथा बैठकमार्फत सरोकारवालाहरूबाट आचार संहिता निर्माण**
यो चरण आचार संहितामा राख्नु पर्ने विषयवस्तु र नियमबारे सहभागितामूलक निर्णय गर्न महत्त्वपूर्ण छ । यस चरणमा सरोकारवालाका आ-आफ्ना भेला तथा बैठकहरू मार्फत् आफ्नो जिम्मेवारी, कर्तव्य र अधिकार क्षेत्र अनुसार आफूले पालना गर्नु पर्ने नियम, गर्नु पर्ने व्यवहार र निर्वाह गर्नु पर्ने भूमिकाका सम्बन्धमा सहभागितामूलक निर्णय गरिन्छ ।

पहिलो चरणको अन्त्यमा योजना गरे अनुसार भेला वा बैठक आयोजना गरेर छलफललाई अघि बढाउनु पर्दछ । विद्यार्थी र अभिभावकको भेला आयोजना गर्न उपयुक्त हुन्छ भने शिक्षक र विव्यस को आ-आफ्नो बैठकमार्फत् पनि आचार संहिता निर्माणसम्बन्धी छलफल गर्न सकिन्छ । प्रधानाध्यापकले शैक्षिक र व्यवस्थापकीय दुवै पक्षको जिम्मेवारी लिनु पर्ने हुँदा प्रधानाध्यापकको आचार संहिता चाहिँ विव्यस, शिअसं, शिक्षक र बाल क्लबका प्रतिनिधिको भेलाबाट निर्माण गर्दा उपयुक्त हुन्छ ।

आचार संहिता बनाउने प्रक्रिया सहभागिमूलक हुनु जरुरी छ । निर्माण प्रक्रियामा जति बढीलाई सहभागी गराउन सकियो, त्यति नै कार्यान्वयन प्रभावकारी हुन्छ । यसका लागि आचार संहिता निर्माण प्रक्रियामा बढीभन्दा बढी व्यक्तिलाई सक्रिय सहभागी हुने वातावरण बनाउन ध्यान पुऱ्याउनुपर्छ । आफ्नो समूहको आचार संहिता आफैँ बनाइने भए पनि अन्य समूह तथा सरोकारवालाका असल सल्लाह तथा सुझावको उच्च कदर गर्ने र त्यस्ता कुरालाई आचार संहितामा राख्नु उपयुक्त हुन्छ । अरूका नजरमा आफ्नो भूमिका र जिम्मेवारी के रहेछ, आफूहरूबाट अरूले कस्तो व्यवहारको अपेक्षा गरेका रहेछन् भन्ने कुरा अरूसँगको परामर्शबाट मात्र थाहा हुन्छ ।

**तेस्रो चरण : कार्यान्वयनको प्रतिबद्धतासहित अनुमोदन**
यस चरणमा सहभागितामूलक तरिकाले तयार गरिएको आचार संहितालाई भेला बोलाएर अनुमोदन गर्ने काम पर्दछ। विद्यालयका सरोकारवालाले तयार गरेका आचार संहितालाई उनीहरूको भेला बोलाएर अनुमोदन गराउनुपर्दछ। उदाहरणका लागि विद्यार्थीको आचार संहिता विद्यार्थीको भेला बोलाएर वा विद्यालयमा गरिने प्रार्थनाको समयमा अनुमोदन गराउन सकिन्छ। त्यसै गरी शिक्षकको आचार संहिता शिक्षकको मासिक बैठकबाट र विव्यस को आचार संहिता पनि विव्यस कै बैठकबाट अनुमोदन गराउन सकिन्छ। अभिभावकको आचार संहिता अनुमोदनका लागि अभिभावक भेला आयोजना गर्नुपर्छ।

आफ्नो समूहले तयार गरेको आचार संहिताको विवरणलाई अन्य पक्षबाट पनि अनुमोदन गराउँदा अझ बढी प्रभावकारी हुन्छ। यसले अन्य पक्षले अपेक्षा गरेको भूमिका र व्यवहारलाई आचार संहितामा समेट्न मद्दत गर्दछ। जस्तै : विद्यार्थीले तयार गरेको आचार संहिता शिक्षक तथा अभिभावकको भेलाबाट अनुमोदन गराउँदा, त्यसै गरी शिक्षकको अचारसंहिता विद्यार्थी र अभिभावकबाट अनुमोदन गराउँदा आपसी अनुगमन प्रक्रियालाई बल पुगेर आचार संहिताको प्रभावकारी कार्यान्वयन हुन्छ।

विद्यालयका मुख्य सरोकारवालाहरूबाट अचारसंहिता कार्यान्वयको प्रतिबद्धतासहित अनुमोदन भएपछि त्यसलाई सबैले देख्ने ठाउँमा राख्ने व्यवस्था मिलाउनुपर्छ। यसका लागि विद्यालयमा भित्तेलेखन (वाल पेन्टिङ) वा बोर्डमा लेखेर राख्दा उपयुक्त हुन्छ।

**चौथो चरण : सरोकारवालाहरूको संयुक्त भेलाबाट आचार संहिता अनुगमन समिति निर्माण**
यस चरणमा आचार संहिता कार्यान्वयनलाई ध्यानमा राख्दै अनुगमन प्रक्रिया निश्चित गर्ने काम गरिन्छ। आचार संहिता कार्यान्वयन भएन भने त्यो बनाउनुको औचित्य हुँदैन। त्यसैले आचार संहिता कार्यान्वयनको अवस्था अनुगमन कसरी गर्ने, कसले गर्ने र आचार संहिता उलङ्घन भएको अवस्थामा के गर्ने भन्ने जस्ता पक्षमा पहिले नै निर्णय गरिनुपर्छ। आचार संहिता निर्माणको प्रक्रियामा जस्तै अनुगमन प्रक्रिया पनि सहभागितामूलक हुनुपर्छ। यसो गर्दा बनाइएका नियमहरू लागू गर्न सहयोग हुन्छ। अनुगमन प्रक्रिया निर्धारण गर्दा दिनदिनै हेर्नु पर्ने कुराहरू के के हुन्, साप्ताहिक र मासिकरूपमा अनुगमन गर्दा हेर्नु पर्ने पक्षहरू के के हुन् भन्ने कुरामा पनि ध्यान दिनुपर्छ।

अनुगमन कसरी गर्ने र आचार संहिता उलङ्घन भएको अवस्थामा के गर्ने भन्ने कुराको निर्क्यौल भएपछि एउटा विद्यालय आचार संहिता अनुगमन समिति निर्माण गरिनुपर्छ। यो अनुगमन समितिले अनुगमनको योजना बनाउने र आवधिकरूपमा विद्यालयमा छलफल चलाउने काम गर्नुपर्छ। यो समितिले आचार संहिता उलङ्घन गर्ने माथि कस्तो कारवाही चलाउने भन्ने बारेमा पनि विद्यालय प्रशासनलाई सिफारिस गर्नसक्छ। यस्ता कारवाही सुधारात्मक हुनु पर्ने कुरामा ध्यान पुऱ्याइनुपर्छ।

**पाँचौँ चरण : आचार संहिता कार्यान्वयनबारे त्रैमाशिक समीक्षा बैठक आयोजना**
यस चरणमा आचार संहिता कार्यान्वयनको समीक्षा गरिन्छ। सहभागितामूलक समीक्षाले कमी कमजोरी सुधार्ने ढोका खोल्छ। त्यसैले विद्यालयमा आचार संहिता कार्यान्वयनले ल्याएका सकारात्मक प्रभावहरूको चर्चा गर्नु, कार्यान्वयनमा कमी रहेका क्षेत्रहरूको पहिचान र सुधारका योजना बनाउनु आवश्यक हुन्छ।

विद्यालयले कम्तीमा तीन महिनामा एक पटक आचार संहिता कार्यान्वयनबारे समीक्षा बैठक आयोजना गर्नुपर्छ। विद्यालयमा हरेक शुक्रवार गरिने कार्यक्रम अन्तर्गत यसलाई पनि समावेश गरेर योजना बनाई विद्यालयको शैक्षिक क्यालेण्डरमा उल्लेख गर्नु पर्दछ। यसो गर्दा समीक्षा प्रक्रियाले नियमितता पाउँछ। समीक्षा बैठकमा शिक्षक, विव्यस, शिअसं का सदस्य र बाल क्लबका विद्यार्थीलाई अनिवार्यरूपमा सहभागी गराउनुपर्छ। समीक्षा छलफलमा बालबालिकाका आवाजलाई स्थान दिने कुरामा ध्यान पुऱ्याउनुपर्छ।

## राम्रा अभ्यासबाट सिकौं

क) आचार संहिता निर्माण र कार्यान्वयनपछि छोटो समयमा विद्यालयमा भएको परिवर्तनको यो कथा पढेर दिइएका प्रश्नबारे छलफल गर्नुहोस्।

### आचार संहिताले विद्यालयमा सुधार

केही विद्यार्थी हल्लदै ११ बजेतिर पनि विद्यालय आउने गर्दथे। त्यतिबेला उनको कक्षाका साथीहरू पहिलो घन्टीको पढाइ सक्ने अवस्था पुगिसकेका हुन्थे। विद्यालय हाताभित्र सुर्ति, गुड्काका खाली खोल, कागतका टुक्रा तथा फोहोर जताततै छरिएका हुन्थे। शिक्षक नभएका कक्षाका विद्यार्थीले हल्ला गरेर अरू कक्षाको पढाइमा बाधा पर्थ्यो। शिक्षक तथा विद्यार्थी कक्षामा नियमित उपस्थित हुँदैनथे।

कैलाली जिल्लाको मुनुवा गाविसमा सञ्चालित राष्ट्रिय निम्न माध्यमिक विद्यालयको केही वर्ष अघिसम्मको अवस्था हो यो। अहिले त्यही विद्यालयमा पुग्दा अर्कै विद्यालयमा आएँछु कि भन्ने भान हुन्छ। त्यहाँको अवस्थामा ज्यादै फरक आएको छ। शिक्षक तथा विद्यार्थी समयमै विद्यालय पुगेर प्रार्थनासभामा सहभागी हुन्छन्। आफ्नो समय हुनेबित्तिकै शिक्षकहरू कक्षा कोठामा पढाउन जान्छन्। विद्यालय हाताभित्र चुरोट, खैनी तथा गुड्का लान पाइँदैन। कक्षा कोठा तथा चौर सफा छन्। कक्षामा नियमित पढाइ हुन्छ। कहिले काहीं शिक्षक नआउँदा विद्यार्थी हल्ला गरेर बस्दैन्। कक्षामा शिक्षक तथा विद्यार्थीलाई मोवाइल लान निषेध गरिएको छ। विद्यार्थी आउँदा र छुट्टी भएर घर जाँदामात्र विद्यायालयको ढोका खुला हुन्छ। सधैँ ढोका खुला राख्नाले पशु तथा अनावश्यक मासिनभित्र पस्ने हुँदा पढाईमा बाधा पर्ने गर्थ्यो।

यस विद्यालयमा गुणस्तरीय शिक्षा कार्यक्रम लागू गरिएको छ। शिक्षक, विद्यार्थी, व्यवस्थापन समितिका साथै अभिभावकको आचार संहिता बनाएर विद्यालय हाताभित्र सबैले देख्ने गरी भित्तमा लेखेर रखिएको छ। यी काम गरिएपछि विद्यालयमा विस्तारै परिवर्तनहरू आएका हुन्।

गुणस्तरीय शिक्षा अन्तर्गत साना कक्षा (१, २ र ३ कक्षा) मा पढाउने शिक्षकलाई बाल केन्द्रित शिक्षण सिकाइ तालिम दिएर प्रोत्साहन गरेपछि उनीहरूमा कामप्रति उत्साह जागेको छ। विद्यालय



व्यवस्थापन समिति, शिक्षक अभिभावक संघ, अभिभावक र शिक्षकहरूसँग नियमित छलफल गरेर काम गर्दा यस्तो सुधार आएको प्रधानाध्यापक शालिकराम शर्मा बताउँनुहुन्छ।

उहाँले खुसी हुँदै विद्यालयमा आएको परिवर्तन यसरी सुनाउनुभयो- "अहिले अनुशासनका हिसाबले विद्यालय राम्रो हुँदै आएको छ। साना कक्षाका विद्यार्थी पनि सफा सुग्घर भएर आउँछन्। जुत्ता, चप्पल ढोकानजिकको र्‍याकमा राख्छन्। कक्षाबाट भित्र बाहिर गर्दा सोध्ने, ठूलालाई आदर सत्कार गर्ने, सानालाई माया गर्ने, आपसमा सहयोग गरेर सिक्ने र सिकाउने वातवरण बनेको छ। शिक्षक र विद्यार्थीबीचको सम्बन्ध घनिष्ठ भएको छ। आचार संहिताको पालनापछि विद्यालय व्यवस्थित भएको छ।"

विद्यालय व्यवस्थापन समितिका अध्ययक्ष तिलकराज बडायकले पनि उत्साहितहुँदै भन्नुभयो- "सबैको सहयोगले विद्यालयलाई राम्रो र व्यवस्थित बनाउन सम्भव भएको हो। सरोकारवालाहरू (शिक्षक, विद्यार्थी, अभिभावक, विद्यालय व्यवस्थापन समिति) को सहभागितामा छलफल गरेर आचार संहिता बनाइएकाले सबैमा अपनत्वको भावना विकास भयो। त्यसले गर्दा यसलाई पालना गराउन सजिलो भयो।"

प्रश्न ः

१. राष्ट्रिय निम्न माध्यमिक विद्यालयमा कस्ता सुधारका काम भए ?

२. सुधार हुनुका कारण के हुन् ?

३. तपाईंको विद्यालयमा पनि आचार संहिता बनाइएको छ ? छ भने ठिकै छ, छैन भने आचार संहितामा के के राख्नु पर्छ होला ?

ख) राम्रो उपलब्धि हासिल गरिरहेका केही विद्यालयले अवलम्बन गरेका विद्यालय आचार संहिता निर्माण प्रक्रिया र त्यसको कार्यान्वयबाट भएका परिवर्तन निम्नानुसार छन्। यी सूचकका आधारमा आफ्नो विद्यालयको अवस्था आँकलन र योजनामा समावेश गर्नु पर्ने कुरा निर्क्यौल गर्नुहोस्।

| गरेको काम | आएको परिवर्तन | तपाईंको विद्यालयमा गरेको भए चिन्ह √ लगाउनुहोस् | नगरेको तर गर्न सकिने र गर्नु पर्ने भए चिन्ह √ लगाउनुहोस् |
|---|---|---|---|
| • विद्यालयमा मुख्य सरोकारवालाहरू (शिक्षक, विद्यार्थी, विव्यस र अभिभावक) ले आ-आफूले पालना गर्नु पर्ने आचार संहिता सहभागितामूलक तरिकाले आफैं निर्माण गरेको,<br>• मुख्य सरोकारवालाहरूले आफूले निर्माण गरेको आचार संहिता अन्य पक्षबाट पनि अनुमोदन गराएको,<br>• निर्माण गरिएको आचार संहितालाई भेलाबाट अनुमोदन गराएको र सबैले लागू गर्ने प्रतिबद्धता जनाएको,<br>• अनुमोदन गरिएको आचार संहिता सबैले देख्ने गरी कतै विद्यालयको भित्तामा त कतै बोर्डमा लेखेर सार्वजनिक गरिएको,<br>• आचार संहिता अनुगमन समिति बनाई कार्यान्वयनलाई प्रभावकारी बनाइएको,<br>• त्रैमासिकरूपमा आचार संहिता कार्यान्वयन भयो भएन वा कति हदसम्म भयो भन्ने समीक्षा गर्ने गरिएको,<br>• राम्ररी आचार संहिता पालना गर्ने व्यक्ति वा समूहलाई विद्यालयले प्रशंसा गर्ने गरेको र पालना नगर्नेलाई सुधारात्मक कारवाही गर्ने गरेको। | • आचार संहिता पालनामा सबै सरोकारवालामा सकारात्मक भावना बढेको,<br>• विद्यालयको सम्पति संरक्षण/ हिफाजतमा सुधार आएको,<br>• विद्यालयमा शिक्षक र विद्यार्थीको बानी व्यवहार (जस्तै : समयमै र नियमित विद्यालय आउने) मा सुधार आएको,<br>• विद्यालयमा अभिभावकको संलग्नता बढेको,<br>• विद्यालयमा कक्षा खाली हुने, पूरा समय पढाइ नहुने र होहल्ला हुने जस्ता काम बन्द भई शैक्षिक वातावरणमा उल्लेख्य सुधार आएको,<br>• विद्यालयका नियमको पालना भएको, औसत सिकाइ उपलब्धिमा सुधार आएको र विद्यालयको प्रभावकारिता बढेको। | | |

शिक्षण सिकाइमा सुधार ल्याई विद्यालयको प्रभावकारिता बढाउन विद्यालयका सरोकारवालाहरूको भूमिका र व्यवहारको महत्त्वपूर्ण भूमिका रहन्छ। विद्यालयका नियमहरू पालना गर्ने र आ-आफ्नो जिम्मेवारीप्रति जवाफदेही हुने तरिकाबाट विद्यालयको प्रभावकारिता बढाउन सकिन्छ। यसका लागि विद्यालय आचारसंहिताको सहभागितामूलक निर्माण र कार्यान्वयन पनि एउटा राम्रो उपाय हो।

# विद्यालयमा सामाजिक परीक्षण





सामाजिक परीक्षण भनेको कुनै पनि संस्था वा निकायले गरेका काम, तिनको प्रभावकारिता र जवाफदेहितालाई सहभागितामूलक तरिकाले मापन गर्ने प्रक्रिया हो। यस अन्तर्गत संस्थाले लिएका लक्ष्य, उद्देश्य अनुसार आर्थिक, सामाजिक र वातावरणीय उपलब्धिलाई सरोकारवालाहरूको संलग्नतामा सार्वजनिक गरेर छलफल गरिन्छ। सामाजिक परीक्षणको प्रक्रियाले संस्थागत प्रगति र सुधार गर्नु पर्ने पक्षहरू आँकलन र जवाफदेहिता प्रबर्द्धन गर्न सघाउँछ। यसको अभ्यासले संस्थामा लोकतान्त्रिक प्रक्रियालाई पनि बलियो बनाउन मद्दत पुग्छ।

विद्यालयमा सामाजिक परीक्षण गर्दा शैक्षिक, आर्थिक तथा सामाजिक गतिविधिहरूको विवरण सरोकारवालाको भेलामा प्रस्तुत गरेर छलफल गरिन्छ। भेलामा सबै सरोकारवालाबाट आउने सुझाव, आलोचना तथा पृष्ठपोषण लिनुका साथै उठेका प्रश्नको सम्बोधन सम्बन्धित अख्तियार प्राप्त व्यक्तिबाट गरिन्छ। सामाजिक परीक्षणका क्रममा विद्यालयले सम्पन्न गरेका कार्यक्रम, विद्यालय व्यवस्थापन समितिले गरेका महत्त्वपूर्ण निर्णय, शैक्षिक प्रगति, भौतिक अवस्था, खानेपानी र शौचालयको व्यवस्था, बाल क्लब सञ्चालन तथा अतिरिक्त क्रियाकलापलगायतका विषयवस्तुमा समालोचनात्मक समीक्षा गरिन्छ।

विद्यालयमा गरिने सामाजिक परीक्षणले वर्षभरि गरिएका कार्यक्रमको लेखाजोखा गरेर सार्वजनिक गर्न, विद्यालयप्रति विश्वास तथा अपनत्वको भावना विकास गर्न, सरोकारवालाहरूमा सशक्तीकरण गर्न र जवाफदेहिता प्रबर्द्धन गर्न महत्त्वपूर्ण भूमिका निर्वाह गर्छ। यसले विद्यालयको समग्र शैक्षिक, व्यवस्थापकीय, आर्थिक, भौतिक र वातावरणीय सुधारमा सहयोग पुऱ्याई बालबालिकाको सिकाइको स्तरमा सुधार ल्याउन मद्दत गर्छ।

विद्यालयमा हरेक वर्ष सामाजिक परीक्षण गर्नु पर्ने व्यवस्था शिक्षा नियमावली- २०५९ को नियम १७१ (क) ले गरेको छ। त्यसै गरी सामाजिक परीक्षण निर्देशिका- २०६५ मा सरोकारवालाहरूको भेलाले

प्रत्येक वर्षको भदौ मसान्तभित्र अघिल्लो (गत) आर्थिक वर्षको सामाजिक परीक्षण गर्नु पर्ने प्रावधान छ। विद्यालयको समाजिक परीक्षणले सबैको सहभागितामा कामको समीक्षा गर्ने, कमजोरी पत्ता लगाएर भविष्यका लागि राम्रा योजना बनाउन, भएका स्रोतको सही तरिकाले उपयोग गर्न तथा उचित कार्यान्वयन गर्न मार्ग प्रसस्त गर्छ।

## सामाजिक परीक्षणको आवश्यकता

सर्वपक्षीय संलग्नता : सामाजिक परीक्षण प्रक्रियामा अभिभावक, विद्यार्थी, शिक्षक, आमा समूह, स्थानीय शिक्षाप्रेमी एवं संघ संस्थालाई संलग्न गराएर उनीहरूको चासोलाई समेटिन्छ। यसो गर्दा सरोकारवालाले आफ्ना भावना र सुझावको कदर भएको ठानेर उनीहरूमा विद्यालय मेरो पनि हो, यसको प्रगतिका लागि मैले निरन्तर लागिरहनु पर्छ भन्ने भावना बढ्छ। यस्तो भावनाले विद्यालयको समग्र विकासमा महत्त्वपूर्ण सहयोग पुग्छ।

**समग्र विषयमा ध्यान** : सामाजिक परीक्षण गर्दा विद्यालयका शैक्षिक, आर्थिक, व्यवस्थापकीय तथा सामाजिकलगायतका समग्र पक्षमा भएका काम र प्रगतिको अवस्था विश्लेषण गरिन्छ। विद्यालय सञ्चालन, सेवा क्षेत्रका बालबालिकाको पहुँच तथा सिकाइ उपलब्धि, शिक्षक तथा विद्यार्थीका व्यवहार, विद्यालयका समितिहरूको क्रियाशीलता, बैठक तथा कार्यान्वयनबारे समीक्षा तथा मूल्याङ्कनमा समेटिने विषयवस्तु हुन्। यसका साथै विद्यालयले गरेको स्रोतको परिचालन र आम्दानीको प्रभावकारी उपयोगका विषयमा पनि छलफल गरेर आय-व्ययको विवरण अनुमोदन गरिन्छ। सामाजिक परीक्षण प्रतिवेदनले सरोकारवालाहरूलाई विद्यालयको समग्र चित्र देखाउने ऐनाको काम गर्छ।

**तुलनात्मक विश्लेषण** : सामाजिक परीक्षणमार्फत् विद्यालयले आफ्नो वार्षिक प्रगतिको अवस्थालाई विगतका वर्षहरूको अवस्थासँग र जिल्लाका अन्य विद्यालयसँग तुलना गर्ने अवसर पाउँछ। यस प्रक्रियाद्वारा विद्यालयले विगतका वर्षहरूको तुलनामा आफूले गरेका सुधारका बारेमा सरोकारवालाहरूलाई जानकारी गराउने मौका पाउँछ। त्यसै गरी आफ्नो विद्यालयका प्रगतिका सूचकलाई अन्य सफल विद्यालयसँगको तुलनाबाट थप सुधार ल्याउनु पर्ने क्षेत्रहरू पहिचान गर्न सघाउँछ।

**नियमितता** : सामाजिक परीक्षण प्रत्येक वर्ष गरिन्छ। यसमा अघिल्लो शैक्षिक सत्र तथा आर्थिक वर्षका गतिविधि र भए गरेका प्रगतिलाई समेटिन्छ। अघिल्लो वर्ष बनाएको विद्यालय सुधार योजनाबारे अभिभावक तथा अन्य सरोकारवालालाई पुनः जानकारी गराउनु, उनीहरूबाट अनुगमन, समीक्षा र मूल्याङ्कन भइरहनु विद्यालयका कार्यक्रमको सफलताका लागि आवश्यक हुन्छ। सामाजिक परीक्षणको नियमितताले विद्यालयमा जवाफदेहिता प्रबर्द्धन तथा प्रभावकारिता बढाएर विद्यार्थीलाई उच्च सिकाइ उपलब्धि दिलाउन मद्दत गर्छ। यसले विद्यालयको छवि सुधारेर शिक्षक, अभिभावक र विद्यार्थीको प्रतिष्ठा बढाउन पनि योगदान गर्दछ।

**पारदर्शिता** : सामाजिक परीक्षण गर्दा विद्यालयले गरेका क्रियाकलाप, प्रगति, महत्त्वपूर्ण निर्णय, आय-व्ययलगायत समग्र पक्षको प्रतिवेदन सरोकारवालाबीच सार्वजनिक गरिन्छ। यस प्रक्रियाबाट आएका जानकारी तथा सुझावलाई प्रतिवेदनको रूपमा सम्बन्धित निकायहरूमा पठाएर विद्यालयका गतिविधि

तथा प्रगतिबारे अवगत गराइन्छ। त्यसैले विद्यालयलाई पारदर्शी बनाउन सामाजिक परीक्षण महत्त्वपूर्ण प्रक्रिया हो।

**जवाफदेहिता** : सामाजिक परीक्षणका क्रममा छलफल गर्दा उठेका प्रश्न, जिज्ञासा एवं सुझावहरूलाई सम्बोधन गर्दै अख्तियारी प्राप्त व्यक्तिहरूले जवाफ दिनु पर्ने हुन्छ। यसरी जवाफ दिनु पर्ने हुँदा जिम्मेवारी पाएका व्यक्तिलाई जवाफदेही बनाउन मद्दत पुग्छ।

**शिक्षा मन्त्रालयले जारी गरेको विद्यालय सामाजिक परीक्षण निर्देशिका– २०६५ अनुसारका मुख्य विषय**

- वर्षभरिमा विद्यालय खुल्ले दिन, पढाइ भएका दिन र पढाइ नहुनुका कारण,
- विद्यार्थीको औसत उपस्थितिको अवस्था,
- शिक्षक र तिनको वार्षिक हाजिरी दिन तथा खुद पढाइमा संलग्न भएका दिनहरूको अवस्था,
- बालमैत्री विद्यालयका लागि कक्षाकोठा, खेल सामग्री, शैक्षिक सामग्री, स्थानीय शैक्षिक सामग्री, विज्ञान सामग्री, पुस्तकालय सामग्रीको संकलन, उपलब्धता र प्रयोगको अवस्था,
- वर्षभरिमा प्रधानाध्यापक र विद्यालयमा पढ्ने विद्यार्थीका अभिभावकबीच विद्यार्थीको पढाइबारे छलफल भएका दिन,
- कक्षा/विषय शिक्षक र सम्बन्धित कक्षा/विषय पढ्ने विद्यार्थीका अभिभावकबीच विद्यार्थीको पढाइ सम्बन्धमा छलफल भएका दिन,
- विद्यालयमा विद्यार्थीले गरेका विभिन्न सिर्जनात्मक क्रियाकलाप र त्यसको प्रयोगको अवस्था,
- विव्यस, शिअसं, शिक्षक, सामाजिक परीक्षण समितिको बैठक र ती बैठकमा भएका छलफल र गरिएका महत्त्वपूर्ण विषयका निर्णय तथा कार्यान्वनको अवस्था,
- परीक्षामा विद्यार्थीले प्राप्त गरेको कक्षागत र विषयगत औसत उपलब्धि (विगत वर्ष र अन्य विद्यालयसँग तुलना गर्दा देखिएको फरक) को अवस्था,
- सेवा क्षेत्रभित्रका पूर्वप्राथमिकदेखि विद्यालय जाने उमेरका बालबालिकाको संख्या र तीमध्ये शिशु कक्षा र विद्यालयमा भर्ना भएका विद्यार्थी संख्याको अन्तरको अवस्था,
- विद्यालयको जग्गा, जमिन, भवन तथा कक्षा कोठा प्रयोगको अवस्था,
- विद्यालय कम्पाउण्ड, खेल मैदान, कक्षा कोठा, शौचालय, खानेपानी तथा शिक्षक एवं विद्यार्थीको सरसफाइ र प्रयोगको अवस्था,
- विद्यालयको आम्दानी तथा खर्चको विवरण र खर्च प्रक्रियाको अवस्था।

## सामाजिक परीक्षणमा विषयवस्तु

सामाजिक परीक्षण सहभागितामूलक रूपमा विद्यालयको प्रभावकारिता मापन गर्ने प्रक्रिया भएकाले यसमा विद्यालयका शैक्षिक, व्यवस्थापकीय र भौतिक पक्षहरू छुट्नु हुँदैन। सामान्यतया निम्न बुँदामा ध्यान दिँदा विद्यालयको समाजिक परीक्षण अर्थपूर्ण हुन्छ :

**शैक्षिक पक्ष** : यस अन्तर्गत विद्यार्थीको कक्षागत र विषयगत सिकाइ उपलब्धि, वर्षभरि विद्यालय खुलेका र पढाइ भएका दिन, शिक्षकको वार्षिक उपस्थिति दिन र विद्यार्थीको औसत उपस्थिति दर हेर्नुपर्छ। यसबाहेक शैक्षिकस्तर बढाउन विद्यालयले गरेका वार्षिक शैक्षिक क्यालेण्डर निर्माण र प्रयोग, बाल केन्द्रित सिकाइको अवधारणाको प्रयोग, शिक्षक तालिम तथा अभिमुखीकरण, शिक्षण सिकाइ सामग्रीको उपलब्धता र प्रयोग जस्ता प्रयास तथा कार्यक्रमका विषयमा गरिने छलफलले शैक्षिक पक्षमा सुधार ल्याउन मद्दत गर्छ।

बाल क्लबको गठन र परिचालन, सह-सिकाइ तथा अतिरिक्त क्रियाकलाप सञ्चालन र विद्यार्थीको समग्र व्यक्तित्व विकासमा गरिएका प्रयास जस्ता विषयले सामाजिक परीक्षणको छलफलमा स्थान पाउनुपर्छ।

**व्यवस्थापकीय पक्ष** : यस अन्तर्गत विद्यालय व्यवस्थापनका पक्ष समेटिन्छन्। प्रधानाध्यापकको भूमिका र नेतृत्व, विव्यस ले वर्षभरि गरेका महत्त्वपूर्ण निर्णय, शिअसं ले गरेका मुख्य निर्णय र क्रियाकलाप आदि विषयवस्तुलाई सामाजिक परीक्षणका क्रममा छलफलमा ल्याइनु पर्ने हुन्छ। यसबाहेक विद्यालय सुधार योजना निर्माण र कार्यान्वयन पनि सामाजिक परीक्षणका क्रममा हेरिनु पर्ने मुख्य पक्ष हुन्।

**भौतिक पक्ष** : यस अन्र्तगत विद्यालयमा निर्माण गरिएका भवन, भौतिक संरचानाको मर्मत, कक्षा कोठा तथा वसाई व्यवस्थापन, शौचालय तथा खानेपानीको व्यवस्था, खेलमैदान, विद्यालय परिसर घेरबार, पुस्तकालय एवं प्रयोगशालाको व्यवस्था र प्रयोग आदि पर्छन्।

त्यसै गरी सामाजिक परीक्षण गर्दा विद्यालयका भौतिक संरचनाहरू अपाङ्गतामैत्री छन् कि छैनन्, भूकम्प र बाढी जस्ता प्रकोपका हिसाबले सुरक्षित छन् कि छैनन् भन्ने पनि हेरिनुपर्छ। सामाजिक परीक्षण प्रक्रियामा विद्यालयमा वर्षभरिमा निर्माण भएका भौतिक पूर्वाधारको प्रगतिबारे सरोकारवालाबीच समीक्षा गरिन्छ।


**आर्थिक पक्ष** : यस अन्तर्गत अघिल्लो आर्थिक वर्षमा विद्यालय सुधार योजना कार्यान्वयनका लागि गरिएको स्रोत सङ्कलन र परिचालनसम्बन्धी विषयवस्तु पर्छन्। सामाजिक परीक्षणका अवसरमा विद्यालयले योजना गरे अनुसार के कति स्रोत कहाँ कहाँबाट प्राप्त भयो, त्यस्ता स्रोत कहाँ र कसरी खर्च गरियो, त्यसले विद्यालयमा कस्ता सुधार ल्यायो भन्ने बारे छलफल तथा मूल्याङ्कन गरिन्छ। सरकारी तथा गैर सरकारी निकायबाट प्राप्त साधन, स्रोतको उपयोगका विषय पनि सामाजिक परीक्षणले समेट्नु पर्छ। विद्यालयमा विभिन्न व्यक्तिद्वारा स्थापित अक्षय कोष, छात्रवृत्ति कोष र यसबाट पुगेको फाइदा पनि सामजिक परीक्षणमा समेटिनु पर्छ। यससँगै विद्यालयको वार्षिक आय-व्यय विवरण सरोकारवालाको भेलासामु पेश गरेर अनुमोदन गराउनु पर्छ।

**सुरक्षा तथा वातावरणीय पक्ष** : यस अन्तर्गत बालबालिकाको सुरक्षा र विद्यालयको समग्र वातावरणीय पक्षमा समीक्षा गरिन्छ। सामाजिक परीक्षणमा विद्यालयका भौतिक संरचनाहरू कत्तिको जोखिममुक्त छन्, जोखिमलाई न्यून गर्न के कस्ता क्रियाकलाप गरिए, आपत्कालीन अवस्थाको पूर्वतयारीका लागि के कस्ता नमूना अभ्यास भए, विपत्को सामना गर्न विद्यालय परिवारको क्षमता विकास भएको छ कि छैन, विद्यालयमा प्राथमिक उपचारको व्यवस्था छ कि छैन जस्ता कुरा हेर्नुपर्छ।

विद्यालयमा विपत् जोखिम न्यून गर्न संकटासन्नता वा जोखिम विश्लेषण र जोखिम न्यूनीकरण योजनामा पनि सामाजिक परीक्षणका समयमा समीक्षा गरिनु पर्छ। विद्यालय सुरक्षाका लागि हरेक वर्ष गरिनु पर्ने विद्यालय सुरक्षा परीक्षण (School Safety Audit) लाई सामाजिक परीक्षणका क्रममा सम्पन्न गरेर त्यसको प्रतिवेदन सामाजिक परीक्षणमा सामेल गर्नुपर्छ।

वातावरणीय पक्षहरूमा विद्यालयको शैक्षिक वातावरण सुधारका लागि भएका आचार संहिताको पालना, विद्यालय शान्ति क्षेत्र घोषणाको कार्यान्वयन, डर, विभेद तथा हिंसारहित पठनपाठन जस्ता विषयमा भएका प्रयासहरू पर्छन्। त्यसै गरी समाजिक परीक्षणका क्रममा अन्य हेरिनु पर्ने वातावरणीय पक्षहरूमा विद्यालय सरसफाइ, फोहर व्यवस्थापन, फूलवारी व्यवस्थापन, हरियाली निर्माणलगायत पर्छन्।

**अभिभावकको संलग्नता** : यस अन्तर्गत विद्यालयको शैक्षिक तथा व्यवस्थापकीय कार्यका लागि अभिभावकको सहभागिता, सहयोग र सहकार्य जस्ता विषय हेरिन्छ। अघिल्लो वर्ष अभिभावकको सहभागिता के कमा भयो, कुन काममा अभिभावकले बढी चासो लिए, उनीहरूले दिएका सल्लाह सुझावलाई कत्तिको कार्यान्वयन गरियो, बालबालिकाको सिकाइको विषयमा कक्षा शिक्षक र विषय शिक्षकबीच के कस्ता अन्तर्क्रिया भए, प्राथमिक तहका आमा अभिभावकहरूको बैठक कति पटक भए र कस्ता निर्णय भए जस्ता विषय पनि सामाजिक परीक्षणले समेटेको हुनुपर्छ।



## सामाजिक परीक्षण गर्ने चरणहरू

विद्यालयको सामाजिक परीक्षण गर्दा आवश्यक तयारी तथा गृहकार्य गर्नु पर्ने हुन्छ। तयारीपछि गरिएको सामाजिक परीक्षण नै बढी प्रभावकारी हुन्छ। एउटा व्यवस्थित सामाजिक परीक्षणका अभ्यासका लागि निम्नानुसारका चरण क्रमिकरूपमा सम्पन्न गर्नुपर्छ :

**पहिलो चरण– समिति गठन** : यस चरणमा शिक्षा नियमावली- २०५९ को नियम १७१ (क) मा व्यवस्था गरिए अनुसार शिक्षक अभिभावक संघको सक्रियतामा सामाजिक परीक्षण समिति गठन गर्नुपर्छ। यसका लागि शिअसं को बैठक बसेर सामाजिक परीक्षण निर्देशिका- २०६५ को अध्ययन र आवश्यक तयारीबारे छलफल गर्नुपर्छ। त्यस बैठकमा नियमानुसार अभिभावकहरूबाट एक महिला पर्ने गरी २ जना र स्थानीय वुद्धिजीवी तथा शिक्षाप्रेमीबाट १ जना छानेर शिअसं का अध्यक्षलाई समितिको अध्यक्षको जिम्मेवारी दिने निर्णय गर्नुपर्छ। बाँकी सदस्यमा शिक्षककका प्रतिनिधि तोक्न र उच्चतम कक्षामा अध्ययनरत प्रथम विद्यार्थी पठाउन प्रधानाध्यापकलाई अनुरोध गर्ने निर्णय गर्नुपर्छ। त्यसै गरी विद्यालय रहेको वडाका वडा अध्यक्षलाई समाजिक परीक्षण समितिमा रहेको पत्र विद्यालयमार्फत पठाउनु पर्छ।

सामाजिक परीक्षणको कार्यक्रम गर्ने दायित्व सामाजिक परीक्षण समितिको भए पनि प्रधानाध्यापक र विद्यालय व्यवस्थापन समितिले आवश्यक सहयोग गर्नुपर्छ। सामाजिक परीक्षण भदौ मसान्तसम्ममा गरिसक्नु पर्ने भएकाले साउनको पहिलो साताभित्र शिअसं को बैठक बसेर सामाजिक परीक्षण समितिलाई क्रियाशील बनाइसक्नु पर्छ।

**दोस्रो चरण– सामाजिक परीक्षणको तयारी** : तयारीको चरणमा मुख्यतः सामाजिक परीक्षण समितिले सामाजिक परीक्षण निर्देशिकामा गरिएका व्यवस्थाको अध्ययन, आवश्यकता अनुसार विभिन्न उपसमिति निर्माण र परिचालन, कामको बाँडफाँट, भेलामा सहभागी गराउनु पर्ने सरोकारवाला पहिचान जस्ता काम गर्नुपर्छ। जति राम्रोसँग तयारी गर्नसक्यो त्यति नै सामाजिक परीक्षण प्रभावकारी हुन्छ।

तयारीको क्रमलाई अघि बढाउन सामाजिक परीक्षण समितिको बैठक बस्नुपर्छ। समितिले आवश्यकता अनुसार व्यवस्थित सामाजिक परीक्षणका लागि शैक्षिक प्रगति विश्लेषण, भौतिक तथा आर्थिक उपलब्धि विश्लेषण, भेला व्यवस्थापन जस्ता उपसमिति गठन गरे प्रभावकारी हुन्छ। उपसमितिहरू गठन गर्दा थप मानवीय स्रोत चाहिएमा निर्णयमार्फत् व्यक्ति छानेर उनीहरूले गर्नु पर्ने कामबारे पहिले नै जानकारी गराउनु पर्छ।

**प्रतिवेदनको तयारी** : सामाजिक परीक्षण प्रतिवेदनको तयारीका क्रममा सामाजिक परीक्षण समितिले विद्यालयबाट प्राप्त सम्पूर्ण दस्तावेज अध्ययन, अवलोकन गरेर प्रामाणिकताको सुनिश्चितता गर्नुपर्छ। सामाजिक परीक्षण समितिलाई प्रधानाध्यापक र विद्यालय व्यवस्थापन समितिले सम्पूर्ण विवरण उपलब्ध गराउनु पर्छ। प्रधानाध्यापकले मुख्यतः सामाजिक परीक्षण निर्देशिका- २०६५ अनुसार आवश्यक जानकारी तथा तथ्याङ्कहरू, विद्यालय अभिलेख तथा बैठक पुस्तिका, विवरण तथा प्रमाणहरू समितिलाई अनिवार्यरूपमा उपलब्ध गराउनु पर्छ। त्यसका आधारमा भेलामा प्रस्तुत गर्ने प्रतिवेदन बनाइनु पर्छ। यसक्रममा निर्माण गरिएका उपसमितिहरूको भूमिका महत्त्वपूर्ण हुन्छ। यसका साथै विद्यालय सुरक्षा परीक्षण (School Safety Audit) को संक्षिप्त प्रतिवेदन पनि सामाजिक परीक्षण प्रतिवेदनको अनुसूचिमा समावेश गर्नुपर्छ।

**शिक्षा नियमावली– २०५९ ले व्यवस्था गरे अनुरूप विद्यालय सामाजिक परीक्षण समितिको ढाँचा :**

- शिक्षक अभिभावक संघका अध्यक्ष- संयोजक,
- अभिभावकहरूबाट एकजना महिला पर्ने गरी शिअसं ले तोकेका २ जना- सदस्य,
- विद्यालय रहेको क्षेत्रका वडा अध्यक्ष- सदस्य,
- स्थानीय बुद्धिजीवीमध्येबाट शिअसं ले तोकेका १ जना- सदस्य
- विद्यालयको उच्चतम कक्षामा अध्ययनरत प्रथम (छात्र वा छात्रा) १ जना- सदस्य
- प्रधानाध्यापकले शिक्षकहरू मध्येबाट तोकेका १ जना- सदस्य सचिव

**भेलाको तयारी** : भेलाको तयारीको मुख्य काम भनेको भेलाका लागि मिति, समय र स्थानको निर्णय गर्ने र सबै सरोकारवालाको सहभागिता जुटाउन आवश्यक तयारी गर्ने हो। सामाजिक परीक्षण भेलामा सहभागी हुन तयारी समितिले अभिभावक, शिक्षक, विद्यार्थी, स्रोतव्यक्ति, विद्यालय निरीक्षक, विव्यस, शिअसं, आमा समूह, समाजसेवी, बुद्धिजीवी, समुदायका शिक्षाप्रति चासो राख्ने व्यक्ति, नागरिक समाज, संघ संस्थाका प्रतिनिधिलगायत विद्यालयका सम्पूर्ण सरोकारवालालाई आमन्त्रण गर्नुपर्छ। यसका लागि पत्राचार, माइकिङ, पत्रपत्रिका तथा स्थानीय एफ.एम. रेडियोको प्रयोग प्रभावकारी हुन्छ। भेलामा प्रमुख अतिथि तथा अतिथिलगायत सभा सञ्चालनका लागि उद्घोषक र स्वागत मन्तव्य दिने व्यक्ति छान्नुपर्छ। यससँगै सामाजिक परीक्षण प्रतिवेदन प्रस्तुत गर्ने व्यक्तिको नाम र व्यवस्थापकीय प्रगति र शैक्षिक प्रगति विवरण प्रस्तुत गर्न विव्यस अध्यक्ष र प्रधानाध्यापकको नाम पनि कार्यसूचीमा राख्न बिर्सनु हुँदैन।

**तेस्रो चरण–** भेला आयोजना, प्रस्तुतीकरण तथा छलफल : यस चरणलाई नै सामाजिक परीक्षण भन्ने गरिएको छ। यस चरण अन्तर्गत तोकिएको मिति, समय र स्थानमा व्यवस्थितरूपमा सामाजिक परीक्षणको कार्यक्रम गर्ने काम पर्छ।

सामाजिक परीक्षण भेला सञ्चालन गर्दा यसलाई व्यवस्थित गर्न नसक्दा कहिले काँही नकरात्मक परिणाम पनि आउन सक्छ। उपयुक्त विधि नपनाई सामाजिक परीक्षण भेला सञ्चालन गर्दा कतिपय अवस्थामा भिडभाड, होहल्ला, भनाभन भएर व्यक्तिगत आक्षेप लगाउने थलो पनि बन्नसक्छ। यसप्रति चनाखो भई सामाजिक परीक्षणलाई सफल बनाउन पर्याप्त तयारी गरिनु पर्छ। त्यसका लागि भेला सञ्चालन गर्नु अघि नै सबैको सहमतिमा भेलाका लागि सबै सहभागीले पालना गर्नु पर्ने आचार संहिता बनाउनुपर्छ। सहभागीबाट अनुमोदित आचार संहिताले छलफललाई परिधिभन्दा बाहिर जान नदिन र संयमित हुन मद्दत गर्छ।

पूर्व निर्धारित कार्यक्रम अनुसार भेला सञ्चालन गरिनु पर्छ। सभाको सभापतित्व शिक्षक अभिभावक संघका अध्यक्षले गर्ने र सभा सञ्चालन सामाजिक परीक्षण तयारीका क्रममा निर्णय गरेबमोजिमका व्यक्तिबाट गराउनु पर्छ। सुरुसुरुमा व्यवस्थित तरिकाले सामाजिक परीक्षणको अभ्यास नभइरहेको अवस्थामा सामाजिक परीक्षणका लागि सहजीकरण गर्न सक्ने व्यक्तिको पहिचान र निर्णय गरी सहजकर्ताको सहयोग लिँदा राम्रो हुन्छ।

सामाजिक परीक्षण भेलाको कार्यसूची अनुसार प्रतिवेदन प्रस्तुतिपछि उपस्थित सहभागीहरूले प्रश्नोत्तर, जिज्ञासा, टीकाटिप्पणी, विचार तथा सुझाव राख्ने अवसर सुनिश्चित गर्नुपर्छ। सहभागीबाट आएका प्रश्न तथा जिज्ञासाबारे सम्बन्धित अख्तियारवाला व्यक्तिले सबैले प्रष्टसँग बुझ्नेगरी सम्बोधन गर्नुपर्छ र सुझावहरूलाई धन्यवादसहित ग्रहण गर्नुपर्छ। छलफलमा आएका जिज्ञासा र सुझावहरूको टिपोट गर्न एकजनालाई टिपोटकर्ताको जिम्मेवारी दिँदा राम्रो हुन्छ, जसले गर्दा सहभागीका सुझाव समेटेर अन्तिम प्रतिवेदन तयार गर्दा सघाउ पुग्छ। अन्त्यमा भेलाका सभापतिबाट सामाजिक परीक्षण भेलाबाट प्राप्त उपलब्धिका सारसहित सभाको समापन गर्नुपर्छ।

**चौथो चरण** : अन्तिम प्रतिवेदन निर्माण तथा वितरण : यस चरणमा मुख्यतः सामाजिक परीक्षण भेलाबाट प्राप्त सुझावलाई समावेश गरी सामाजिक परीक्षण प्रतिवेदनलाई अन्तिमरूप दिने काम पर्दछ। सामाजिक परीक्षण समितिले भेलामा छलफल भएका सम्पूर्ण बुँदा समेटेर अभिलेख राख्ने र प्रतिवेदन तयार गर्ने काम गर्नुपर्छ। सामाजिक परीक्षण भेलामा भएका छलफल, प्राप्त सुझाव, निर्णय तथा निष्कर्ष र सुधार गरिनु पर्ने विषयहरू प्रतिवेदनमा नछुटाई उल्लेख गर्नुपर्छ। यस काममा सामाजिक परीक्षण भेलामा टिपोटकर्ताले गरेको टिपोट महत्त्वपूर्ण हुन्छ।

सामाजिक परीक्षणको अन्तिम प्रतिवेदन शिक्षक अभिभावक संघको विस्तारित बैठक आयोजना गरेर सार्वजनिक गर्दा प्रभावकारी हुन्छ। विद्यालयले सामाजिक परीक्षण गरिने विषयवस्तुका मुलभूत कुरा समावेश गरेर भित्तेलेखन गर्ने वा बोर्डमा लेखेर सार्वजनिक गर्दा विद्यालयप्रतिको विश्वास बढाउन सहयोग पुग्छ। तयार भएको अन्तिम प्रतिवेदन असोज १५ गतेभित्र सामाजिक परीक्षण समितिले विद्यालय व्यवस्थापन समिति, स्रोतव्यक्ति र विद्यालय निरीक्षकलाई उपलब्ध गराउनु पर्छ। यसबाहेक गाउँ वा नगर शिक्षा समिति, सहयोगी संघसंस्था तथा निकाय र अन्य स्थानीय सरोकारवालालाई सामाजिक परीक्षण प्रतिवेदन उपलब्ध गराउँदा विद्यालयको छविमा सकारात्मक प्रभाव पर्दछ।

**पाँचौं चरण– सामाजिक परीक्षणले औँल्याएका विषयको सम्बोधन** : सामाजिक परीक्षण सम्पन्न भएपछि भेलामा छलफल भएका विषयवस्तु र प्रतिवेदनले औँल्याएका कुरामा सुधार गरिएन भने सामाजिक परीक्षण गरेको सार्थकता हुँदैन। सामाजिक परीक्षण सहभागितामूलक ढङ्गबाट विद्यालयको प्रभावकारिता मापन गर्ने र आवश्यक सुधार गर्नु पर्ने पक्षहरू थाहा पाउने महत्त्वपूर्ण प्रक्रिया भएकाले सुधारको प्रक्रियाई निम्नानुसार अघि बढाउनु पर्छ :

- विद्यालय व्यवस्थापन समिति र शिक्षकको संयुक्त बैठक आयोजना गरेर अन्तिम सामाजिक परीक्षण प्रतिवेदन अध्ययन गर्ने,
- भए गरेका शैक्षिक, व्यवस्थापकीय, भौतिक तथा आर्थिक पक्षका राम्रा कामलाई निरन्तरता दिन र थप प्रभावकारी बनाउन गर्नु पर्ने कामका बारेमा योजना बनाउने र मुख्य जिम्मेवारी तोक्ने,
- सामाजिक परीक्षण प्रतिवेदनले औँल्याएका सुधार गर्नु पर्ने पक्षहरूको विश्लेषण गर्दै त्यस्ता सुधारका लागि गर्नु पर्ने कामहरूको योजना बनाउने र जिम्मेवारी समेत तोक्ने,
- गर्नु पर्ने कामको सूचीमा प्राथमिकता निर्धारण गर्ने, सामाजिक परीक्षण भेलामा उठेका संवेदनशील प्रश्नहरूको तत्काल सम्बोधन गर्ने, बनाइएको योजनाको लक्ष्य तोक्ने र आवश्यक पर्ने लागतको व्यवस्थापन योजना बनाउने,

- बनाइएका योजना कार्यान्वयनको मुख्य जिम्मेवारी तोक्ने । शैक्षिक सुधारको जिम्मेवारी शिक्षकलाई र व्यवस्थापकीय सुधारको जिम्मेवारी विव्यस र प्रधानाध्यापकमध्ये कसैलाई तोक्दा उपयुक्त हुन्छ ।
- विद्यालय सुधार योजना अद्यावधिक गर्दा बनाइएका योजना तथा कार्यक्रमलाई विसुयोमा समावेश गर्ने ।

### राम्रा अभ्यासबाट सिकौं

क) विद्यालयमा सामाजिक परीक्षणको अभ्यासबाट छोटै समयमा भएको परिवर्तनको कथा अध्ययन गरी दिइएका प्रश्नबारे छलफल गर्नुहोस् ।

#### कर्णालेश्वरमा सामाजिक परीक्षण

कैलालीको टीकापुरमा रहेको कर्णालेश्वर प्राथमिक विद्यालयले तेस्रोपटक सामाजिक परीक्षण गऱ्यो । विद्यालयका सरोकारवालाको भेला बोलाएर २०७० साल भदौ २८ गते सामाजिक परीक्षण गरेको हो । त्यसक्रममा शैक्षिक वर्ष २०६९ भरि विद्यालयमा गरिएका शैक्षिक, आर्थिक, भौतिक लगायत सम्पूर्ण कामका बारेमा जानकारी गराइयो । सरोकारवालाहरू (अभिभावक, शिक्षक, विद्यार्थी, विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक संघ, आमा समूह, पत्रकार, समुदायका मानिस, विद्यालयका स्रोतव्यक्ति, त्यसक्षेत्रमा कार्यरत गैरसरकारी संस्थाका प्रतिनिधि) ले सक्रिय सहभागिता जनाए ।

सामाजिक परीक्षण गर्न साउन महिनामा विद्यालयमा शिक्षक अभिभावक संघका अध्यक्ष मणिराम चौलागाईँको नेतृत्वमा सामाजिक परीक्षण समिति गठन गरिएको थियो । समितिको बैठकले उपसमितिहरू गठन गरेर जिम्मेवारी बाँडफाँट गऱ्यो । ती उपसमितिले आ-आफ्नो जिम्मेवारी अनुसारको तयारी गरे ।

सामाजिक परीक्षण गर्ने दिन भदौ २८ गते विद्यालयमा आउन सबै सरोकारवलालाई निमन्त्रणा बाँडियो । यसक्रममा विद्यार्थीद्वारा सूचना पठाएर तथा घरदैलो गरी अभिभावक तथा समुदायमा निमन्त्रणा दिइयो । अन्य सरोकारवालालाई पत्रद्वारा निमन्त्रणा गरियो ।

कार्यक्रममा सामाजिक परीक्षण समितिले विद्यालयको सुधारबारेका जानकारीसहितको प्रतिवेदन प्रस्तुत गऱ्यो । प्रतिवेदनमा विद्यालयमा शिक्षक तथा विद्यार्थीको उपस्थिति बढेको, शिक्षक तथा विद्यार्थी विद्यालय आउँदा सफा सुग्घर भएर समयमै आउने गरेका, विद्यालय सुधार योजना अनुसार काम हुँदै आएको, विद्यालय क्षेत्रका सबै बालबालिका भर्ना भएका, बाल केन्द्रित सिकाइ प्रक्रियाद्वारा पठन पाठन गरेपछि सिकाइ उपलब्धि बढेको जस्ता कुरा उल्लेख थिए ।




प्रतिवेदनमाथि सहभागीबीच छलफल हुँदा विद्यालयले गर्नु पर्ने सुधारहरूका बारेमा सुझावहरू दिइए, जसमा एक-दुई शिक्षकको उपस्थिति विद्यायालमा अझै नियमित नभएकाले नियमित हुनु पर्ने, कक्षामा पूरा समय पढाउनु पर्ने, विद्यार्थीको औसत उपस्थिति थप बढाउन विद्यालयले पहल गर्नु पर्ने लगायत थिए।

सामाजिक परीक्षणका क्रममा भएको छलफलपछि शिक्षकहरूले प्राप्त सुझावलाई मनन गर्दै भएका कमी कमजोरी सुधार गरेर विद्यालयलाई राम्रो बनाउन पहल गर्ने प्रतिबद्धता व्यक्त गरे। त्यसै गरी प्रधानाध्यापक रत्नप्रसाद न्यौपानेले शिक्षक तथा विद्यार्थीको नियमितता बढाउन र विद्यालयले उपलब्ध गराउने शिक्षालाई गुणस्तरीय बनाउन थप काम गर्ने प्रतिबद्धता व्यक्त गर्नुभयो। विद्यालय व्यवस्थापन समितिका अध्यक्ष चन्द्रप्रसाद भण्डारीले छिट्टै व्यवस्थापन समितिको बैठक बसेर सामाजिक परीक्षणमा प्राप्त सुझावबारे छलफल गरी कार्यन्वयन गर्ने प्रतिबद्धता जनाउनुभयो। विद्यालय स्रोत केन्द्रका स्रोत व्यक्ति टीकाराम जोशीले विद्यालयले गरेका सुधार सकारात्मक भएको बताउँदै गुणस्तर बढाउन सुधारात्मक कामलाई निरन्तरता दिई दलित तथा जनजाति समुदायका बालबालिकालाई लक्ष्य गरेर सिकाइ उपलब्धि बढाउन सुझाव दिनुभयो।

सामाजिक परीक्षणले विद्यालयको शैक्षिक, आर्थिक, भौतिक अवस्था सार्वजनिक गरी पारदर्शी भएपछि विद्यालय प्रशासन र व्यवस्थापन समितिलाई सुधारका काम गर्न थप हौसला प्राप्त हुनुका साथै र दबाब पनि परेको छ। यसबाट विद्यालयप्रति समुदाय तथा सरोकारवालाको विश्वास तथा अपनत्व बढेको छ।

१. विद्यालयमा कसरी सामाजिक परीक्षण गरियो ?
२. विद्यालयका राम्रा र सुधार गर्नु पर्ने काम के के देख्नुभयो ?
३. तपाईँको विद्यालयमा पनि सामाजिक परीक्षण गरेर सुधार्नु पर्ने कामबारे छलफल गर्नुहोस् ?

ख) राम्रो उपलब्धि हासिल गरिरहेका केही विद्यालयले अवलम्बन गरेका सामाजिक परीक्षण प्रक्रिया र भएका सुधारबाट आएका परिवर्तन निम्नानुसार छन् । यी सूचकका आधारमा आफ्नो विद्यालयको अवस्था आँकलन र योजनामा समावेश गर्नु पर्ने कुरा निर्क्योल गर्नुहोस् ।

| गरेको काम | आएको परिवर्तन | तपाईँको विद्यालयमा गरेको भए चिन्ह √ लगाउनुहोस् | नगरेको तर गर्न सकिने र गर्नु पर्ने भए चिन्ह √ लगाउनुहोस् |
|---|---|---|---|
| • नियमावलीले तोके अनुसार सामाजिक परीक्षण समिति गठन गरी साउन महिनामा पहिलो तयारी बैठक गरेको,<br>• समितिका सदस्यको नेतृत्वमा उपसमितिहरू निर्माण गरी सामाजिक परीक्षणको तयारी गरेको, आवश्यकता अनुसार विषयविज्ञ तथा जानकारहरूलाई उपसमितिमा राखेर सहयोग लिइएको,<br>• विव्यस र प्रधानाध्यापकले सामाजिक परीक्षणमा पेश गर्ने विषय वस्तुको विवरण तयार गरी समतिलाई बुझाएको,<br>• उपसमितिहरूले जिम्मा पाए अनुसारका काम पूरा गरेपछि सामाजिक परीक्षण समितिको सर्वसहमतिबाट भेलामा प्रस्तुत गर्ने प्रतिवेदन तयार गरिएको,<br>• विद्यालयका सबै सरोकारवालालाई सामाजिक परीक्षण भेलामा सहभागी गराउन निमन्त्रणापत्र, प्रचार प्रसार गर्ने, सार्वजनिकस्थलमा सूचना टाँस्ने र पत्रिका तथा एफ.एम. रेडियोको प्रयोग गरेर निम्तो गरिएको,<br>• सामाजिक परीक्षण भेला सबै सरोकारवालाको सहभागितामा भदौ महिनाभित्रै गरिएको,<br>• प्रतिवेदन प्रस्तुत गरिएपछि प्रश्नोत्तरका लागि समय दिएर टिप्पणी तथा सुझाव सङ्कलन गरिएको, विद्यार्थी, महिला अभिभावक लगायत सबै सरोकारवालालाई छलफलमा सहभागी हुने अवसर सुनिश्चित गरिएको,<br>• सामाजिक परीक्षणका मुख्य विषयवस्तु समावेश गरेर विद्यालय भवनका भित्तामा वा बोर्डमा लेखेर सार्वजनिक गरिएको,<br>• सामाजिक परीक्षणको प्रतिवेदनले दिएका सुझावका आधारमा शैक्षिक, व्यवस्थापकीय, वातावरणीय, भौतिक, आर्थिक तथा सहभागिता लगायतका पक्षमा सुधारका लागि योजना तर्जुमा गरी कार्यान्वन गरिएको,<br>• सामाजिक परीक्षणले औँल्याएका पक्षहरूमा योजना बनाई विसुयो मा समावेश गरिएको,<br>• सामाजिक परीक्षण प्रतिवेदन असोज १५ गतेभित्र स्रोत केन्द्र र अन्य सरोकारवालालाई पठाइएको । | • विद्यालयका कार्यक्रम र गतिविधिबारेमा सरोकारवालामा जानकारी बढेको,<br>• विव्यस ले गरेका महत्त्वपूर्ण निर्णय, स्रोत साधन सङ्कलन र परिचालन पारदर्शी भएको,<br>• विद्यार्थीको सिकाइप्रति शिक्षक र अभिभावक, व्यवस्थापन र वातावरण सुधारमा प्रधानाध्यापक र विव्यस जवाफदेही भएका,<br>• विद्यालयमा गरिने काममा अभिभावक र सरोकारवालाको संलग्नता बढेको,<br>• सामाजिक परीक्षणले औँल्याएको पेश्की रकम असुल भई आर्थिक अनुशासन कायम भएको,<br>• विद्यालयको समग्र प्रभावकारिता बढेर विद्यार्थीको सिकाइ उपलब्धिमा गुणात्मक सुधार आएको,<br>• विभिन्न सहयोगी निकायबाट स्रोत साधन सङ्कलन र सहयोग प्राप्त भएको । | | |

सामाजिक परीक्षणबाट सरोकारवालाहरूबीच विश्वासको भावना सिर्जना गर्न, विद्यालयप्रति अपनत्वको भावना विकास गर्न, सबैको सहभागितामा भविष्यमा राम्रा योजना बनाउन र भएका स्रोतको सही तरिकाले उपयोग र कार्यान्वयन गरी विद्यालयको प्रभावकारिता र यसमा संलग्नहरूको इज्जत बढाउन सकिन्छ ।

# सुरक्षित विद्यालय





विश्व परिवेशमा ठूलो मात्रामा बालबालिका उच्च जोखिममा छन्। नेपालको सन्दर्भमा पनि धेरै बालबालिका जोखिममा पाइन्छन्। नेपालका विद्यालयहरू प्राकृतिक विपत्‌बाट हुनसक्ने जोखिमका दृष्टिले अत्यन्तै संकटासन्न स्थितिमा छन्। पछिल्लो समयमा बनाइएका विद्यालयका भवन लगायतका संरचना पनि जोखिममुक्त छैनन्।

विपत्‌का हिसाबले नेपाल जोखिमयुक्त छ। विद्यालयमा अध्ययनरत देशको कूल जनसंख्याको एक चौथाई बालबालिका र उनीहरूका करिब डेड लाख शिक्षक पनि जोखिममा छन्। जोखिमयुक्त क्षेत्रमा विद्यालय हुनु, विद्यालय बनाउँदा भूकम्प प्रतिरोधात्मक प्रविधि नअपनाइनु, कक्षा कोठामा धेरै विद्यार्थी हुनु, विद्यालयमा पूर्वतयारीका योजना नहुनु, आपत्कालीन परिस्थितिमा स्थानीयस्तरमा खोज तथा उद्धार गर्ने सेवा नहुनु जस्ता कारणले गर्दा बाढी, भूकम्प र पहिरो लगायतका प्रकोपले विद्यालयलाई संकटासन्न बनाएका छन्।

नेपाल भूकम्पका दृष्टिले विश्वकै उच्च जोखिमयुक्त क्षेत्रमा छ। यहाँ प्रत्येक ७५ देखि १०० वर्षको अन्तरालमा मध्यमस्तर (कोटी) को भूकम्प हुने गरेको पाइन्छ। काठमाडौं उपत्यकाका १०० वटा सामुदायिक विद्यालयमा गरिएको भूकम्पीय जोखिमसम्बन्धी सर्वेक्षण अनुसार ५८ प्रतिशत विद्यालयका संरचना निर्माणमा परम्परागत सामग्रीहरू प्रयोग गरिएको छ। साथै, ४० प्रतिशत विद्यालयमा आधुनिक सामग्रीको प्रयोग गरिए पनि भूकम्पीय खतरालाई ध्यान दिएर भौतिक संरचनाहरू नबनाइएकाले सुरक्षित छैनन्।

हाम्रो देशमा सबैतिर उपलब्ध सरकारी निकायका रूपमा विद्यालय रहि आएका छन्। विद्यालयलाई विपत् पूर्वतयारीको एउटा माध्यमका रूपमा जोड्न सकियो भने यसको प्रभावकारिता बढ्न्छ। विपत् तथा विपत्‌पछिको समयमा विद्यालयहरूले महत्त्वपूर्ण भूमिका निर्वाह गर्न सक्छन्। विपत्‌पछि तुरुन्तै विद्यालयमा शैक्षिक गतिविधि सुचारु गर्न सकिएको अवस्थामा समाजलाई विपत्‌को त्रासबाट मुक्त गरेर सामान्य अवस्थातर्फ उन्मुख गराउन सकिन्छ।

विपत्सम्बन्धी आधारभूत जानकारीहरू विद्यालयस्तरीय कार्यक्रम तथा पाठ्यक्रमका माध्यमबाट विद्यार्थीमाझ पुगेमा तिनका घरपरिवार तथा समुदायसम्म पनि पुग्नसक्छ। संसारभरिका राष्ट्रले विपत् जोखिम न्यूनीकरणका लागि तयार गरेको 'ह्योगो कार्ययोजना- २००५' को एउटा महत्त्वपूर्णमा प्राथमिकता ज्ञान, खोज र शिक्षाको उपयोग गरेर सबै तहमा सुरक्षात्मक संस्कृति र विपत् सामना गर्न सक्ने क्षमता अभिवृद्धि गर्ने रहेको छ।

सन् २००७ अक्टोबर ८ देखि १० सम्म बैङ्कमा भएको विद्यालय शिक्षा र विपत् न्यूनीकरणसम्बन्धी एसिया प्रशान्त क्षेत्रीय कार्यशालामा आएका सबै सरोकारवालालाई सम्बोधन गरी निम्न क्षेत्रलाई प्राथमिकतामा राखिएको छ।

- विद्यालय शिक्षामा एकीकृत विपत् जोखिम न्यूनीकरण गर्ने,
- समुदाय उत्थानशीलताका लागि विपत् जोखिम न्यूनीकरण शिक्षाको अभिवृद्धि गर्ने,
- विद्यालयलाई सुरक्षित बनाउने,
- विपत् जोखिम न्यूनीकरणसम्बन्धी बालबालिकाको क्षमता बृद्धि गर्ने।

## विद्यालयका पाठ्य पुस्तकमा विपत्का कुरा

नेपालका विद्यालयस्तरका पाठ्य पुस्तकमा केहीमात्रामा विपत्का कुरालाई समेटिएको छ। केही विषयका पाठ्यक्रममा वातावरण, प्राकृतिक विपत् तथा स्वास्थ्यसँग सम्बन्धित कुराहरू दिइएको छ। यस्ता विषयवस्तु कक्षा ८ र ९ को विज्ञान, कक्षा ४ को मेरो वातावरण र कक्षा ८ को स्वास्थ्य, जनसंख्या तथा वातावरण शिक्षामा समेटिएका छन्। कक्षा ८ को विज्ञानमा ज्वालामुखी र यसका असर, कक्षा ४ को मेरो वातावरणमा प्राकृतिक विपत्को परिचय, असर तथा पूर्वतयारीका उपाय तथा कक्षा ८ को स्वास्थ्य, जनसंख्या तथा वातावरणमा पनि केहीमात्रामा विपत्बारेमा जानकारी दिइएको छ।

निम्न माध्यमिक तहसम्मको सामाजिक शिक्षामा विपत्को कुरा राखिएको छैन। कक्षा ९ को सामाजिक शिक्षामा प्राकृतिक विपत्का तीनवटा विषयवस्तु समेटिएका छन्। विपत्को समयमा स्थानीयको भूमिका, खडेरी तथा भोकमरीको कारण, आँधीवेरीको कारणसँगै मानव सिर्जित विपत्का विषयमा दुईवटा कुरा राखिएका छन्। कक्षा १० को सामाजिक शिक्षामा विजुलीसँग हेलचेक्र्याइँ गर्दाको असर र विकासका गतिविधिले वातावरणमा पर्ने असरबारे जानकारी दिँदै प्राकृतिक विपत्को एउटा विषयमा बसाइँ सराइको कारणका रूपमा ज्वालामुखी, बाढी पहिरोलाई मानिएको छ।

त्यसै गरी कक्षा १ र २ को विज्ञानमा हावाहुरीको कारण र बिजुलीसँगको हेलचेक्र्याइँको असरलाई समेटिएको छ। कक्षा ६ मा आगलागी, कक्षा ८ मा वायु प्रदूषण र यसको असर, कक्षा ९ मा बाढी, पहिरो, भूकम्पजस्ता विपत्का कारण र असर समावेश गरिएको छ।

कक्षा ६ को स्वास्थ्य, जनसंख्या तथा वातावरण विषयको पाठ्य पुस्तकमा बाढी, पहिरो, भूक्षय र कक्षा ७ र ८ मा भूकम्प, आँधीबेरी, बाढी, पहिरो, भूक्षय जस्ता प्राकृतिक विपत् समावेश गरिएको छ। त्यसै गरी, कक्षा ८ मा मानव सिर्जित विपत् र वातावरण विनाशले पार्न सक्ने क्षतिका साथै यसका असरका रूपमा बाढी, पहिरो, भूक्षयलाई राखिएको छ। कक्षा ९ मा भूकम्प र ज्वालामुखीलाई समेटेर प्राकृतिक विपत्को पाठ राखिएको छ।

नेपाली विषयमा पनि विपत्का कुरा राखिएको छ। कक्षा ५ मा पहिरोका कारण, कक्षा ६ मा खडेरीका असर र वातावरण प्रदूषण, कक्षा ९ मा वनजंगल विनासको असरका रूपमा बाढी, पहिरो, अतिवर्षा, मरुभूमिकरण, भूक्षयजस्ता विषयवस्तु समेटिएको छ।

## विद्यालय सुरक्षाको अवधारणा

जापानका शिक्षाविद् डा. दाइसाकु इकेदा (Dr. Daisaku Ikeda) ले प्रतिपादन गर्नुभएको "Learn, Reflect, Empower" सूत्रले दिगो विकासका लागि शिक्षालाई प्राथमिकता दिएको पाइन्छ। यो अवधारणा विद्यालयस्तरीय विपत् न्यूनीकरणमा पनि उपयुक्त हुन्छ।

१. सिकौँ (Learn) : विद्यार्थीले विपत्सम्बन्धी ज्ञान तथा जानकारीलाई राम्रोसँग बुझ्नेछन्।
२. प्रतिविम्बित (Reflect) : आफूले सिकेको ज्ञानलाई विद्यार्थीले समाज र घरपरिवारसँग बाँड्ने छन्।
३. सशक्तीकरण (Empower) : विद्यार्थीले विपत् न्यूनीकरणका लागि उपयुक्त कदम चाल्ने गर्छन्। कक्षा कोठा तथा विद्यालयमा गराइने विपत् न्यूनीकरणका अभ्यासका आधारमा उनीहरूले स-साना प्रयास गरेको पाइन्छ।

यस अवधारणा अनुसार विद्यार्थी, शिक्षक तथा विद्यालय व्यवस्थापनले विद्यालयस्तरीय विपत् व्यवस्थापन योजना बनाउने गर्छन्। यस प्रक्रिया अन्तर्गत उनीहरूले विद्यालयमा भएका संरचनाहरूको कमजोरी पत्ता लगाउने गर्छन्, जसका कारण विपत् न्यूनीकरणमा सहयोग पुग्छ। शिक्षकहरूलाई सबैजसो क्रियाकलापमा संलग्न गराउनु जरुरी छ। विद्यालय सुरक्षा अवधारणामा विद्यार्थीलाई विद्यालयभित्र हुने विपत्हरू पत्ता लगाउने तालिम दिइन्छ। त्यस्तै घरवरपर भएका प्रकोप जोखिमहरू पत्ता लगाउन गृहकार्य गराउनुका साथै विद्यालयभित्र तथा बाहिरका सङ्कटासन्नता पनि पत्ता लगाइन्छ। विपत् न्यूनीकरणका उपाय विद्यार्थीले साथीभाइका साथै घरपरिवारका सदस्यसँग पनि आदान प्रदान गर्ने गर्छन्।

## सुरक्षित विद्यालय कसरी निर्माण गर्ने ?

विद्यालय सुरक्षाको प्रमुख उद्देश्य जोखिम न्यूनीकरण गर्नु हो। यस अन्तर्गत विद्यालयस्तरीय जोखिम अल्पीकरण, पूर्वतयारीका क्रियाकलाप र विपत् व्यवस्थापन योजनाको निर्माण पर्छन्। त्यसपछि निम्नानुसारका चरण (steps) का आधारमा समुदायमा आधारित विपत् व्यवस्थापनको अवधारणा तयार गरिन्छ।

१. विद्यार्थी, शिक्षक, विद्यालय व्यवस्थापन समिति, अभिभावक आदि विद्यालयका सरोकारवालाहरूमा विपत्सम्बन्धी ज्ञान बढाउने,
२. शिक्षक तथा विद्यार्थीका प्रतिनिधिलाई निम्न कार्यमा सहजीकरण गर्ने :
   - विद्यालयवरपरका विपत्, संकटासन्नता पत्ता लगाउने र सूचीकृत गर्ने,
   - विद्यालयमा भएका संरचनाहरूको संकटासन्नता पत्ता लगाउने,
   - संकटासन्नता न्यून गर्ने उपायहरू पत्ता लगाउने,
   - विभिन्न सरोकारवालाको जिम्मेवारी पत्ता लगाउने,
३. शिक्षक, विद्यार्थी तथा अभिभावकलाई प्राथमिक उपचारका साथै सुरक्षित स्थानान्तरणको योजना बनाउन, खोज तथा उद्धार गर्न, पूर्वसूचना प्रणालीलाई व्यवस्थित गर्न, आगलागी नियन्त्रण तथा

विद्यालय विपत् व्यवस्थापन योजना बनाउने क्षमता अभिवृद्धि गर्ने,

४. आपत्कालीन व्यवस्थापनका लागि आवश्यक व्यक्ति तथा संघ संस्थाहरूको सम्पर्क-नम्बर टिपेर राख्ने,

५. विद्यार्थीले उद्धार, स्थानान्तरण, आगलागी नियन्त्रण, प्राथमिक उपचारका क्षेत्रमा प्राप्त गरेका ज्ञान तथा सिपलाई अभ्यास गर्न आपत्कालीन अवतरणको नमुना अभ्यास गर्ने,

६. दिगोरूपमा जोखिम न्यूनीकरणका लागि बाल क्लबका क्रियाकलाप, सह-सिकाइ तथा अतिरिक्त क्रियाकलाप र सूचना सामग्रीमार्फत प्रबर्द्धन गर्ने,

७. विद्यालय सुरक्षा योजनाले निम्न विषयवस्तुलाई सम्बोधन गर्नुपर्छ :
   - विपत्को समयमा विद्यार्थीको मानसिक तथा सामाजिक सहयोग,
   - अपाङ्गता भएका विद्यार्थीको क्षमता तथा आवश्यकता,
   - आपत्कालीन अवस्थामा पनि शिक्षाको निरन्तरता।

विद्यालय सुरक्षाको तयारीका क्रममा विपत् व्यवस्थापनका विभिन्न चरण, विपत्पूर्वको समय, विपत्को समय र विपत्पछिको समयलाई ध्यान दिनु आवश्यक छ। विपत् अल्पीकरणका आवश्यक कदम विपत्पूर्व नै तयार गरिसक्नु पर्छ। चेतनामूलक कार्यक्रम, नमुना अभ्यास तथा तालिम तथा आवश्यक सामग्रीको जोहो गर्नुपर्छ। विपत्को समयमा विद्यार्थीको उद्धारमा ध्यान दिनु जरुरी छ। त्यस्तै विपत्पछिको समयमा विद्यार्थीको सुरक्षा तथा हेरचाह गरी उनीहरूलाई सुरक्षितरूपमा घरसम्म पठाउने व्यवस्था गनुपर्छ।

८. शिक्षक, विद्यार्थी, विद्यालय व्यवस्थापन समिति तथा शिक्षक अभिभावक संघ र अभिभावकको सहभागितामा निर्माण गरिएको विपत् व्यवस्थापन योजनालाई अनिवार्यरूपमा विद्यालय सुधार योजनाको अनुसूचीमा राख्नुपर्छ। यसो गर्दा हरेक वर्ष विद्यालय सुधार योजना अद्यावधिक गर्दा विपत् व्यवस्थापन योजना पनि अध्यावधिक गर्नमा ध्यान पुग्छ।

## विद्यालय सुरक्षाका लागि विद्यालयले वार्षिकरूपमा गर्नु पर्ने क्रियाकलाप

१. **विद्यालय विपत् व्यवस्थापन योजनाको पुनरावलोकन तथा अद्यावधिक** : विद्यालयले हरेक वर्ष विद्यालय विपत् व्यवस्थापन योजना पुनरावलोकन गरी अद्यावधिक गर्नुपर्छ। यदि यसभन्दा पहिले विपत् व्यवस्थापन योजना निर्माण नगरिएको भए निम्न लिखित विषयवस्तु समावेश गरी योजना निर्माण गर्नुपर्छ :

- विद्यालयको आधारभूत जानकारी, सम्पर्क ठेगाना तथा फोन नम्बर सहित,
- विद्यालय व्यवस्थापन समितिका सदस्यको नाम तथा सम्पर्क नम्बर,
- प्रत्येक कक्षामा रहेका विद्यार्थी (छात्र, छात्रा) को छुट्टा छुट्टै संख्या, अपाङ्गत भएका विद्यार्थीको संख्या, अपाङ्गताका प्रकार, शिक्षकको संख्या आदि,
- योजनाको उद्देश्य, योजना तयार गर्दा अपनाइएको विधि, विद्यालय व्यवस्थापनका विभिन्न चरण,
- विद्यालयलाई असर गर्नसक्ने विपत्को विवरण तथा न्यूनीकरणका उपाय,
- पूर्वतयारीको योजना, जसमा विद्यालयबाहिरका स्रोत साधन, स्रोत नक्सा, अवतरणको योजना तथा नक्सा, उपलब्ध स्रोत साधन, चेतनामूलक सामग्री, क्षमता अभिवृद्धिको विस्तृत योजना।

**विद्यालय विपत् व्यवस्थापन योजनाको पुनरावलोकन तथा अद्यावधिक गर्ने**

**विद्यालयका संरचनात्मक तथा गैर संरचनात्मक सुरक्षा परीक्षण (Safety Audit) गर्ने**

**विपत् सुरक्षा सामग्रीको अवस्था अध्ययन तथा मर्मत गर्ने**

**कार्यदल तथा उपसमितिको पुनर्ताजगी तालिम र नमुना अभ्यास गर्ने**

**आकस्मिक कोष अद्यावधिक र कोष बृद्धि योजना बनाउने**

वार्षिकरूपमा संकटासन्नता तथा जोखिमको अवस्था विश्लेषणले विद्यालयले जोखिम न्यूनीकरणका लागि गरेको प्रगतिको अवस्था पत्ता लाग्छ। यसबाट थप पूर्वतयारीका लागि क्रियाकलापहरूको योजना गर्न सजिलो हुन्छ। पुनरावलोकनका बेला विद्यालय तथा विद्यालयनजिक रहेका स्रोतको सूचीकरण गर्नु आवश्यक हुन्छ। यसबाट आपत्को बेलामा छिटो स्रोत परिचालनमा मद्दत पुग्छ। विद्यालय तथा त्यसवरपरका क्षेत्रमा उपलब्ध दमकल, अस्पताल, प्रहरी चौकी तथा रेडक्रस जस्ता विद्यालयबाहिर रहेका स्रोत, साधन तथा सुविधा विद्यालयबाट नजिक तथा टाढा हुनसक्छन् । यी सुविधाको उपयोगिता यिनीहरूको विद्यालयसँगको दूरीले पनि निर्धारण गर्दछ। त्यसै गरी विद्यालयमा रहेका सुविधामा स्थानान्तरण क्षेत्र, विपत् न्यूनीकरणका लागि आवश्यक सरसामान, दक्ष जनशक्ति तथा चेतनामूलक सामग्रीहरू पर्छन् ।

विद्यालयवरपर रहेका उपलब्ध सुविधाहरूको दूरीलाई आधार मानेर विद्यालयमा सुविधा नक्सा तयार गर्न सकिन्छ। यसरी तयार गरिएको नक्साले विद्यालयवरपर उपलब्ध प्रहरी चौकी, दमकल, अस्पताल आदिको स्थानलाई देखाउँछ। त्यस्ता नक्सालाई विद्यालयको भित्तामा सबैले देख्ने गरी राख्नुपर्छ। अद्यावधिक गरिएको विपत् व्यवस्थापन योजनालाई विद्यालय सुधार योजनामा समाहित गरेर पूर्ण योजनालाई अनुसूचीमा राख्नुपर्छ।

२. **विद्यालयका संरचनात्मक तथा गैर संरचनात्मक सुरक्षा परीक्षण (Safety Audit)** : विपत्बाट हुने असर सामना गर्न सक्ने विद्यालय निर्माण गर्न वार्षिकरूपमा गर्नु पर्ने अर्को महत्त्वपूर्ण काम सुरक्षा परीक्षण हो। संरचनात्मक वस्तुहरूमा भवनको भार थेग्ने बिम, स्ल्याब, पर्खालहरू पर्छन् भने गैर संरचनामा झ्याल, ढोका, भऱ्याङ लगायत अन्य फर्निचर जस्ता वस्तु पर्छन् । यी संरचनात्मक र गैर संरचनात्मक वस्तुको अवस्था कस्तो छ ? के गर्दा विपत्को जोखिमलाई घटाउन सकिन्छ भन्ने जस्ता कुरामा विद्यालय विपत् व्यवस्थापन समितिले एउटा टोली बनाएर आवश्यक पर्दा प्राविधिकको समेत सहयोग लिई सुरक्षा परीक्षण गर्नुपर्छ।

सुरक्षा परीक्षण गर्दा विद्यालयमा सबैभन्दा बढी संकटासन्न अवस्थामा रहने साना बालबालिका र अपाङ्गता भएका बालबालिका तथा शिक्षकको आवश्यकतालाई ध्यान दिनुपर्छ। सुरक्षा परीक्षणको प्रतिवेदनका

आधारमा आवश्यक जोखिम न्यूनीकरणका क्रियाकलाप विद्यालय सुधार योजना र विद्यालय विपत् व्यवस्थापन योजनामा समावेश गर्नुपर्छ। सुरक्षा परीक्षणको संक्षिप्त प्रतिवेदन सामाजिक परीक्षण प्रतिवेदनमा समावेश गरी सबै सरोकारवालालाई जानकारी गराउनु पर्छ।

**सुरक्षित विद्यालयका १० सूचक**

१. सुरक्षित स्थानमा बनेको विद्यालय,
२. भवन निर्माण आचार संहिता पालन गरी बनेको विद्यालय,
३. बाल तथा अपाङ्गतामैत्री भौतिक संरचना भएको विद्यालय,
४. विपत् जोखिम व्यवस्थापन समिति र सिपयुक्त जनशक्ति भएको विद्यालय,
५. विपत् पूर्वतयारी र प्रतिकार्य योजना भएको विद्यालय,
६. आकस्मिक कोष र प्राथमिक उपचार तथा खोज तथा उद्धारका सामग्री भएको विद्यालय,
७. पूर्वसूचना प्रणालीको पहिचान र प्रयोग भएको विद्यालय,
८. सुरक्षित स्थानको पहिचानसहित नियमित नमुना अभ्यास हुनेगरेको विद्यालय,
९. आकस्मिक अवस्थामा तत्काल पठन पाठनको व्यवस्था गर्नसक्ने योजना भएको विद्यालय,
१०. पाठ्यक्रममा जोखिम न्यूनीकरणका विषयवस्तु समावेश भएको विद्यालय।

३. **विपत् सुरक्षा सामग्रीको अवस्था अध्ययन तथा मर्मत** : विपत् आइपर्दा खोजी तथा उद्धार गर्न, प्राथमिक उपचार गर्न, सुरक्षित ठाउँमा स्थानान्तरण गर्न र घाइतेको ओसारपसार गर्न स्ट्रेचर, माइक, डोरी, प्राथमिक उपचारका सामग्री, लाइफ ज्याकेट, हेल्मेट, सिठ्ठी, त्रिपाल जस्ता विपत् सुरक्षा सामग्रीको आवश्यकता पर्दछ। यी सामग्रीको जोहो सामान्य अवस्थामा गरिराखेमा विपत्का बेला सजिलै प्रयोगमा ल्याउन सकिन्छ। प्रकोपको प्रकारका आधारमा यी सामग्रीको आवश्यकता निर्धारण हुनेहुँदा आफ्नो विद्यालय समुदायमा आइपर्न सक्ने विपत्लाई ध्यान दिई सुरक्षा सामग्रीको व्यवस्था गर्नुपर्छ। व्यवस्था गरिएका सामग्री सजिलै पहुँच हुनसक्ने अवस्थामा राख्नु आवश्यक हुन्छ। वार्षिकरूपमा यी सुरक्षा सामग्रीको अवस्था अध्ययन र आवश्यक मर्मत गर्नुपर्छ। यो काम पनि सुरक्षा परीक्षण (Safety Audit) को समयमा गर्दा राम्रो हुन्छ।

४. **कार्यदल तथा उपसमितिको पुनर्ताजगी तालिम र नमुना अभ्यास** : विद्यालय विपत् व्यवस्थापन समिति अन्तर्गत आवश्यकता अनुसार प्राथमिक उपचार, खोज तथा उद्धार, पूर्व सूचना, आकस्मिक कोष परिचालन जस्ता कार्यदल तथा उपसमिति निर्माण गरिएका हुन्छन्। कार्यदलहरूमा रहेका सदस्यको ज्ञान र सिप बढाउन वार्षिकरूपमा पुनर्ताजगी तालिमको व्यवस्था गर्नुपर्छ। यस्ता तालिम विद्यालय तथा समुदायमा रहेका तालिम प्राप्त व्यक्तिहरूबाट सजिलै सञ्चालन गर्न सकिन्छ। यस्ता तालिमले आपत्कालीन अवस्थाको सामना गर्ने क्षमता विकास हुन्छ र विपत्को अवस्थामा समन्वयात्मक प्रतिकार्य सम्भव हुन्छ।

पुनर्ताजगी तालिमका साथै वार्षिकरूपमा आपत्कालीन अवस्थालाई सामना गर्न कृत्रिम नमुना अभ्यासहरू सञ्चालन गर्नुपर्छ। यी नमुना अभ्यास विद्यालयमा आइपर्न सक्ने मुख्य विपत्लाई ध्यानमा राखेर गरिन्छ। उदाहरणका लागि बाढीजन्य प्रकोपको बढी सम्भावना भएका विद्यालयले बाढी आउँदा विभिन्न

कार्यदलले कसरी काम गर्ने भन्नेबारे नमुना अभ्यास गर्नु आवश्यक हुन्छ। विद्यालयले आवश्यकता अनुसार एकभन्दा बढी प्रकोपको प्रभाव कम गर्ने तयारीका लागि नमुना अभ्यास गर्न सक्छन्।

**५. आकस्मिक कोष अद्यावधिक र कोषवृद्धि योजना** : विपत्को अवस्थालाई सामना गर्न आकस्मिक कोषको पनि आवश्यकता पर्छ। विद्यालयले आकस्मिक कोष सङ्कलन र सञ्चालनलाई व्यवस्थित गर्न एउटा संक्षिप्त निर्देशिका तयार गर्नु उपयुक्त हुन्छ। कोषको व्यवस्थापनका लागि हरेक वर्ष कोष अद्यावधिक गर्ने र कोषवृद्धि योजना बनाएर लागू गर्नुपर्छ। यो काम विभिन्न कार्यदल पुनर्गठन तथा पुनर्ताजगीका वखत गर्दा एकीकृत योजनामा सहयोग पुग्छ।

### राम्रा अभ्यासबाट सिकौं

क) विद्यालयमा गरिएको विपत् जोखिम न्यूनीकरणको प्रयासपछि छोटै समयमा भएको परिवर्तनको कथा अध्ययन गरेर दिइएका प्रश्नबारे छलफल गर्नुहोस्।

#### जोखिम न्यूनीकरणको पहल

विद्यालय भवन कमजोर थिए। खेल मैदान सानो थियो तर त्यसैको बीचबाट गाउँको ब्यस्त सडक थियो। विद्यार्थीलाई दुर्घटनाबाट बचाउन शिक्षकहरूले सधैँ पहरा दिनु पर्ने बाध्यता थियो। २०६८ सालमा हुरी बतासले विद्यालयको छानो उडायो। साँझको समय, विद्यालय बन्द भएको बेला हुनाले मानवीय क्षति भने भएन तर केही समयसम्म पढाइमा समस्या पऱ्यो।

कैलाली जिल्लाको दुर्गौली, बेलासपुरमा सञ्चालित कालिका प्राथमिक विद्यालयका प्रधानाध्यापक कमानसिंह धामीले वर्णन गर्नुभएको आफ्नो विद्यालयको दुई वर्ष अघिको अवस्था हो यो। गुणस्तरीय शिक्षा कार्यक्रम लागू भएपछि आज त्यस विद्यालयको संरचनामा ठूलो परिवर्तन आएको छ। उडाएको छाना मर्मत भइसकेको छ। विद्यालयको हाताभित्र रहेको ब्यस्त सडकलाई १५० मिटर पर सारिएको छ। विद्यालयवरिपरि पक्की पर्खाल बनेको छ। अब विद्यालयमा अध्ययनरत बालबालिका पहिले जस्तो जोखिममा छैनन्।

परिवर्तनको कारण प्रधानाध्यापक धामीले यसरी सुनाउनुभयो- कुनै पनि काममा सफलता पाउन पहिलो कुरा त सूचना र स्पष्ट योजना हुनु पर्दोरहेछ। सबैभन्दा पहिले गुणस्तरीय शिक्षा परियोजनाले विद्यालयमा आधारित विपद् जोखिम न्यूनीकरण सम्बन्धमा २ दिने तालिम दियो। यस विद्यालयका शिक्षक, विद्यार्थी, अभिभावक, विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक समितिका गरी ३५ जनाले त्यो तालिम लियौँ।

उहाँले तालिममा विपद्बारे धेरै कुरा जानकारी पाएको, तालिमकै क्रममा विद्यालय हाताभित्र र बाहिरका संकटासन्नताबीचको अन्तर खुट्याएर कार्ययोजनासमेत बनाएको जानकारी दिनुभयो। त्यो कार्ययोजनामा



स्पष्टरूपमा के के गर्ने, स्रोत कहाँबाट सङ्कलन गर्ने भन्ने समेत रहेको छ। त्यही कार्ययोजनाका आधारमा पहिलो काम विद्यालय हाताभित्रको बाटो बन्द गरेर अलि परबाट लगिएको रहेछ।

प्रधानाध्यापक कमानसिंह धामीका अनुसार बाटो सार्ने काम त्यति सजिलो थिएन। धेरै पहिलेदेखि प्रयोग भइरहेको हुनाले तुरुन्त बन्द गरेर अन्त सार्न गाह्रै पर्‍यो। समुदायमा निरन्तर छलफल गरेपछि बाटो विद्यालय हाताभन्दा बाहिरबाट सञ्चालन गर्न सफलता मिल्यो।

प्रधानाध्यापक धामी भन्नुहुन्छ- त्यतिले मात्र विद्यालय सुरक्षित नहुने हुँदा घेरबारका लागि स्रोत खोज्नु थियो। विभिन्न संघ-संस्थासँग सहयोग माग्यौँ। अन्त्यमा जिल्ला शिक्षा कार्यालयबाट बजेट आयो र पर्खाला लगाइयो।

उहाँले त्यसैमा सुरक्षित कक्षा कोठा बनाउने योजना पनि रहेकोमा लगातार ती संरचनाका लागि आर्थिक सहयोग जुटाउन प्रयास गरेको जानाकरी दिनुभयो। उहाँका अनुसार फाया नेपालले सञ्चालन गरेको गुणस्तरीय शिक्षा परियोजनाको सहयोगमा यतिबेला भवन बनेको छ।
उहाँ भन्नुहुन्छ- स्पष्ट योजना र निरन्तर प्रयासले सफलता प्राप्त भएको हो।

१. विद्यालय सुरक्षा भनेको के हो ?
२. विद्यालय सुरक्षा भित्र के के पर्छन् ?
३. विद्यालयलाई किन सुरक्षित राख्नु पर्छ ?

ख) राम्रो उपलब्धि हासिल गरिरहेका केही विद्यालयले विद्यालयमा विपत् जोखिम न्यूनीकरण गर्न अवलम्बन गरेका प्रक्रिया र त्यसबाट भएका सुधारबाट आएका परिवर्तन निम्नानुसार छन् । यी सूचकहरूका आधारमा आफ्नो विद्यालयको अवस्था आँकलन र योजनामा समावेश गर्नु पर्ने कुरा निर्क्योल गर्नुहोस् ।

| गरेको काम | आएको परिवर्तन | तपाईंको विद्यालयमा गरेको भए चिन्ह √ लगाउनुहोस् | नगरेको तर गर्न सकिने र गर्नु पर्ने भए चिन्ह √ लगाउनुहोस् |
|---|---|---|---|
| • विद्यालयमा मुख्य सरोकारवालाहरू (विद्यार्थी, शिक्षक, अभिभावक) को सहभागितामा संकटासन्नता तथा जोखिम विश्लेषण गरेको,<br>• विपत् जोखिमका बारेमा विद्यालयका मुख्य सरोकारवालाहरूको क्षमता विकासका लागि तालिम, अभिमुखीकरण गर्ने गरेको,<br>• विपत् जोखिम न्यूनीकरण गर्न योजना तयार गरी कार्यान्वयनका साथै योजनालाई हरेक वर्ष अद्यावधिक गर्ने गरेको,<br>• विद्यालयमा विपत् आउँदाको अवस्थाको पूर्व तयारीका लागि उद्धार तथा सुरक्षा सामग्री (लाइफ ज्याकेट, स्ट्रेचर, डोरी आदि) को व्यवस्थापन गरेको,<br>• विद्यालयमा अप्ठ्यारो समयमा सहयोग गर्न आकस्मिक कोष खडा गरेर प्रयोगमा ल्याइएको,<br>• प्राथमिक उपचारसम्बन्धी आधारभूत तालिम प्राप्त शिक्षक र विद्यार्थी संलग्न प्राथमिक उपचार कार्यदल बनाएर काम भइरहेको,<br>• विद्यालयमा खोज तथा उद्धार तालिम र हरेक वर्ष सम्भावित प्रकोपको अवस्था हेरी भूकम्प, बाढी, आगलागी जस्ता विपत् सामना गर्न नमूना अभ्यास हुने गरेको,<br>• बाल क्लबका गतिविधिमार्फत् समुदायमा विपत्बाट सुरक्षित हुने उपायबारे जानकारी गराउने गरेको,<br>• विद्यालय सुधार योजनामा विपत् जोखिम व्यवस्थापन योजना समावेश गरिएको,<br>• विद्यालय संरचना निर्माण गर्दा भवन संहिता पालना गर्ने गरिएको,<br>• हरेक वर्ष सुरक्षा परीक्षण (safty audit) गरी जोखिम न्यूनीकरण योजना कार्यान्वयको अनुगमन हुने गरेको । | • विद्यालयका सरोकारवालाहरूमा विपत्को समयमा जोगिने र विपत् जोखिम न्यूनीकरणका उपायबारे ज्ञान तथा सिप बढेको,<br>• विद्यालयमा रहेका जोखिमहरू पत्ता लगाई त्यसको व्यवस्थापन भई बालबालिका र शिक्षकहरू सुरक्षित रहेका,<br>• जोखिम न्यूनीकरणका लागि भवन लगायतका संरचनाको समयमै मर्मत भएको र नदी किनारका विद्यालयनजिक तटबन्ध, वृक्षरोपण जस्ता काममा विद्यालयका सरोकारवालाहरू सक्रिय भएका,<br>• तालिम प्राप्त प्राथमिक उपचार टोलीबाट शिक्षक, विद्यार्थी लाभान्वित भएका,<br>• संरचनागत र गैर संरचनागत जोखिम न्यूनीकरण भएको,<br>• विपत्को सयममा सुरक्षा सामग्री प्रयोग गरी खोज तथा उद्धार गरिनुका साथै आपत्कालीन अवस्थामा प्रभावित व्यक्तिहरूलाई विद्यालय समुदायले सहयोग गरेको,<br>• विद्यालय समुदायमा विपत्को सामना गर्न सक्ने ज्ञान, सिप र क्षमता विकास भएको । | | |

विद्यालयको सुरक्षा समुदाय तथा विद्यालयको एउटा मुख्य सरोकारको विषय हो । प्राकृतिक प्रकोप र मानवीय कमजोरीबाट आइपर्ने विपत्को असरलाई विद्यालयको योजनावद्ध क्रियाशीलताद्वारा कम गर्न सकिन्छ । समुदायलाई सचेत गर्न विद्यालय तथा विद्यार्थी महत्त्वपूर्ण माध्यम बन्न सक्छन् । विद्यालयलाई सुरक्षित बनाउन विद्यालयको शिक्षा र गतिविधिहरू महत्त्वपूर्ण हुन्छन् । आफ्नो परिवेशको जोखिम विश्लेषणका आधारमा विद्यालय गतिविधि सञ्चालन गर्दा सुरक्षित विद्यालय निर्माण गर्न सकिन्छ ।

actionaid

ISBN 9937842972


**राष्ट्रिय कार्यालय**
अप्सरा मार्ग, लाजिम्पाट, वार्ड नं. ३
पो.व.नं.: ६२५७, काठमाडौं, नेपाल
फोन: +९७७ १ ४००२१७७
फ्याक्स: +९७७ १ ४००२११८
इमेल: mail.nepal@actionaid.org
वेब: www.actionaid.org/nepal

**पूर्वाञ्चल स्रोत केन्द्र**
पाञ्चाली, वार्ड नं.: १६
फोन: +९७७ ०२१ ४७०५७५, ४७१६३७
फ्याक्स: +९७७ ०२१ ४७२६३५
इमेल: infoerc.nepal@actionaid.org

**पश्चिमाञ्चल स्रोत केन्द्र**
वेलासपुर, सञ्चयकोष मार्ग
वार्ड नं.: १६, नेपालगञ्ज, बाँके
फोन: +९७७ ०८१ ५२६२९८, ५२४२४५
फ्याक्स: +९७७ ०८१ ५२२५३६
इमेल: infowrc.nepal@actionaid.org